# स्मृतिका पानाहरूमा


# वरिष्ठ मूर्तिकार राजकुमार शाक्य



Sacred Gallery

स्याक्रेड ग्यालरी

# वरिष्ठ मूर्तिकार राजकुमार शाक्यका केही कृतिहरू



*७२ फिट उचाईको स्वयम्भु-World Expo 2000, जर्मनी*




*३५ फिट उचाईको स्तुपा- कपन गुम्बा*



*१६ इन्चको स्वर्ण मञ्जुश्री बोधिसत्व*



*१२ फिट उचाईको स्वेत भैरब*



स्मृतिका पानाहरूमा

# वरिष्ठ मूर्तिकार राजकुमार शाक्य

**Sacred Gallery**

स्याक्रेड ग्यालरी




| | | |
|---|---|---|
| कृति | : | स्मृतिका पानाहरूमा<br>वरिष्ठ मूर्तिकार राजकुमार शाक्य |
| प्रकाशक | : | स्याक्रेड ग्यालरी<br>इमाडोल, ललितपुर<br>सम्पर्क नं ९८४३५९०५३४, ९८४१४६५७५२<br>Email : sacredgallery2016@gmail.com |
| © सर्वाधिकार | : | प्रकाशकमा निहित |
| सम्पादक | : | उप-प्रा. नानी हेरा शाक्य |
| प्रकाशन मिति | : | ने.सं. ११४१ दिल्लाथ्वः, २०७८ श्रावण, July 2021 |
| प्रकाशित प्रति | : | ५०० |
| आवरण/कम्प्युटरः | | (क्यू ग्राफिक्स) फोनः ९८४९२८८९६६ |
| मुद्रण | : | मञ्जुश्री प्रिण्टिङ्ग प्रेस, ललितपुर, ९८५१०९६०४५ |
| मूल्य | : | निःशुल्क |


यो किताबको PDF version चाहिएमा www.culturenepal.com बाट डाउनलोड गर्न सक्नु हुनेछ ।

# समर्पण

## स्व. राजकुमार शाक्य



**जन्म : वि.सं. २०२३ भाद्र ११ गते**
**निधन : वि.सं. २०७८ जेष्ठ २२ गते**

*ॐ नमो भगवते सर्व दुर्गीति परिशोधन राजाय*
*तथागतायाऽहर्ते सम्यकसम्बुद्धाय ॥ तद्यथा ॥*
*ॐ शोधने शोधने विशोधने विशोधने सर्व पाप*
*विशोधने सर्व पाय विशोधने शुद्धे विशुद्धे*
*सर्वकर्मावरण विशोधने स्वाहा ।*

प्रधानमन्त्री

काठमाडौं, नेपाल

श्रीमती उर्मिला शाक्य तथा परिवार,

ललितपुर महानगरपालिका ६, थैना ।

विषयः समवेदना सन्देश ।

तपाईंका जीवनसाथी एवं प्रशिद्ध हस्तशिल्पी कलाकार श्री राजकुमार शाक्यको यही २०७८ जेठ २२ गते ५५ वर्षको उमेरमा निधन भएको खबरले मलाई अत्यन्त दुःखित तुल्याएको छ । यस दुःखद् घडीमा दिवंगत श्री राजकुमार शाक्यप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । पति वियोगमा पर्नु भएकी तपाईं, पारिवारिक वियोगले मर्माहत तपाईंको परिवार र आफन्तजनप्रति म गहिरो समवेदना व्यक्त गर्दछु ।

परम्परागत हस्तकला विधामा असाधारण योगदान गर्नुभएका शाक्यले एक प्रेरणादायी शिल्पीका रूपमा पुऱ्याउनु भएको योगदान अविस्मरणीय रहने छ । नेपालसहित विश्वका विभिन्न देशमा आफ्ना कलाकृति प्रदर्शन गरी देशको प्रतिष्ठा बढाउन उहाँका यिनै सिर्जनाको कदर गर्दै नेपाल सरकारले उहाँलाई उत्कृष्ट कलाकारका रुपमा सम्मान समेत गरेको थियो । उहाँको निधनबाट देशले कलाका अविश्रान्त साधक गुमाएको भने उहाँले प्रेरित गर्नुभएका हजारौं युवा कलाकारले आफ्ना पुज्य गुरु गुमाएका छन् ।

यस दुखद् घडीमा दिवंगत श्री शाक्यप्रति पुनः भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै तपाईं लगायत शोकाकुल परिवार र आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।

२८ असार २०७८

केपी शर्मा ओली

मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

श्रीमती उर्मिला शाक्य,
ललितपुर ।

विषय- समवेदना सन्देश ।

हस्तशिल्पी तथा ***"थ्वज्याःमाज्या"*** अर्थात धातुको समतल पाताबाट विभिन्न आकृतिका मुर्तिहरु बनाउदैं आउनुभएका धातुमुर्तिका अग्रज कलाकार एवम् बौद्ध दर्शनका ज्ञाता ललितपुर महानगरपालिका वडा नं ६ ठैना निवासी राजकुमार शाक्यको असामयिक निधनले दुखीभएको छु ।

उहाँ विभिन्न देवदेवी, बुद्ध, बोधिसत्व, बज्रसत्व र गुरु पद्यमसम्भवको मुर्तिहरु, कालचक्र मण्डल, भैषर्ज्य मण्डल, स्क्वायर मण्डल, स्वेत भैरवको मुकुट, स्वयम्भु चैत्य, सिंहासनप्रभा, स्तम्भ, तोरण, करुणामय रथ, विहारको प्रवेशद्वार, छाना, अष्टमङ्गल, तिब्बती स्तुपा आदि बनाउने पेशागतरुपमा निपूर्ण र व्यक्तिगतरुपमा सरल एवम् विनम्र हुनुहुन्थ्यो । देशभित्र र बाहिर पनि आफ्नो अद्वितीय सीप, क्षमता र पौरखबाट उदाहरण प्रस्तुत गर्नुभएका उहाँले पछिल्लो पटक आफ्नो प्रत्यक्ष नेतृत्वमा भूटानमा सत्तरी हजार किलोग्राम धातुको प्रयोग गरी १ सय ५५ फिटको गुरु पद्यम सम्भवको मुर्ति बनाउनुभएको थियो ।

नेपाली धातु पत्रकलाको विकास र विस्तारमा महत्वपूर्ण योगदान दिनुभएका उहाँमा बौद्ध धर्म र दर्शनको गहिरो प्रेम र अनुराग रहेकोथियो । पवलगोरखा दक्षिण बाहु पदक, सूचक धातु पत्रकला पुरस्कार, २०७६, नेपाल बङ्गलादेश मैत्री सम्मानलगायतबाट विभूषित उहाँले जीवनकालमा हजारौं शिष्यहरुलाई सीप ज्ञान दिनुभएको छ । उहाँको निधनबाट नेपालले हस्तशिल्प तथा धातु पत्रकला क्षेत्रको एउटा चम्किलो तारालाई गुमाएको छ । यस दुखद् घडिमा मृतकको आत्माको चिर शान्तिको कामनागर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदनाव्यक्त गर्दछु ।

१९ असार २०७८

डोरमणि पौडेल

काठमाडौं महानगरपालिका
[illegible]
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्या:-

चलानी नं.:-

मिति २०७८/०३/२७

## हार्दिक श्रद्धाञ्जलि

नेपालको हस्तकला क्षेत्रका एक विलक्षण प्रतिभा कलाकार श्री राजकुमार शाक्यको असामयिक निधनले हामी सबैलाई अत्यन्त मर्माहत बनाएको छ । कलाकार शाक्य नेपालकै अत्यन्त कुशल मूर्तिकारहरू मध्ये एक हुनुहुन्छ । हस्तकला र मूर्तिकला मार्फत देश विदेशमा नेपालको परिचय स्थापित गराउने कार्यमा कलाकार शाक्यको योगदान अतुलनीय छ । अत: उहांको निधनले नेपाल राष्ट्रले नै एक होनहार प्रतिभा गुमाउनु परेको छ ।

विश्व सामू नेपालको मौलिक पहिचान स्थापित गर्ने कार्यमा हस्तकला उद्योगको योगदान अत्यन्त उच्च छ । प्राचीनकालमै तत्कालीन तिब्बत र भारतीय बजारमा नेपालका कलाकारहरूद्वारा निर्मित हस्तकलाले ठूलो बजार लिइसकेको इतिहास छ । अहिले नेपाली हस्तकलाको बजार विस्तार भई एशिया, युरोपका अधिकांश मुलुक लगायत अमेरिकामा पनि लोकप्रिय हुँदै गइरहेको हामी पाउँछौं । हस्तकला उद्योगले मुलुकलाई आर्थिक आय मात्र होइन नेपालको पहिचानलाई पनि विश्व सामू प्रस्तुत गर्दै आइरहेको छ ।

नेपालको हस्तकला उद्योगको तीव्र विकासमा कलाकार राजकुमार शाक्यको योगदान स्मरणीय छ । हस्तकलाको क्षेत्रमा उहाँले पुर्‍याउनु भएको योगदानलाई मुलुकले सदा स्मरण गरिरहनेछ । विलक्षण प्रतिभाका धनी कलाकार शाक्यको निधन प्रति असीम शोक प्रकट गर्दै सम्पूर्ण शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

विद्यासुन्दर शाक्य
प्रमुख
काठमाडौं महानगरपालिका

फोन नं: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं: +९७७-१-४२६८५०९, ईमेल: kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइट: www.kathmandu.gov.np

**माननीय शोभा शाक्य**
प्रदेश सभा सदस्य
बागमती प्रदेश

**Hon. Shova Shakya**
Member of Province Assembly
Bagmati Province

**पत्र सं.** २८/२०७७/७८

**मितिः** वि.सं. २०७८ असार २६ गते



श्री स्याक्रेड ग्यालरी,
ललितपुर, नेपाल ।

## श्रद्धाञ्जली सन्देश

नेपालमण्डल हस्तकला र कलाकारिताको दृष्टीकोणले एउटा पृथक नगरीको रुपमा अवस्थित पाटन शहर यहाँका मौलिक विविध कारणले गर्दा विश्वको ध्यान आकर्षित गर्न सफल छ । यसको कारण भनेको यहाँको कलाकारिताको विविधता र सुन्दरता नै हो । यसर्थ यो स्थान थुप्रै महान कलाकारहरुले जन्म लिएको महत्वपूर्ण थलो हो । यसै सिलसिलामा महाबौद्ध मन्दिरका रचयिताको कुलमा जन्मेका श्री राजकुमार शाक्यसँग मेरो स्थानीय पहिचान त सानै देखि थियो । जीवनले गति लिदै जाँदा एक सशक्त धातुपत्र मूर्तिकारको रुपमा प्रसिद्धि कमाएका राजकुमार शाक्यलाई भूटानमा पद्म सम्भवको निर्माण पश्चात आधुनिक अरनिकोको उपमा समेत प्राप्त भयो ।

कलाकारिता र उचित व्यवस्थापनमा प्रख्खर चुस्तता रहेका राजकुमार शाक्यसँग मेरो अनेक सहकार्यहरु सामाजिक र व्यावसायिक कार्यका निमित्त पटक पटक भएको थियो । यस्तो उल्लेखनीय सफलताहरु दिनप्रतिदिन पाउँदै गर्दा मृत्युले भयानक खेल खेल्यो र जीवन अल्पायु मै टुङ्ग्याउनु पर्यो । कोभिड-१९ को दोस्रो लहरको चपेटामा नेपालको विभिन्न क्षेत्रमा महामारी तिब्र रुपमा प्रभावित भईरहँदा उहाँलाई कोरोना पोजिटिभ कै कारण अस्पताल भर्ना गर्नु परेको खबर आए पनि म उहाँ चाँडै नै फर्केर आउने आशामा बसेको थिएँ । यसैबिच उहाँको सुपुत्र स्वरुपले बुबालाई बि पोजिटिभ प्लाज्मा चाहियो भनेर खबर दिए पछि यथाशिघ्र त्यसको व्यवस्था गरेको थिएँ । केही दिनपछि स्वास्थ्यमा व्यापक सुधारको खबरले सकारात्मक लहर कलाजगतमा छाउँदै गर्दा अचानक यस हृदयविदारक दुर्घटनाको खबर फैलिएसँगै विशेषतः नेपालको परम्परागत थ्वज्याः माज्याः कलाक्षेत्रमा उदेकलाग्दो निराशाले सर्वत्र अत्यासिएको वातावरण फैलियो भने म निकै मर्माहत अवस्थामा पुगे ।

भौतिक जीवनले विश्राम लिएको भएपनि उहाँको महान उच्चस्तरको कलाकृतिका कारण सदैव जीवन्त रहने नै छ । उहाँको अपूर्ण सपनाहरुलाई साकार पार्न परिवार र समाज अनि कलाक्षेत्र मात्र होइन देश नै लाग्नु पर्ने मेरो धारणा छ । म स्वयं त्यसका लागि सकेसम्मको प्रयास गर्नेछु । यसै सन्दर्भमा गर्न सकिने विविध क्रियाकलापहरु मध्ये यस्ता महान कलाकृतिका सर्जकप्रति सम्मान स्वरुप ४५ दिनको पुण्यतिथिमा स्याक्रेड ग्यालरीले उहाँको योगदान र व्यक्तित्व चिरस्थायी रुपमा लिपिबद्ध हुने खालका लेख रचनाहरु सहितको विशेषाङ्क नै प्रकाशन गरेर सम्झिन लागेको शुभ कर्मलाई पनि एक अति नै प्रशंसा गर्न लायक महत्वपूर्ण कदमको रुपमा मैले परिभाषित गरेको छु । अन्तमा, वरिष्ठ कलाकार राजकुमार शाक्यलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथी उर्मिला शाक्यको जीवनमा आकस्मिक आईपरेको यस वियोगमा भावविहोल हुँदै समस्त शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु । अस्तु ।

**शोभा शाक्य**
बागमती प्रदेश सभा सदस्य
विवेकशील साझा पार्टी केन्द्रीय तथा सचिवालय सदस्य

Lalitpur Metropolitan City, Bagmati Province, Nepal
Thaina, Lamugal, Saugal, Lalitpur-6,

**Mayor of Lalitpur Metropolitan City**

**Nepal**

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

२०७८ जेष्ठ २६
ने.सं. ११४१ बछलागा, चतुर्दशी

# हार्दिक श्रद्धाञ्जली

ललितपुर महानगरपालिका वडा नं. ६ थैना निवासी राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय ख्याती प्राप्त प्रबल गोर्खा दक्षिण बाहु तेश्रोद्वारा बिभुषित सिर्जनशील कर्मठ बरिष्ठ कलाकार श्री राजकुमार शाक्यज्यूको ५४ वर्षको अल्पआयुमा मिति २०७८ जेष्ठ २२ गते शनिवारका दिन असामयिक स्वर्गारोहणले अत्यन्त मर्माहत भएको छ । यस दुःखद घडीमा उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोक सन्तप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै समवेदना व्यक्त गर्दछु ।

चिरीबाबु महर्जन
प्रमुख
ललितपुर महानगरपालिका

Tel: 01-5522563 | Fax: 977-1-5553966 | Email: mayor@lmc.gov.np | Website: lmc.gov.np
Pulchowk-3, Lalitpur, Bagmati Province, Nepal

फोन : ४४३०२५१
: ४४११७२९

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
NEPAL ACADEMY OF FINE ARTS

सीताभवन, नक्साल, काठमाडौं, नेपाल
Sita Bhawan, Naxal, Kathmandu, Nepal
Tel.: 4430251, 4411729, E-mail: info@nafanepal.org

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान २०१७ NEPAL ACADEMY OF FINE ARTS

च.नं./Ref ८२/०६६-०६८

नेपाली मूर्तिकलाको विकास र विस्तारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएका मुर्धन्य तथा सिद्धहस्त वरिष्ठ मूर्तिकार राजकुमार शाक्यले(२०२३/०५/११-२०७८/०२/२२) आफ्नो जीवनकालमा अनगिन्ती ठूला तथा साना धातुका थ्वज्या माज्या प्रविधिमा निर्माण गरी राष्ट्रको लागि अमूल्य योगदान दिनुभएको छ । उहाँको योगदानको उच्च मूल्याङ्कन गरी सन् २०१५ मा Nepal Academy of Science and Technology (NAST) द्वारा उहाँलाई धातु प्रविधि सम्मान पुरस्कार प्रदान गरिएको थियो । साथै सन् २०१६ Jyapu Cultural Development Trust (JCDT) द्वारा धातु प्रविधि सम्मान (धातु मूर्तिकार) पुरस्कार प्रदान गरिएको थियो । उहाँ अन मेटल्स् आर्टस् एण्ड क्राफ्टका संस्थापक र लोकसाहित्य परिषद्को मानार्थ सदस्य समेत हुनुहुन्थ्यो ।

वरिष्ठ मूर्तिकार शाक्यको निधनले नेपाली कला जगत मात्र नभई राष्ट्रकै लागि अपूरणीय क्षति पुगेको छ । उहाँको निधनले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान परिवार, सम्पूर्ण कलाकार तथा कलाप्रेमी स्तब्ध भएका छौं । दिवंगत कलाकार राजकुमार शाक्यप्रति श्रद्धाञ्जली व्यक्त गर्न यस प्रतिष्ठानले अनलाईन जुम मिटिङबाट श्रद्धाञ्जली सभाको आयोजना गरी उक्त मिटिङबाट शोकप्रताव समेत पारित गर्ने निर्णय गरेको थियो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

के.के. कर्माचार्य
कुलपति

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**लुम्बिनी विकास कोष**
"लुम्बिनी नेपाल: भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान"

# राजकुमार शाक्यको सम्झनामा

**राजकुमार शाक्य** नेपाल तथा विदेशमा बुद्धका ठूला ठूला मूर्ति बनाएर नेपाल तथा विदेशमा लोकप्रियता हासिल गर्नु भएका नेपालका हस्तकलाका मूर्धन्य कलाकार हुनुहुन्छ । ललितपुरको ओकुबहालमा अवस्थित विश्व प्रसिध्द महाबौध्द मन्दिरका रचनाकार पण्डिचार्य अभयराज शाक्यका बाइसौं पुस्ताको प्रतिनिधिको रुपम बुबा रुद्रराज शाक्य र माता सानुनानी शाक्यको परिवारमा जन्मनु भएका कुशल कलाकार मूर्तिकला क्षेत्रमा सयौं कलाकार जन्माउन सफल प्रशिक्षक पनि हुनुहुन्छ ।

वहाँ मूर्तिकला निर्माणको प्रविधिमा कसैले नगरेको "थ्वज्या: माज्या" मार्फत आफूलाई पृथक राख्दै नेपाल लगायत विदेशमा समेत शिल्पकलाको उत्कृष्ट नमूनाको रुपमा बुद्धका मूर्तिहरु बनाउन प्रख्यात हुनुहुन्छ । वहाँ मात्र कलाकार भन्दा पनि मूर्तिकला मार्फत बुद्ध धर्म, दर्शन, कला संस्कृति र परम्परालाइ राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार गर्न सफल बौध्दिक मूर्तिकलाविदको रुपमा समेत लिन सकिन्छ ।

वहाँले घनले धातुका समतल पातालाई ठोक्दै "थ्वज्या: माज्या" प्रविधि मार्फत बुध्द, बोधिसत्व, बज्रसत्व, गुरु पद्मसम्भव लगायत विभिन्न देवदेवीका मूर्तिहरु, कालचक्र मण्डल, भैपज्य मण्ड, स्क्वायर मण्डल, स्वेत भैरवको मुकुट, स्वयम्भु चैत्य, सिंहासन प्रभा, पिलर, तोरण, करुणामयको रथ, विहारका प्रवेशद्वार छाना, अप्टमङ्गल तथा तिब्बती चैत्य जस्ता सयौं कलाकृति निर्माण गरीसक्नु भएको छ ।

बुद्ध तथा बुद्ध धर्मसँग सम्बन्धित बोधिसत्वका मूर्तिहरु बनाउनु आर्थिक आयआर्यजनको लागि मात्र होइन बौध्द धर्मामा निहित गहन दर्शनको मातहत रही नेपालमण्डलको मौलिक बौध्द कला, सम्पदा धर्म र दर्शनको प्रचार प्रसार समेत हुनेगरी कलाकृतिहरु निर्माण गर्ने स्थापना गर्ने मान्यतामा वहाँ रहेको पाइन्छ । यही दर्शनलाई आत्मसाथ गरी भुटानको ताकिल्लामा सयौं नेपाली तथा भुटानी कलाकार कामदारहरुको नेतृत्व गर्दै ७०००० किलोग्राम धातु प्रयोग गरी १५५ फिट अग्लो पदमसम्भवको विशाल मूर्ति निर्माण गर्ने कामको नेतृत्व गर्नु भयो । त्यसरी नै वहाँले लुम्बिनीमा पनि ५० फिट अग्लो सिध्दार्थ गौतमको मूर्ति, ४२ फिट अग्लौ चैत्य, १६ फिट अग्लो बुद्धको मूर्ति निर्माण गर्नुभएकोछ । देश विदेशमा बुद्ध, बोधिसत्व, लोकेश्वर तथा ठूला ठूला चैत्यहरुमा निर्माण गरी बौद्ध धर्म प्रचार प्रसार गर्न वहाँको अमूल्य योगदानलाई मूल्यांकन गर्दा वहाँलाइ **२१ औं शताब्दिको अरनिको** को रुपमा चिनाउन सकिन्छ ।

यस्तो महान कलाकार कोरोनासँग कयौं दिन लडी कोरोनाबाट मुक्त भएको केही दिन पछि ५५ बर्षमा नै जुन ५, २०२१ मा महाप्रस्थान हुँदा नेपाल राष्ट्रले अतुलनीय महान कलाकार गुमाउन पुगेको छ । भौतिक रुपमा वहाँ नरहे पनि वहाँबाट सिर्जना भएका सयौं कलाकृति तथा वहाँको हस्तकला निर्माण प्रविधिमा लागीरहनु भएका सयौं युवा कलकारहरु मार्फत वहाँलाई सदाकाल जीवन्त राखी रहनेछ भन्ने विश्वास लिएको छु ।

**सानुराजा शाक्य**
**सदस्य सचिव**
१५ जुन २०२१

लुम्बिनी नेपाल, पवित्र उद्यान, रुपन्देही
फोन नं.: +९७७-७१-४०४०४०, ४०४०४७ इमेल: contactlumbini1985@gmail.com
इमेल: liaisonoffice@lumbinidevtrust.gov.np, वेभ पेज: www.lumbinidevtrust.gov.np

# नेपाल हस्तकला महासंघ
## FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL


२०७८/०२/३१

श्री उर्मीला शाक्यज्यू
थैना, ललितपुर ।

### भावपूर्ण समवेदना ।

यहाँको श्रीमान् यस महासंघका कर्मठ सदस्य एवं महासंघबाट मिति २०७० सालमा उत्कृष्ट कलाकारको रुपमा सम्मानित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त प्रवल गोरखा दक्षिणबाहु लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट विभिन्न पदक तथा सम्मान प्राप्त गरी सम्मानित हस्तकला क्षेत्रका उज्ज्वल नक्षत्र वरिष्ठ कलाकार राजकुमार शाक्यको असामयिक र अकल्पनीय स्वर्गारोहण भएको खवर थाहा पाउँदा अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं ।

उहाँको असामयिक स्वर्गारोहणले नेपालको परम्परागत हस्तकला विधाको साथै समग्र हस्तकला क्षेत्रमानैं अपूरणीय क्षति पुग्न गएको छ भने देशले नै कला क्षेत्रका अथक साधक एवं एक ज्योति पुञ्ज गुमाउन् पुगेको छ ।

हस्तकला क्षेत्रमा उहाँले पुऱ्याउनु भएको अतुलनिय योगदानलाई सदा स्मरण गर्दै दु:खको यस क्षणमा दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दु:खको यस घडिमा समस्त शोक सन्तप्त परिवारप्रति सम्पूर्ण कार्य समितिको तर्फबाट र आफ्नो व्यक्तिगत तर्फबाट समेत धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछु ।

सुरेन्द्र भाई शाक्य
अध्यक्ष


G.P.O. Box No.: 784, Upama Marga, Thapathali Height, Kathmandu, Nepal
Tel: 4243015, 4244231, 4245467, Fax : 977-1-4222940
E-mail: info@fhan.org.np / fhan1972@gmail.com, http:// www.fhan.org.np

Govt. Regd. Tel. : 5527670

# बौद्ध विहार संघ (ललितपुर)

## (The Organisation of Buddhist Monasteries of Lalitpur, Nepal)

Achheswar Maha-Vihar, Pulchowk, Lalitpur-3, Nepal.

अक्षयेश्वर महाविहार
पुल्चोक, ललितपुर-३
नेपाल ।

पत्र संख्याः- च.नं ३४५/२०७७/०७८

बौद्ध विहार संघ, ललितपुर स्था.२०३२

मिति : २०७८।०३।२५

## हार्दिक श्रद्धासुमन

कलाको नगरको नाममा विश्व प्रसिद्ध ललितपुर नगर नेपालको नाम विश्वमा चिनाउन सफल नगर हो । यस नगरमा विभिन्न समयमा विभिन्न नामुद कलाकारहरुले जन्म लिएको छ । जसको कलाकृतीले नेपालको नाम सानसंग विश्वसामु गर्वले राख्न पाएको छ । यस्तै प्रतिभाका धनी प्रतिभाशाली ब्यक्तित्व राजकुमार शाक्य रहेको छ । जसलाइ नेपालका कला पारखिहरु वर्तमान युगको अरनिको भनि सम्मानले नाम लिने गरिन्छ ।

राजकुमार शाक्य एक कुशल कलाकार मात्र नभै कुशल गुरु पनि हुनुहुन्थ्यो । उहाँले आफुले जानेका बुझेका ज्ञान अरुहरुलाई पनि कुशलतापुर्वक सिकाउनु हुन्यो ,यो उहाँको महानता थियो ।

राजकुमार शाक्य एक सामाजिक विचारक पनि हुनुहुन्थ्यो , उहाँले आफुले जानेका कला र समाजको फ्युजनगरि एक कला ग्रामको निर्माणमा समेत गर्न अग्रसर रहनु भयो ।

राजकुमार शाक्य एक समाजसेवक हुनुहुन्थ्यो , उहाँले समाजको विकास उत्थानमा आफ्नो तन मन धन समर्पन गर्नु भयो।

राजकुमार शाक्य आज हामि विच रहनु भएन , यो छोटो पुथ्वी वसाईमा उहाँले आफ्नो कलाले , शीपले , वचनले , सवैलाई गहिरो प्रभावपार्न सफल हुनु भयो । यस्तो प्रतिभाशाली ब्यक्तित्वलाई गुमाउनुको पिडा बौद्ध विहार संघले ब्यक्तगर्न असमर्थ छ । दिवंगत राजकुमार शाक्य सुखावती भुवनमा बास होस । परिवारजनमा धैर्य धारणगर्ने शक्ति प्राप्त होस । हार्दिक श्रद्धासुमन ।।।

भवदिय

नानीकाजी शाक्य

(अध्यक्ष)

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

Homage to the Triple Gems

Govt. Reg. No. 54/1240/057/058
PAN : 302416352

# युवक बौद्ध मण्डल नेपाल

# Young Men's Buddhist Association

Y.M.B.A.

(Estd. 1970 A.D.)
Nepal Regional Centre of World Fellowship of Buddhist Youth (W.F.B.Y.)
(Affiliated to Dharmodaya Sabha, Nepal)

Y.M.B.A. 2027-2077 Golden Jubilee Celebration

Headquarters :
Lok Kirti Mahavihar (Kinhubahi)
Iti Tole, Lalitpur



26th Central Executive Committee
(2019 – 2021 A.D.)

**Dharma Director**
Ven. Dr. Bhiskhu Gyanapurnik

**President**
Ms. Arnitara Bajracharya
9841890175, 5543477

**Immediate Past President**
Mr. Rajesh Shakya (Okubahal)
9841 323548, 5-202843

**1st Vice-President**
Mr. Asha Ratna Shakya
9849 694494, 5-193410

**2nd Vice-President**
Mr. Gyan Muni Shakya
9841485245, 5540092

**General Secretary**
Mr. Nanda Ratna Shakya (Sanubhai)
9841 974757

**Treasurer**
Mr. Tej Bajracharya
9841 560118, 5-534985

**Secretary**
Mr. Rajan Shakya
9841565670

**Joint. Secretary**
Mrs. Bidya Shakya
9841 076251, 5550062

**Joint. Treasurer**
Mr. Babu Raj Bajracharya
9841464394, 5538091

**Publicity Secretary**
Mr. Mahesh Shakya
9841 377944

**Executive Members**
Mr. Buddha Ratna Shakya
9841 651265
Mr. Suresh Bajracharya
9841 204216, 5-534694
Mr. Bhai Raja Shakya
9813 502855, 5-539136
Mr. Sanam Shakya
9803 214009, 5-531904
Mr. Hem Ratna Bajracharya
9841 247669
Bhai Raja Shakya
9813502855, 5539136
Mr. Tirtha Ratna Shakya
9803 991081, 5-534962
Mr. Mitru Raj Shakya
9841 456618, 5-547395
Mrs. Gyan Shova Bajracharya
9813526836, 5534702

**Nominated Executive Members**
Mr. Surendra Raj Shakya
9841 437452
Mr. Pradip Bajracharya
9841 288942, 5520227


च.नं. ०७७/०७८/२४


YOUNG MEN'S BUDDHIST ASSOCIATION, NEPAL ESTD 2014 BE


Date : २०७८।०३।२१ गते

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**

**उपज्झित्वा निरूज्झन्ति तेसं उप समो सुखो।।**

मेहनती, श्रृजनशील, मिलनसार, व्यक्तित्व राजकुमार शाक्यको मिति २०७८ जेष्ठ २२ गते शनिबारका दिन असामहिक निधनले यस युवक बौद्ध मण्डल, नेपाल YMBA स्तब्ध र मर्माहित भएका छौं ।

उहाँ युवक बौद्ध मण्डल, नेपालमा मिति २०४८ साल श्रावण ११ गतेका दिन सदस्य हुनुभएको थियो । उहाँ सदस्य भएदेखि बुद्धधर्म सम्बन्धि अध्ययन एवं बुद्ध शिक्षालाई जनमानसमा आफनो कला मार्फत प्रचार प्रसार गर्ने कार्यमा सकृय हुनुभएको थियो । उक्त समयदेखि नै यस संस्थाद्वारा गठित विभिन्न उपसमितिमा रही कार्य गर्ने सिलसिलामा भवन निर्माण उपसमितिको उपसंयोजक रही महत्वपूर्ण कार्य गर्नुभएको थियो । युवक बौद्ध मण्डलको १४ औं (२०५२ - २०५४) कार्य समितिमा रहेर पनि योगदान पुऱ्याउनु भएको थियो । त्यस्तै उहाँले युवावर्गलाई मौलिक कामप्रति अभिप्रेरित गर्ने पवित्र उद्देश्यले यस संस्थामा परम्परागत चित्रकला (Traditional Art) सम्बन्धि छ महिना सम्म प्रशिक्षण दिनुभएको हाल सम्मपनि अवस्मरणीय छ । त्यस्तै सन् २००७ मा World Fellowship of Buddhist Youth को आयोजनामा थाइलैण्डको राजधानी बैंककमा भएको हस्तकला प्रदर्शनी (Handicraft Exhibition) कार्यक्रममा यससंस्थाको तर्फबाट उहाँको सहभागीले अन्तर्राष्ट्रिय रुपमा नेपालको पहिचान राख्न सफल भएको थियो । उहाँले बनाउनु भएको ६ फिटको स्वयम्भु महाचैत्यमा भगवान बुद्धको पवित्र अस्थि धातु राखी Young Buddhist Association of Thailand को ध्यानहलमा सम्मानका साथ प्रतिस्थापन गरिएको थियो ।

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स
Homage to the Triple Gems

Govt. Reg. No. 54/1240/057/058
PAN : 302416352

# युवक बौद्ध मण्डल नेपाल
# Young Men's Buddhist Association

Y.M.B.A.

(Estd. 1970 A.D.)
Nepal Regional Centre of World Fellowship of Buddhist Youth (W.F.B.Y.)
(Affiliated to Dharmodaya Sabha, Nepal)

युवक बौद्ध मण्डल नेपाल Y.M.B.A. 2027-2077 Golden Jubilee Celebration

26th Central Executive Committee
(2019 – 2021 A.D.)

**Dharma Director**
Ven. Dr. Bhiskhu Gyanapurnik

**President**
Ms. Arnitara Bajracharya
9841890175, 5543477

**Immediate Past President**
Mr. Rajesh Shakya (Okubahal)
9841 323548, 5-202843

**1st Vice-President**
Mr. Asha Ratna Shakya
9849 694494, 5-193410

**2nd Vice-President**
Mr. Gyan Muni Shakya
9841485245, 5540092

**General Secretary**
Mr. Nanda Ratna Shakya (Sanubhai)
9841 974757

**Treasurer**
Mr. Tej Bajracharya
9841 560118, 5-534985

**Secretary**
Mr. Rajan Shakya
9841565670

**Joint. Secretary**
Mrs. Bidya Shakya
9841 076251, 5550062

**Joint. Treasurer**
Mr. Babu Raj Bajracharya
9841464394, 5538091

**Publicity Secretary**
Mr. Mahesh Shakya
9841 377944

**Executive Members**
Mr. Buddha Ratna Shakya
9841 651265
Mr. Suresh Bajracharya
9841 204216, 5-534694
Mr. Bhai Raja Shakya
9813 502855, 5-539136
Mr. Sanam Shakya
9803 214009, 5-531904
Mr. Hem Ratna Bajracharya
9841 247669
Bhai Raja Shakya
9813502855, 5539136
Mr. Tirtha Ratna Shakya
9803 991081, 5-534962
Mr. Mitru Raj Shakya
9841 456618, 5-547395
Mrs. Gyan Shova Bajracharya
9813526836, 5534702

**Nominated Executive Members**
Mr. Surendra Raj Shakya
9841 437452
Mr. Pradip Bajracharya
9841 288942, 5520227

**Headquarters :**
Lok Kirti Mahavihar (Kinhubahi)
Iti Tole, Lalitpur

Date : ..........................

उहाँ राजकुमार शाक्य एक कारूणीक हृदयी व्यक्ति पनि हुनुहुन्छ । युवक बौद्ध मण्डल, नेपालको २०५३ साल देखि सञ्चालन भइरहको YMBA धम्म छात्रवृत्ति कार्यक्रम अन्तर्गत निरन्तर रूपमा दाता हुनुभई असहाय विद्यार्थीहरूलाई आवश्यक सहयोग प्रदान गर्दै आउनु भएको थियो । उहाँको मैत्री करूणायुक्त चित्तका कारण हाल २ जना असहाय विद्यार्थीहरूले शिक्षा हासिल गर्न पाइरहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त लगनशील, कर्मठ, मुरधन्य कलाकारको निधनले कसको मन भावविभोर नहोला । उहाँ बुद्धधर्म, दर्शन, कला, सँस्कृति र परम्परालाई जगेर्ना एवं हस्तकला प्रवर्द्धन गर्ने कार्यमा लाग्नु हुने व्यक्तित्व अल्पआयुमै निधनबाट मुलुकले ठूलो क्षति व्यहोर्नु परेको छ । उहाँ जस्तो सिद्धहस्त कलाकारलाई सम्मान एवं कदर का साथसाथै उहाँको नाममा कला प्रशिक्षण प्रतिष्ठान स्थापना गर्नुहुन नेपाल सरकार समक्ष हार्दिक अपिल गर्दछु ।

अन्तमा दिवंगत राजकुमार शाक्यले यस संस्थामा पुऱ्याउनु भएको अमूल्य योगदानलाई संस्थाले सदैव गुणानुस्मरण गरिरहने छ । उहाँको कुशल पुण्यकर्म र त्रिरत्नको आनुभावले शील, समाधि र प्रज्ञाको मार्गगामी हुन पाउन अन्ततोगत्वा जन्म, जरा, ब्याधि मरणको चक्रबाट सर्वथा मुक्त हुने निर्वाणगामी सम्पत्ति पनि चाँडै प्राप्त गरिलिन सकोस भन्ने मंगल कामनाका साथ हामी युवक बौद्ध मण्डल, नेपाल YMBA का सम्पूर्ण सदस्यहरूको तर्फबाट उहाँको निर्वाण कामना गर्दछौं ।

।। भवतु सब्ब मङ्गलं ।।

नन्द रत्न शाक्य
महासचिव

अरणीतारा बज्राचार्य
अध्यक्ष

युवक बौद्ध मण्डल, नेपाल YMBA

Govt. Regd.

# अक्षेश्वर महाबिहार संरक्षण समिति

पुल्चोक, ललितपुर ३, नेपाल । फोन नं. ५४२७६७०

**AKSHESWAR MAHABIHAR PRESERVATION COMMITTEE**

Pulchowk, Lalitpur – 3, Nepal, Tel: 5427670

पत्र संख्या:

चलानी नं.:

मिति: २०७८।३।२१

**संरक्षक परिषद**

श्री बुद्धिराज बज्राचार्य
श्री कुलबहादुर शाक्य
श्री इन्द्रबहादुर शाक्य
श्री बाबुराजा बज्राचार्य
श्री डा. हर्षरत्न शाक्य

**सल्लाहाकार**

लामा भिक्षु श्री गुण सागर
आचार्य श्री उत्तमरत्न धाख्वा
गुरुजू श्री दिपक बज्राचार्य

**कार्य समिति**

**अध्यक्ष**
श्री राजेश शाक्य

**उपाध्यक्ष**
श्री रुपकुमार शाक्य

**सचिब**
श्री रोशन बहादुर शाक्य

**कोषाध्यक्ष**
श्री सुमन बज्राचार्य

**सदस्यहरु**
श्री पद्म बहादुर शाक्य

श्री नानीकाजी शाक्य

श्री ध्रुव मलेकू

## स्वर्गीय बरिष्ठ कलाकार राजकुमार शाक्यको गुणानुस्मरण

प्राचिन कला सस्कृति संरक्षणमा आफ्नो कला र शिपबाट पृथक छाप दिन सफल भएका ललितपुर महानगरपालिका वडा नं. ६ थैना निवासी विश्व विख्यात तथा प्रबल गोर्खा दक्षिण बाहु तेश्रोबाट सम्मानित बरिष्ठ कलाकार श्री राज कुमार शाक्यज्यूको ५४ बर्षको अल्पायुमा नै यहि मिति २०७८ साल जेष्ठ २२ गते शनिवार भएको असामयिक स्वर्गाहोरोहणबाट सम्पूर्ण विश्वले एक कर्मठ तथा होनाहार कलाकार गुमाउनु परेकोमा हामी सबै मर्माहत भएका छौं ।

उहाँको  गुणस्मरण गर्नु पर्दा पचासको दशकमा यस अक्षेश्वर महाबिहारमा बौद्ध बिहार संघ अन्तरगत संचालित चित्रकला मूर्तिकला प्रशिक्षण कार्यक्रमको शुरुवातको उत्कृष्ट प्रशिक्षार्थी तत्पश्चात प्रशिक्षक तथा संचालक भई प्राचीन कलाको शिपलाई करीब ५०० जवान नयां युवा कलाकारहरु तयार गर्न  पुर्‍याउनु भएको योगदानलाई स्मरण गर्न चाहान्छौं । यसै बिहारमा बौद्ध बिहार संघको रजत जयन्ती शुभ अवसरमा भएको मूर्तिकला प्रर्दशनीमा उहाँले प्रस्तुत गर्नू भएको १२ फिटको भैरबको मूर्तिले सो प्रर्दशनीको शोभालाई बृद्धि गराएका थिए ।

त्यसैगरी लोपमुक्त तर्फ गइरहेको प्राचिन कला थ्वज्या: माज्या:लाई आधुनिक ईन्जिनीयरिग विद्यासंग समन्वय गरि विश्व कै सबैभन्दा ठुलो पद्मसम्भवको मूर्ति भुटानमा निर्माण गरि किर्तिमान राख्न सक्षम हुनु भएको हो । यसरी देश कै पहिचान गराउन सफल कलाकार स्वर्गीय राजकुमार शाक्यको योगदान सबै देश विदेशका कला सस्कृति प्रेमीहरुले उहाँलाई सम्झिरहने छन् । पराम्परागत कला क्षेत्रमा उहाँको अनुपस्थिति सधै महशुस भइ नै रहने छ ।

यस दु:खद घडीमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिबारजन र हामी सबैलाई धैर्य धारण गर्न सकोस् भनी कामना गर्दछौं । कला, सुत्र, शास्त्र, व्यवस्थापन र ईन्जिनीयरिगं सबै बुझेको कलाकारको जन्म त दुर्लभ हुने नै भयो, तर उहाँले छोडेर गएको अमूल्य ज्ञान र कलाको सरक्षण तथा सर्म्बधण गर्न हामी सबै लाग्न सकुन भन्ने पनि कामना गर्दछौं ।

............................

राजेश शाक्य

अध्यक्ष तथा अक्षेश्वर महाविहार परिबार

འབྲུག་ཨོ་ཌི་ཡ་ན་གཞི་ཚོགས།

# DRUK ODIYANA FOUNDATION

(Registered Under the Religious Organization Act of Bhutan)

## A Humble Tribute to a Great Buddhist Craftsman

The Druk Odiyana Foundation and its affiliate Dratshangs, institutions, Lams and Monks would like to pay our respects to late Mr. Raj Kumar Shakya (1966-2021), a great Buddhist craftsman with inborn skills unparalleled in the world. We would also like to offer our heartfelt condolences and prayers for the well-being of his family members in this tragic and unfortunate times.

In his untimely passing at a young age of 55 years, we have lost a great soul who had made tremendous contributions in promoting the Buddhist Arts and Crafts in Asia including Mongolia, China, and Bhutan and in his own country, Nepal.

We are truly grateful to late Mr. Shakya for his vision and skills in helping us build the statue of Guru Nangsi Zilnoen at Takila, Lhuentse in Bhutan as per the prophecy of Terton Lerab Lingpa which was initiated by our Founder late Khenpo Karpo Rinpoche during 5 years from 2008-2013. The 157 feet tall Guru statue made of gold and copper could not be built without the skill and craftsmanship of late Mr. Shakya. I as a co-initiator of the project had the privilege and honor to support and work with these two great souls to complete the project for the benefit of sentient beings.

It is also truly heart wrenching to note that had it not been for the cruelty of this pandemic to shorten his life, Mr. Shakya was on course to build another magnificent Buddhist monument in Mongolia, a 350 feet tall Guru statue. Therefore, we the Druk Odiyana Foundation family consisting of Truelkus, Lamas and Monks would like to pray and continue to pray for the swift return and rebirth of Mr. Shakya to complete his great mission.

(Kunzang Tobgyel)
Thimphu,
8 July 2021

Thimphu Office, Post Box 688. Tel: +975-2-334857. Fax: +975-2-336182
Ugyen Dognag Yoesel Chholing, Takela, Tangmachu, Lhuntse, Eastern Bhutan. Tel: +975-4-510900
Email: odiyana@druknet.bt. Website: www.drukodiyana.org.bt

# सम्पादकीय



कलाको सम्बन्ध जीवन र जगतमा अन्योन्याश्रीत रुपमा रहेको हुन्छ । तर जीवनयापनका लागि सधैँ समान किसिमको कार्य गर्नु र हरेक काममा सृजनशील हुनु भनेको नितान्त फरक फरक पाटो हो । कलाकारै कलाकारले भरिएको नेपालमण्डलमा अवस्थित सुप्रसिद्ध महाबौद्ध मन्दिर रहेको कलात्मक भूमिमा अवस्थित यस ओकुबहाल, थंईना टोलमा राजकुमार शाक्यको जन्म साधारण मानवको रुपमा भयो, तर उदय भने असाधारण भईदियो । सानैदेखि उहाँको घरको बाटो हुँदै आवतजावत गर्दा उहाँको घरको ज्याःसलमा बुबा रुद्रराज (माईला) लगायत राजकुमार दाइ र अरुहरु सधैँ व्यस्त देख्थेँ । यस्तो दृश्य मेरो घरटोलमा जताततै देखिरहने भएकोले त्यो कसैको लागि पनि अनौठो कुरा थिएन, तर त्यही सानो परिवेशबाट एक पृथकताले सुसज्जित, विश्वको कला जगतकै लागि एक अनुकरणीय तथा मूर्धन्य कलाकारले आफ्नो धातुपत्रमा बुट्टामात्र होइन आधुनिक अरनिकोको उपमा प्राप्त गर्ने मार्ग समेत कोर्दैछ भन्ने कुरा सायद मलाई जस्तै धेरैलाई अन्दाजसम्म थिएन ।

पछिल्लो समय उहाँसँग केही सामाजीक कामको सिलसिलामा नजिक रहेर काम गर्दा मैले उहाँमा कलाप्रतिको चिन्ता र सम्मान छताछुल्ल भएको पाएकी थिएँ । कला सृजना र संरक्षणका लागि विशेष दक्खल भएका अग्रज कलाकार राजकुमार शाक्यले नयाँ पुस्तालाई कला हस्तान्तरण गर्न अत्यावश्यक रहेको बारे सदैव बताउनु हुन्थ्यो । मौलिक कलाको संरक्षण र सम्वर्द्धनप्रति सचेत रहनु भएका शाक्य आफुसँग भएको सिप पुस्तान्तरण हुन नसक्दा समाजमा आउन सकिने विचलनको बारेमा पनि नियमितजसो कुरा गर्नु हुन्थ्यो । हाम्रो कलानगरीका थुप्रै मौलिक कलाहरु विविध कारणले गर्दा विस्तारित हुने अवसर नपाएको ईतिहास विद्यमान भएको हामी सबैलाई प्रायः थाहा नै छ । र त उहाँ नव पुस्तालाई मौलिक कला सिकाउने र अग्रज पुस्तामा भएको सिप युवा पुस्तामा हस्तान्तरण गर्नका निमित्त युवा पिढीमा उत्साहबर्द्धक जागरणका लागि

हामीले केही ठोस् कदम चाल्नुपर्ने धारणा पोखिरहनु हुन्थ्यो । कला चेतनाको विस्तार र मौलिकताको संरक्षणको पाटोलाई एकैसमय गतिशिलता प्रदान गर्न सक्ने राजकुमार शाक्य अध्ययन र अध्यापन दुवैमा सधैँ क्रियाशील रहेका शिल्पी पनि हुन् । कलाकार राजकुमार शाक्यले आफ्नो सिप, क्षमता र दक्षताका आधारमा कलाका विविध पक्षमा पुर्याउनु भएको ऐतिहासिक योगदानको चर्चा यस पुस्तकमा धेरै हदसम्म समेटिएको छ भन्ने मलाई लागेको छ ।

वि सं २०७८ जेष्ठ २२ गते उहाँको अप्रत्यासित अवसानपछि मैले मेरो केही भावना फेसबुकमा राखेँ । त्यस्तै अरुपनि थुप्रै ब्यक्तीहरुले सामाजिक सञ्जाल मार्फत दुःखेसो पोखेका थिए । यहि निस्पष्ट अँध्यारो र अन्यौलताका बीच उहाँकै एक शिष्य श्री उजय बज्राचार्यज्यूसँग कुराकानी गर्ने क्रममा स्याक्रेड ग्यालरीले वरिष्ठ कलाकार राजकुमार शाक्यको ४५ औँ दिनको पुण्यतिथिमा राजकुमार शाक्यसँग निकट सम्बन्ध भएका तथा उहाँसँग नियमित सम्पर्कमा रहेका ब्यक्तीहरुको भावनाहरुलाई प्रतिनिधित्व गर्नेगरि स्मृति ग्रन्थ निकाल्ने सोचमा रहेको र यसको लागि मबाट केही सहयोगको अपेक्षा राखेको कुरालाई लिएर म सकारात्मक नै थिएँ । केही दिन पश्चात राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नेपाली र विशेषगरी नेवारी परम्परागत कला र कलाकारको उत्थानको पवित्र उद्देश्य बोकेर नेपाली परम्परागत कलाहरु सङ्कलन गर्ने स्याक्रेड ग्यालरीको यस पुनित कार्यका लागि संस्थाको प्रबन्धक श्री सुजाता शाक्यज्यूले टेलिफोन मार्फत गरेको सहयोगको अनुरोधलाई स्वीकार गरेकी थिएँ ।

कलाकार राजकुमार शाक्यको अनुपस्थितिलाई अब भौतिक क्षतिपूर्ति गर्न त सम्भव छैन । तर उहाँको मृत्युपश्चात उहाँको कला र किर्तिलाई अमरत्व प्रदान गर्नका निमित्त सबैले आआफ्नो स्थानबाट यथासम्भव भूमिका निभाउनुपर्छ भन्ने सोच अनुरुप मैले मेरो दक्षता अनुरुपको सहयोग गर्न पाउनुलाई मेरो उहाँप्रति हार्दिक श्रद्धासुमन पोख्ने बौद्धिक अवसरको रुपमा लिएको छु । “स्मृतिका पानाहरूमा वरिष्ठ मूर्तिकार राजकुमार शाक्य” नामक यस विशेषाङ्कमा सम्पादकको हैसियतले राजकुमार शाक्यको जीवनका विविध रङ्गहरुलाई उजागर गरेर लेखिएका लेख रचनाहरुलाई स्मृतिको स्वर्ण अक्षरहरुले समेट्न मिल्नेसम्मको न्यायपूर्ण प्रस्तुति दिने कोशिस मैले गरेकी छु । सकेसम्म हरेक प्रसंङ्गलाई सरलीकरण र व्यवस्थित गर्ने प्रयास भएको छ । राजकुमार शाक्यका कला प्रशंसकहरु र धातुमूर्तिकलामा

समर्पित एवं लगाव राख्ने सम्पूर्ण महानुभावहरुका लागि यस पुस्तकले धेरै उपयोगी सूचना र ज्ञान प्रवाह गर्नेछ भनेर मैले भरोसा लिएकी छु ।

अन्तमा, यस पुस्तकलाई छोटो अवधिमा अन्तिम रुप दिनका लागि बौद्धिक र भावनासहितका कलात्मक लेखहरु प्रदान गर्नुका साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुहुने एवम् प्रत्यक्ष अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने समस्त सहयोगी हातहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । समस्त पाठकवर्गको कुनै पनि किसिमको प्रतिक्रियाहरुको पर्खाइ रहनेछ । शाक्यको असामयिक अवसान नेपाली मौलिक कला विशेषगरी धातुमूर्तिकला क्षेत्रका लागि अपुरणीय क्षति हो । कलाकार राजकुमार शाक्यप्रति हार्दिक श्रद्धा सुमन ।

सदैव सबैको शुभ होस् ।

सम्पादक
उप-प्रा नानी हेरा शाक्य
ओकुबहाल, महाबौद्ध-०६, ललितपुर
२०७८ श्रावण १ गते, शुक्रवार



# कृतज्ञता ज्ञापन



प्राचिन कालदेखि नै काठमाण्डौ उपत्यका विश्व सामु कला नगरीको रुपमा सुपरिचित रहेको छ । विशेष गरी हस्तकला सम्बन्धि कलाकृतिहरु देवी देवता, मठमन्दिर, पुजा सामग्री आदिका रुपमा ललितपुर, भक्तपुर र काठमाण्डौं नगरमा अनगिन्ति संख्यामा देख्न पाइन्छन् । प्रख्खर कलाकारहरुद्वारा निर्मित यस्ता अद्विितिय कलाकृतिहरुका कारणले नै उपत्यका भित्रका कैयौं क्षेत्रहरू विश्व सम्पदा सूचीमा सूचिकृत भएका छन् । यस्ता महान कलाकृतिहरू सृजना गर्नु भएका सम्पूर्ण महान कलाकारहरु प्रति स्याक्रेड ग्यालरी हार्दिक नमन गर्दछ । स्याक्रेड ग्यालरी यस्तै नेपाली परम्परागत कलाहरु संकलन गर्ने एउटा सानो केन्द्र हो । यस ग्यालरीको मुख्य उद्देश्य भनेकै राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा नेपाली र विषेश गरी नेवारी परम्परागत कला र कलाकारको उत्थानमा जुट्नु हो । कलाकारको प्रोत्साहन र कलाकृतिको प्रचार प्रसारको लागि यस ग्यालरीले दृश्य वृतचित्र बनाउँदै आए पनि भावी योजना भने यसलाई अझ उच्च स्तरमा पुर्याई विश्व सामु प्रस्तुत गर्ने रहेको छ ।

हालै बिं. स. २०७८ जेष्ठ २२ शनिवारका दिन  वरिष्ठ धातुपत्र मूर्तिकार श्रदेय राजकुमार शाक्यज्यूको विश्वव्यापी महामारी कोभिड-१९ का कारण ५४ वर्षको अल्पायुमै असामयिक निधन हुन पुगेको छ । संसारमा विरलै जन्मिने, आफ्नो कलाकारिताको माध्यमबाट आफु र आफ्नो राष्ट्रको नाम विश्वसामु परिचित गर्न सफल अति नै न्यून संख्यामा रहेका कलाकारहरू मध्ये उहाँ एक असाधारण कलाकार थिए । दोस्रो अरनिको भनि संज्ञा पाउनु भएका थंईना, ललितपुर निवासी ख्याती प्राप्त कलाकार एवं समाजसेवी, उहाँलाई गुमाउन पर्दा स्याक्रेड ग्यालरी परिवार त स्तब्ध भयो नै साथै उहाँलाई चिन्ने हरकोहि गहिरो शोकमा डुब्न पुगेका छन् । नेपाली कला जगतले एउटा अति नै ठूलो क्षति बेहोर्नु पर्यो भने राष्ट्रले एउटा अमूल्य रत्न गुमाउनु पर्यो ।

वरिष्ठ कलाकार राजकुमार शाक्य नाताले मेरो फुपाजु पनि हुनुहुन्छ । फुपाजु र भदैको एक प्रगाढ सम्बन्धमा म जहिल्यै उहाँलाई मेरा पिताको स्थानमा देख्ने

गर्छु । विगत ७ वर्ष देखि म उहाँकै कम्पनी अन मेटल आर्टस एण्ड क्राफ्ट्समा आबद्ध भई व्यवस्थापन समितिमा कार्यरत छु । उहाँले एक चोटि भन्नु भएको थियो,"घोडा कहिल्यै थाक्दैन, सुत्ने बेला पनि उभिरहन्छ ! जुन दिन त्यो बस्छ, सम्झिनु त्यो उसको अन्तिम समय हो । हामी मानिस पनि कर्मठ हुनुपर्छ । यस्तो अमूल्य समय आलसमा बिताउनु हुन्न । जति मेहनत र सङ्घर्ष गर्छौं त्यति नै हामीमा उर्जा थपिन्छ ।"

यहि वाक्यहरूलाई उहाँले आफ्नो जीवनमा नितान्त व्यतित गर्नु भएको मलाई महशुस हुन्छ। समयको निकै ख्याल राख्ने, एकदमै मेहेनतमा विश्वास गर्ने मानिसमा उहाँ पर्नु हुन्थ्यो । हरेक क्षेत्रमा राम्रो व्यवस्थापनले मात्र कार्य सफल हुन्छ भन्ने सोच भएकोले नै होला उहाँले आफ्नो परम्परागत कलाकृति सृजना गर्ने कम्पनीमा एक सशक्त व्यवस्थापन समिति गठन गर्नु भएको छ । नयाँ टेक्नोलोजीलाई प्रयोग गरि यस "थ्वज्याः माज्याः" कला विधिलाई समय सापेक्ष गर्ने होस् वा Guinness Book मा नाम दर्ता गर्न सबै भन्दा ठूलो भैरवको मुखाकृतिको संरचना गर्न, उहाँको विचार धारा र सोच्ने क्षमता साधारण मानिसको भन्दा निकै अलग र अग्रज रहेको अनुभूति हुन्छ । उहाँ जस्तो महान हस्ती र एक सच्चा अभिभावकको दुःखद देहावसानले अत्यन्तै मर्माहत भएको छु । स्वतः, उहाँको सम्झनामा यस किताबको सृजना भएको हो ।

कलाकार राजकुमार शाक्यले धेरै छोटो समयमा नेपाल लगायत विश्व भरका विभिन्न स्थानहरुमा आफ्ना कृतिहरू स्थापना गर्नु भएको छ । उहाँको सबैभन्दा प्रबल र अद्भुत कलाकृतिहरु मध्ये छिमेकी राष्ट्र भूटानको ताकिल्ला मा निर्मित ११५ फिटको प्रख्यात गुरु पद्मसम्भवको मूर्ति होस् वा नेपाल कै लुम्बिनीमा अवस्थित ५० फिटको सिद्धार्थ बुद्ध, यी र यस्ता अनेकौं कृतिहरूले उहाँलाई सदा अमर तुल्याई रहनेछन् । उहाँले जति आफ्नो कलाकृतिलाई अग्रस्थानमा राख्नुहुन्थ्यो त्यहि अनुपातमा समाजको उत्थानमा पनि जीवनभर लाग्नु भयो । यी दुबै रुप त सायद प्रायले देखे वा अनुभव गरेका छन् तर उहाँ आफ्नो निजी जीवनमा पनि उत्तिकै सरल र हितैषी स्वभावका ब्यक्ति थिए । उहाँको यस छोटो जीवनमा हजारौंको संझामा मानिसहरुको मन र मष्तिस्कमा बास पाउन सफल भएका छन् । यो संस्करण, **"स्मृतिका पानाहरूमा वरिष्ठ मूर्तिकार राजकुमार शाक्य"**, उहाँको जीवनकालमा उहाँलाई नजिकबाट चिन्ने मध्ये केहि व्यक्तिहरूको अनुभव हो । उहाँ संग्लग्न हुनुभएको विविध विधाहरुलाई समेटि सोहि विधासित सम्वन्धित संस्था वा विभिन्न समयमा उहाँ सँगै नजिकमा रहेर समय व्यतित

गरेका केहि हस्तिहरु सँगको छोटो साथको मिठो सम्झना हो । उहाँलाई एक अलग धारबाट चिन्ने सुवर्ण मौका अनि उहाँको जस्तो व्यक्तित्वलाई सदा जीवन्त राख्ने मेरो एउटा सानो प्रयास हो । तपाई सम्पूर्णलाई यो विशेषांक महत्वपूर्ण लाग्नेमा विश्वस्त छु ।

हाम्रो यस कार्यलाई उत्प्रेरित गरी किताब सम्म पुर्याउन मदत गर्नु हुने सम्पूर्ण लेखकहरुलाई हृदय देखि आभार प्रकट गर्न चाहन्छु । साथै श्रद्धाञ्जली व्यक्त गर्नुहुने समस्त संघ संस्था तथा व्यक्तिहरुलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । मुख्यतया लेखहरुका सम्पादक उप-प्रा. नानी हेरा शाक्यज्यू, कम्प्युटर सेटिङ्ग तथा आवरण "क्यू ग्राफिक्स" पाटन तथा मुद्रण मञ्जुश्री प्रेस, कुसुन्ती, ललितपुर, विशेष सहयोग का लागि श्री माणिक मान शाक्य, श्री दिपा महर्जन र यस किताबको परिकल्पना गरी समायोजनको लागि मद्दत गर्नुहुने श्री उजय बज्राचार्यज्यूलाई पनि सहृदय देखि धन्यवाद अर्पण गर्न चाहन्छु । साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस किताब प्रकाशनको लागि आफ्नो अमूल्य योगदान दिनु हुने सम्पूर्ण महानुभावहरूलाई मुरी मुरी धन्यवाद ज्ञापन गर्दछु ।

उहाँ सँग संग्लग्न भएर नजिकिएका धेरै व्यक्तिहरु हुनुहुन्छ । उहाँहरुको अमूल्य शब्दहरु कलाकार शाक्यप्रति तकराउने इच्छालाई आत्मसात गर्दै अर्को संस्करणमा समावेश गर्न कोशिस गर्नेछु । यो छोटो समयमा तयार गरिएको यस ग्रन्थमा केहि भुल चुक भएको खण्डमा क्षमाप्राथि छु ।

उहाँ दिवंगत हुनुभएको ४५ दिनको पुण्य तिथि पारेर प्रकाशित गरिएको यस किताबले जिज्ञाशु कलाकार, विद्यार्थी वर्ग, अनुसन्धानकर्ता तथा भविष्यमा अध्ययन गर्न इच्छुक व्यक्तिहरूको लागि जीवन उपयोगी ज्ञान प्रदान गर्नेछ भन्नेमा म पूर्णतः आशावादी छु ।

दिवंगत कलाकार श्री राजकुमार शाक्यज्यू निर्वाणको लक्ष्यमा पुगुन् तथा शोक स्तब्ध परिवार जनलाई धैर्य धारण गर्ने क्षमता प्राप्त होस भन्ने कामना गर्दछु ।

**- सुजाता शाक्य**
पुस्तक संयोजक एवं प्रोप्राइटर
स्याक्रेड ग्यालरी
इमाडोल, ललितपुर



# विषयसूची

## परिचय


- थव ज्याः मा ज्याः (धातुपत्रकला) – *कलाकार राजकुमार शाक्य* १
- विलक्षण प्रतिभाका धनी राजकुमार – *देवेन्द्र थुम्केली* १०


## अनुभूति


- **Rajkumar Shakya: An artist of profound skill, precision, patience, and compassion** – *Guru Rinpocche* २४
- **In memory of Raj Kumar Shakya** – *Ajahn Achalo Bhikkhu* २७
- मेरो दृष्टिकोणमा दाजु राजकुमार –*रविन्द्र शाक्य* २८
- पारिवारिक र पेशागत सम्बन्धमा हामीहरु – *भाजु रत्न शाक्य* ३१
- अटुट मित्रतामा राजकुमार र म श्यामराज – *श्यामराज शाक्य* ३७
- समकालिन मित्रको झझल्को मेरो सम्झनामा –*सानुराजा शाक्य* ४०
- मौलिक कलाको अध्यापन, बिकास एवं बिस्तारमा सिद्धहस्त कलाकार राजकुमार शाक्यको योगदान – *बिकास रत्न धाख्वा* ४६
- **Why late Raj Kumar Shakya Will inspire A whole new generation of traditional artists** – *Anil Chitrakar* ५५
- पञ्चबुद्धको विशुद्धतामा रम्ने प्रीय राजकुमार – *लोक चित्रकार* ५९
- राजकुमार शाक्यसँगका सात वर्ष – *बिश्वास बज्राचार्य* ६१
- गुरु बा राजकुमारप्रति गर्वित एक कालिगढ – *भिम बहादुर तामाङ्ग* ६५
- धातुमूर्तिकार राजकुमार र उनका अनुपम कलाकृतिहरुको संस्मरण –*रत्नज्योति शाक्य* ६९
- परम्परागत कर्म र बौद्ध दर्शनको समिश्रण – *उप-प्रा नानी हेरा शाक्य* ७८
- **Rajkumar Shakya; a personal remembrance** – *Maureen Drdak* ८७
- श्रद्धेय गुरुवर राजकुमार शाक्य – *उजय बज्राचार्य* ९२

# थव ज्याः मा ज्याः
# (धातुपत्रकला)



*वरिष्ठ कलाकार*
*राजकुमार शाक्य*

**परिचय**

नेपाली परम्परागत कलाको एउटा महत्वपुर्ण विधा हो, थव ज्याः मा ज्याः अथात् **धातुपत्रकला** । कुनै पनि धातु जस्तै तामा, पित्तल, चाँदी आदिका पातामा विभिन्न कलाकृति निर्माण गर्ने प्रक्रियालाई नै धातुपत्रकला भनिन्छ । उक्त धातुका पाताहरुमा विभिन्न औजारहरुको प्रयोग गरी पातालाई दुबै तर्फबाट क्रमशः माथि र तल धकेल्ने प्रक्रिया नै धातुपत्रकला हो । नेपालभाषामा यसलाई **थव ज्याः मा ज्याः** भनिन्छ । अन्तराष्ट्रिय स्तरमा धातुपत्रकलालाई Repousse भनिन्छ । Repousse शब्द फ्रेन्च भाषाबाट आएको हो । **A literal meaning of Repousse in French is 'to push back'.**

**इतिहास**

धातुपत्रकलाको विकास ई.पु तेस्रो शताब्दीमा मध्यपुर्वी क्षेत्रबाट भएको पाईन्छ । तत्कालिन समयमा तरल पदार्थ अर्थात लेदोको उत्पादन बाट धातुका सामग्री निर्माण गर्ने परम्परा रहेको थियो । ई.पु तेस्रो शताब्दीमा ग्रीसमा निर्मित कलात्मक पाताहरु (Bronze Greek Armour Plates) नै धातुपत्रकला प्रयोग गरी बनाइएका हाल सम्म फेला परेका मध्य सबैभन्दा पुराना कलाकृति हुन् ।

नेपालमा भने धातुपत्रकलाको विकास प्राचीनकाल देखि नै भएको भएतापनि लिच्छवीकालिन समय देखि भने यस कलालाई धार्मिक एवं सांस्कृतिक क्षेत्रमा शरु भएको देखिन्छ । लिच्छवीकालिन समय भन्दा अगाडी यस प्रविधिबाट

घरायसी प्रयोगका लागि भाँडाकुडा, सजावटका लागि गरगहना बनाउने चलन रहेको देखिन्छ । तर भेटिएका प्रमाणका आधारमा धार्मिक एवं सांस्कृतिक रुपमा नेपालमा यस कलाको विकास लिच्छविकालिन समयमा भएको देखिन्छ । यसको अनुपम नमुनाको रुपमा भक्तपुरमा अवस्थित लिच्छविकालिन चांगुनारायणको मन्दिर भित्र रहेको ***गुरुदासन*** को प्रतिमालाई लिन सकिन्छ । यस्तै मल्लकालिन समयमा यस धातुपत्रकलाको विकास अझ तीव्र रुपमा भएको देखिन्छ । यसको नमुनाका रुपमा मल्लकालिन दरबार तथा मठमन्दिरहरुमा रहेका विभिन्न कलात्मक धातुका कलाकृतिहरु हुन् । तत्कालिन समयमा राजाहरु बीच आफ्नो सम्पन्नता प्रस्तुत गर्न पनि आ-आफ्नो राज्यहरुमा रहेका दरबार तथा मठ मन्दिरका छत, तोरण, झ्याल आदिमा तामा, पित्तल आदि धातुहरु प्रयोग गरी कलात्मक आकृतिहरु निर्माण गर्ने चलन रहेको थियो । तत्कालिन पाटनका मल्ल राजा सिद्धिनरसिंह मल्लले निर्माण गरेको विश्व प्रसिद्ध कृष्ण मन्दिरमा रहेका २१ वटा गजूरहरुमा धातुपत्रकला प्रयोग गरीएको छ । यस्तै काठमाडौंको स्वयम्भूनाथको चैत्यमा पनि धातुपत्रकलाको अनुपम नमुना देख्न सकिन्छ ।

यस्तै पछि गोरखाका राजा पृथ्वी नारायण शाहले काठमाडौं उपत्यकामा आफ्नो शासन थालेपछि राजा स्वयं हिन्दु धर्म प्रति बढी आस्था राख्ने भएका कारण विभिन्न हिन्दु मठ मन्दिरहरु निर्माण गर्न लगाए । उक्त मन्दिरहरुमा पनि धातुपत्रकलाको प्रयोग बढी मात्रामा गरियो । जस्तै काठमाडौंमा रहेको पशुपतिनाथ मन्दिरको चार वटै ढोका, छत, मन्दिर अगाडिको साँढे आदि सम्पुर्ण तामा, चाँदी लगायतका धातु प्रयोग गरि कलात्मक बनाइएको छ । यस्तै सन् १७९५ मा तत्कालिन राजा रणबहादुर शाहले १२ फिट अग्लो श्वेत भैरवको अनुहार यही धातुपत्रकलाको माध्यमबाट निर्माण गर्न लगाएको थियो । जुन भैरबको अनुहार प्रत्येक वर्ष ईन्द्रजात्राको समयमा काठमाडौंको बसन्तपुरमा सर्वसाधारणलाई दर्शनको लागि हाल सम्म पनि खुला गरिने गरिएको छ ।

**धातुपत्रकला प्रविधि**

धातुपत्रकला नितान्त प्राविधिक कला भएका कारण यसको प्राविधिक पक्षलाई बुझ्न सके यो कलालाई राम्रोसँग बुझ्न सकिन्छ । धातुपत्रकला मार्फत एउटा

कलाकृति निर्माण गर्न यस कलाका विभिन्न प्राविधिक पक्षहरुलाई राम्रोसँग अनुशरण गर्न जरुरी हुन्छ। धातुपत्रकला प्रविधिबाट एउटा कलाको सृजना गर्न मुख्य चार प्रक्रियामा कार्य गर्न अत्यन्त जरुरी हुन्छ।

१. च्वज्या (Sketching)
२. थ्वज्या (Embossing)
३. माज्या (Fitting)
४. कतांज्या (Embroidering)

नेपालभाषामा धातुपत्रकलालाई थ्व ज्याः मा ज्याः भनिन्छ। विशेष गरि नेवार समुदायले यो कला बढी अपनाएको हुनाले यस प्रविधिका प्राविधिक शब्दहरु पनि नेपालभाषामा नै रहेका छन्। कुनै पनि कलाको आकृति तयार गर्न सर्वप्रथम उक्त कलाकृतिको नमुना तयार गर्नुपर्ने हुन्छ। नमुना तयारी स्वरुप च्वज्या अर्थात चित्र बनाउने कार्य हुन्छ। च्वज्या प्रक्रिया हरेक कलामा आवश्यक हुन्छ। जस्तै पौभा, धातुमूर्तिकला, काष्ठकला आदि। कागजमा चित्रात्मक नमुना बनाउन सकेपछि मात्र धातुका पाताहरुमा उक्त चित्रलाई मुर्त रुप दिने कार्य हुन्छ। मुर्त रुप दिने कार्यलाई थ्वज्या भनिन्छ। थ्वज्या भन्नाले कुनै पनि धातुको पातामा विशेष औजारहरु प्रयोग गरि पाताको दुबै तर्फबाट धकेल्ने प्रक्रिया हो। थ्वज्या प्रक्रियाबाट धातुको पातामा आफुलाई चाहिने आकृतिहरु बनाएपछि उक्त आकृतिहरु एकसाथ जोड्ने प्रक्रियालाई माज्या भनिन्छ। थ्वज्या र माज्या प्रक्रियाबाट एउटा पुर्ण आकारको मुर्ति निर्माण भएपछि उक्त मुर्तिमा सजावटका लागि कार्य हुन्छ जसलाई कतांज्या भनिन्छ।

च्वज्या प्रक्रिया सबै कला निर्माणमा आवश्यक पर्ने हुनाले यस थ्व ज्याः मा ज्याः कलामा पनि यसको स्थान सर्वप्रथम नै हुन्छ। बाँकी तीन प्रक्रिया थ्वज्या, माज्या र कतांज्या यस कलामा प्रयोग हुने नितान्त महत्वपुर्ण प्रविधिहरु हुन्। कुनै पनि कलाको निर्माण गर्दा च्वज्या बाहेक अन्य तीन प्रविधिहरु एक साथ प्रयोग गर्नसकिन्छ भने कुनै दुई प्रक्रिया मात्रै पनि प्रयोग गरि कलाकृतिको निर्माण गर्न सकिन्छ।

**प्राविधिक पक्षलाई प्रष्ट्याउनको लागि निम्न उदाहरणहरु**



१. *च्वज्या* (Sketching)



२. *थ्वज्या* (Embossing)



३. *माज्या* (Fitting)



४. *कतांज्या* (Embroidering)

**थ्व ज्याः मा ज्याः / धातुपत्रकलाका लागि प्रयोग हुने परम्परागत औजारहरुको परिचय**

धातुपत्रकला अर्थात थ्व ज्याः मा ज्याः परम्परागत कलाकारिताको एउटा प्राविधिक क्षेत्र हो। यस प्रविधिबाट कलाकृतिको निर्माण गर्न विभिन्न प्रकारका परम्परागत औजारहरुको प्रयोग गरिन्छ। हुन त यस क्षेत्रमा समय र अन्य बैज्ञानिक प्रविधिको विकास सँगै आधुनिक प्रविधिहरुको पनि समिश्रण हुन थालिसकेको छ। तर परम्परागत औजारहरुको विषयमा यसरी स्पष्ट गर्न सकिन्छ।

अगाडि नै भने जस्तो धातुपत्रकला विशेषगरी नेवार समुदायले अपनाउने पेशा व्यवसाय भएका कारण यस कलामा प्रयोग हुने औजार तथा विविध साम्रगीहरुको नामाकरण नेपालभाषामै रहेको छ।

### १. खलु

थ्व ज्याः मा ज्याः प्रविधिमा प्रयोग हुने सबै भन्दा महत्वपुर्ण औजार भनेको **खलु** हो । खलु स-सानो आकार देखि ठुलो आकार सम्मको हुन्छ । यो लामो आकारमा हुन्छ जसको एक छेउ गोल हुन्छ भने अर्को छेउ चुच्चो हुन्छ । चुच्चो भागमा जोडिने अर्को खलु लाई **त्वाःखलु** भनिन्छ । निर्माण गरिने कलाकृतिको आकार अनुसारको खलु प्रयोग गरिन्छ । यस्तै खलुलाई अड्याउन प्रयोग गरिने काठलाई भने **केलं सिं** भनिन्छ । यो अँग्रेजी अक्षर A जस्तो आकारको हुन्छ ।





*केलं सिंमा खलुलाई अड्याइएको त्वाः खलु*

### २. मुगः

धातुपत्रकला प्रविधिमा प्रयोग हुने अर्को परम्परागत औजार हो, **मुगः** । फलाम, नाईलन वा जनावरको सिङ्गबाट निर्मित मुगः सामान्यत धातुको पातालाई अगाडी पछाडी दुवै तिर बाट ठोकेर एउटा निश्चित आकार दिनको लागि प्रयोग हुन्छ ।



*विभिन्न प्रकारका मुगः*

३. **कतां**

धातुका पातामा विभिन्न आकृतिहरु निर्माण गरिएपछि त्यसमा स-साना बुट्टाहरु कुदी अझ आकर्षक बनाउन कतांज्या गरिन्छ । कतांज्या गर्नको लागि प्रयोग हुने औजारलाई नै **कतां** भनिन्छ। कतांको एक छेउ चुच्चो हुन्छ भने अर्को छेउ सम्म हुन्छ। यो  लामो, गोलो, अर्ध गोलाकार वा अन्य अकार प्रकारको हुन्छ। जस्तै लामो धर्का बनाउनको लागि प्रयोग हुने कतां लाई **ध्वःकतां** वा **जोकी कतां** भनिन्छ, धातुको पातालाई समथर बनाउनेलाई **पिगु कतां** वा **मोथी कतां** भनिन्छ, विभिन्न बुट्टाहरु खोप्नको लागि प्रयोग गरिनेलाई **तुकी कतां** भनिन्छ भने धातुको पातालाई तल र माथिबाट धकेल्ने कतांलाई **गुलि कतां** भनिन्छ।



*विभिन्न प्रकारका कतां का औजारहरु*

४. **झौ**

ईंटाको धुलो र सालको रुखमा निस्कने धुलो अर्थात सालधुप लाई तेलमा मिसाएर आगोमा पकाएको लोदो पदार्थ नै **झौ** हो । धातुपत्रमा बुट्टा कुद्ने कार्य अघि उक्त पत्रमा झौ लगाइन्छ। झौ कुनै औजार त होइन तर यो पनि थ्व ज्याः मा ज्याः प्रविधिमा नभइ नहुने वस्तु हो ।



*ईटाको धुलो र सालधुपको समिश्रणलाई तेलमा पकाएर बनाएको झौ र धातुमा प्रयोग गरिएको*

खलु, मुगः, झौ आदि बाहेक पनि अन्य विभिन्न प्रकारका औजारहरु प्रयोग गरिन्छ । जस्तै त्वाकः, कैंची, ड्रील मेसिन, ग्याँस वेल्डिङ, पेन्चीस आदि ।





*अन्य विभिन्न औजारहरु*

**थ्व ज्याः मा ज्याः /धातुपत्रकालको वर्तमान अवस्था र यसको महत्व**

प्राचीनकाल मै विकास भएको थ्व ज्याः मा ज्याः /धातुपत्रकाल वर्तमान अवस्थामा सम्म पनि यो कलाले निरन्तरता पाइरहेको छ । समय र परिस्थिती अनुसार यस कलाको प्राविधिक पक्षमा भने केही परिवर्तन आएको छ । प्रविधि मात्र नभएर मानिसहरुको यस कला प्रतिको दृष्टिकोणमा पनि परिवर्तन आएको छ । प्राचीन समयमा धार्मिक सामाग्रीहरु मात्र निर्माण गर्न प्रयोग गरिने यो प्रविधि हाल सजावटका विभिन्न समाग्रीहरु निर्माण गर्न समेत प्रयोग गरिन्छ ।

यस्तै विश्वभर यस प्रविधिको प्रयोगबाट विभिन्न ठुल्ठुला सामाग्रीहरु निर्माण गर्न थालिएका छन् । यो कला हाल व्यवसायिक रुपमा नै विकास भएको छ ।


**धातुपत्रकला/थवज्यामाज्या प्रयोग गरि बनाइएका विभिन्न मठमन्दिर तथा अन्य कलाकृतिहरू**



*स्वयम्भू चैत्य*



*राजा रणबहादुर शाहले निर्माण गराएको श्वेत भैरबको अनुहार*




*कृष्ण मन्दिर*



*राजा सिद्धिनरसिंह मल्लले निर्माण गराएको मन्दिरको गजूर*

**धातुपत्रकला/थ्वज्यामाज्या प्रयोग गरि बनाइएका विभिन्न मठमन्दिर तथा अन्य कलाकृतिहरू**

| | |
|---|---|
|  |  |
| *दिपंकरबुद्ध* | *अमिताभबुद्ध मण्डला* |

| | |
|---|---|
|  |  |
| *लुँ झ्याः (स्वर्ण झ्याल)* | *तोरण* |

# विलक्षण प्रतिभाका धनी राजकुमार



*देवेन्द्र थुम्केली*

सिप र सिर्जनाको समुच्च्य रुप कला हो । कला अभिव्यक्तिको सशक्त माध्यम हो । यो मानवीय संवेग र आवेगको संयोजनबाट उत्पन्न हुन्छ । कलामा पनि गहिराइको अनुभूति गराउन सक्ने सशक्त विधाको रुपमा मूर्तिकलालाई लिने गरिन्छ । यो संस्कृति, परम्परा, मानवीय मनोविज्ञान तथा सामाजिक दृष्टिकोणसहित संवेगात्मक रुपमा आएको हुन्छ । कला मानवीय क्रियाकलापबाट उन्पन्न हुने सीप, दक्षता र सिर्जनाको त्रिवेणी पनि हो ।

यही त्रिवेणीका रुपमा परिचित प्रसिद्ध कलाकार राजकुमार शाक्यको जन्म पाटनको ललितपुर महानगरपालिका थैनामा वि.सं २०२३ साल भदौ ११ गते भएको थियो । सानैदेखि कलाप्रतिको उहाँको अनुराग विचित्र किसिमको थियो । कलाले भरिपूर्ण पाटनमा उहाँको बाल्यकाल ज्यावलसँग खेल्दै रमाउँदै बित्यो । परिवार नै मूर्तिकलामा आबद्ध भएकाले उहाँले सानैमा ज्यावलसँग परिचित हुने र तिनलाई खेलाउँदै हुर्किने वातावरण पाउनुभयो । प्रसिद्ध मूर्तिकारका रुपमा पाटनका परिचित व्यक्तित्व बुवा रुद्रराज शाक्यको काम गर्ने स्टुडियोमा पाता र ज्यावलसँग खेल्दाखेल्दै उहाँ मूर्तिकलामा पारङ्गत बन्नुभयो । त्यसमा अझ आमा सानुनानीको स्नेहपूर्ण प्रोत्साहनले मूर्तिकलालाई नै पेशाका रुपमा उहाँले अङ्गीकार गर्नुभयो । त्यसयता उहाँको कलायात्रा निरन्तर जीवनपर्यन्तसम्म जारी रहिरह्यो ।

नेपाली परम्परागत मूर्तिकलाको विकास र विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएका मूर्तिकार राजकुमारले आफ्नो जीवनकालमा देश विदेशमा दर्जनौं मूर्तिहरु प्रतिस्थापन गर्नु भएको छ ।

उहाँ परम्परागत धातुपत्र (repousse) कलाकारका रुपमा नेपाल मात्रै नभएर विदेशमा समेत परिचित हुनुहुन्थ्यो । यस परम्परामा उहाँको परिवारको लामो इतिहास छ। उहाँको वंशावली हेर्दा १६औं शताब्दीका पाटनका प्रसिद्ध व्यक्तित्व तथा पाटन महाबुद्ध मन्दिर निर्माणकर्ता अभय राजसम्म पुग्छ । अभय राजका सन्तानका रुपमा परिचित राजकुमार पाटनकै अर्का प्रसिद्ध कलाकार भीम नरसिंह शाक्य, उनका छोरा कुबेर सिंह शाक्य, नाति रुद्रराज शाक्यका सुपुत्र हुनुहुन्छ । हुनत कुबेरसिंहका अर्का छोरा केशराज शाक्यले पनि मूर्तिकलामा प्रसिद्धी कमाउनुभएको थियो ।

कलाकार राजकुमारका भाइ रवीन्द्र र राजेन्द्र शाक्य पनि यसै क्षेत्रमा आबद्ध हुनुहुन्छ । त्यस्तै उहाँका छोरा स्वरूप र सौरभ शाक्यले बुवाको बिँडोलाई धानिरहनुभएको छ । राजकुमार परम्परागत कलालाई पुनर्जीवित गर्ने बारेमा सधैं चिन्तित भइरहनहुन्थ्यो । कला साधनामै सक्रिय नेपालकै वरिष्ठ मूर्तिकार राजकुमार शाक्यको २०७८ जेठ २२ गते शनिबार असामयिक देहावसान भयो । उहाँको निधन नेपाली कला जगतकै लागि अनपेक्षित तथा अपूरणीय क्षति हो ।

**कलाको विकासक्रम**

कलाको विकासक्रम पाषाणयुगबाट नै भएको हो । शिकार गर्नेक्रममा जब मानिसले हड्डी, काठ तथा ढुङ्गाका हतियार बनाउन सिक्यो त्यहीबाट नै कलाको प्रारम्भ भयो । किनकी ती हतियार पहिलोपटक मानिसले आफ्नो सहजताका लागि आविष्कार गरेको थियो र जुन त्रि-आयामिक थिए । त्यस्तै उनीहरुले गुफामा चित्र पनि बनाए । भीमकाय जनावरबाट बच्न र शिकारको योजना बनाउने क्रममा गुफाका भित्तामा चित्रकला कोरियो । यसले शिकार गर्नका निम्ति आत्मबल बढाउन सहयोग पुग्यो । यसरी पाषाणयुगबाट प्रारम्भ भएको कलाको विकासक्रम आजसम्म आइपुग्दा निकै विकसित रुपमा अगाडि बढेको पाइन्छ । तथापि विभिन्न कालखण्डमा विभिन्न आरोह अवरोह पार गर्दै मानिसले कलामा समेत विविधिकरण गर्दै आएको छ ।

साथै सामाजिक, सांस्कृतिक तथा धार्मिक प्रयोजनका लागि पनि मानिसले कलालाई आत्मसातीकरण गर्दै आएको छ । सभ्यता निर्माण र विकासमा

कलाकै भूमिका अहम् रहँदै आएको छ । मेसोपोटामिया, इजिप्ट, सिन्धुघाँटी, चिनियाँ, ग्रीक, रोमन आदि सभ्यताको विकासमा समेत कलाकै विशिष्ट योगदान रहिआएको छ । नेपालमा पनि नेपाली सभ्यताको विकास यहाँको सापेक्षतामा भएको पाइन्छ । यसलाई कला र संस्कृतिको विकासले निकै समृद्ध बनाउन मद्दत गरेको देखिन्छ । नेपाली कला परम्पराको ऐतिहासिक पाटोलाई हेर्दा दुई हजार वर्षअघिसम्म पुग्नुपर्ने हुन्छ । यो परम्पराको ऐतिहासिक विकासको कडी हेर्दा किरात, लिच्छवी, मल्ल, शाह, हुँदै अगाडि आएको छ । यसरी विकास भएको परम्परागत कलाको प्रतिमाविज्ञान आफ्नै विशिष्टतामा आधारित छ । लामो इतिहास भएको यसको पोयोलाई अझ समृद्ध र विकसित गराउँदै कलाकार राजकुमार शाक्यले व्यक्तिगत तथा सामूहिक रुपमा अगाडि बढाएको देखिन्छ ।

**नेपाली मूर्तिकला परम्परा**

नेपाली मूर्तिकलाको ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दा दुई हजार वर्ष पुरानो रहेको छ । काठमाडौं उपत्यकामा विकसित नेपाली कलाको त्यो प्राचीनताको लामो सिलसिलवार प्रक्रियामा नेपालको मौलिक कलाको विकास हुन पुग्यो । प्रस्तर, काठ, धातु तथा माटोका मूर्ति बनाउने परम्पराको कडीलाई प्रत्येक शताब्दीमा कलाकारले मूर्त रुप दिँदै त्यसको निरन्तरतालाई अगाडि बढाए । त्यही परम्परालाई राजकुमार शाक्यले धान्दै अझै मौलिकता थप्ने काम गर्नुभयो । उहाँले बनाउनुभएका नेपाल तथा विदेशका विभिन्न स्थानमा प्रतिस्थापित मूर्ति हेर्दा यसको अनुभूत गर्न सकिन्छ । हुनत कुनै पनि सभ्यता, संस्कृति या कलाको विकास लामो प्रक्रिया पार गरेर अगाडि बढेको हुन्छ । छिनभरमै यसको उद्भव हुँदैन । सङ्घर्ष, तर्क-बहस, मानसिक, शारीरिक तथा अन्य मानवीय गतिविधिको प्रक्रियाद्वारा सभ्यता, संस्कृति तथा कलाको विकास भएको हुन्छ । नेपालमा पनि कला र संस्कृतिले लामो चरण पार गरेर मात्रै अहिलेको अवस्थामा आइपुग्न सकेको हो । यस प्रक्रियामा कलाकारको भूमिका विशेष रहँदै आएको छ ।

**धातुपत्रकलाको संक्षिप्त इतिहास**

धातुपत्रकलाको विकास ईसापूर्वको तेस्रो शताब्दीतिर एसियाको मध्यपूर्वमा भएको पाइए पनि ग्रीसमा बनेका कलात्मक पाताहरुमा नै यसका ज्वलन्त

उदाहरण छन् । यिनलाई नै अहिलेसम्म पाइएका धातुपत्रकला सबैभन्दा पुराना कलाकृति मानिन्छ । नेपालमा लिच्छवीकालमा विकास भएको धातुपत्रकला धार्मिक एवं सांस्कृतिक प्रयोजनमा बढी नै प्रयोगमा आएको देखिन्छ । यसको उदाहरण भक्तपुरको चाँगुनारायण मन्दिरभित्र रहेको **गुरुदासन**को प्रतिमा हो । मल्लकालमा धातुपत्रकलाको विकास निकै समृद्ध तरिकाले भएको थियो । यस्तै काठमाडौं उपत्यकामा रहेका वसन्तपुर दरबारक्षेत्र, पाटन दरबारक्षेत्र तथा भक्तपुर दरबारक्षेत्र, मठमन्दिर तथा बिहार, गुम्बा, स्तूपा आदिमा रहेका विभिन्न वास्तुसंरचनामा समेत धातुपत्रकला यथेष्ट बनेको पाउँछौ ।

लिच्छवी, मल्ल तथा शाहकालसम्म आइपुग्दा दरबार, मन्दिर, झ्याल, ढोका आदिमा पातामा मूर्ति उत्कीर्ण गरेर राख्ने चलन थियो । विशेष गरी राजामहाराजाले आफ्नो सम्पन्नता देखाउनका लागि दरबार, मठ मन्दिरका छत, तोरण, झ्याल आदिमा तामा, पित्तल लगायतका धातुका पातामा कलात्मक आकृति निर्माण गर्ने प्रचलन रहेको थियो । पाटनका राजा सिद्धिनरसिंह मल्लले बनाएको प्रसिद्ध कृष्ण मन्दिरमा रहेका २१ वटा गजूरमा धातुपत्रकला प्रयोग गरिएको छ । यसैगरी स्वयम्भूनाथको चैत्यमा समेत धातुपत्रकलाको कलात्मक ढङ्गले प्रयोग गरिएको छ ।

यो परम्परालाई जीवन्त बनाउन कलाकारको भूमिका अहम् रहँदै आएको छ । त्यसमा २१औं शताब्दीको प्रतिनिधि कलाकारको रुपमा राजकुमार शाक्यलाई लिन सक्छौं । मौलिकसँगै परम्परागत मान्यता र दृष्टिकोणलाई आत्मसात् गर्दै प्रतिमालक्षणमा आधारित रहेर बनाइएको कलाले नेपालको पहिचानलाई स्थापित गर्न सकेको छ । त्यही परम्परालाई जीवन्त रुपमा अगाडि बढाउने कलाकारको रुपमा राजकुमार शाक्यलाई नेपाली कला जगतले लिनुपर्दछ । परम्परागत कलालाई काठमाडौंमा नेवार कलाका रुपमा पनि चिन्दछौ । यो निश्चित मापदण्डमा रहेर बनाइने सांस्कृतिक, धार्मिक तथा सामाजिक कला हो । यसमा शास्त्रमा तोकिएको विधि विधानमा रहेर मात्रै कला बनाइन्छ । राजकुमार शाक्य पनि यही स्कुलमा रहेर धातुपत्र कला बनाउँदै आउनुभएको थियो ।

**धातुपत्रकला 'थ्व ज्याः मा ज्याः' अर्थात् रिपोसे कला**

थ्व ज्याः मा ज्याः अर्थात् **धातुपत्रकला** नेपाली परम्परागत मूर्तिकलाको एक विशिष्ट विधा हो । नेपालभाषामा '**थ्व ज्याः मा ज्याः' भनेर चिनिने** यस विधालाई विश्वमा repousse का रुपमा चिनिन्छ । यो शब्द फ्रेञ्च भाषाबाट आएको हो । अंग्रेजीमा स्टिल मेटल इम्बोसिङ वर्क तामा पनि भनिने पित्तल, चाँदी लगायतका धातुका पातामा विभिन्न कलाकृति बनाउने प्रविधिलाई धातुपत्रकला भन्ने गरिन्छ । यसमा धातुका पातामा विभिन्न औजारको सहयोग लिइ पातालाई दुवै तर्फबाट क्रमशः माथि र तल धकेलेर आकृति निर्माण गरिन्छ । 'थ्वज्या' भनेको धातुको पातामा विशेष औजारमार्फत पाताको दुवै तर्फबाट धकेल्ने प्रक्रिया हो । यस प्रक्रियाबाट धातुको पातामा चाहिने आकृति बनाएपछि उक्त आकृतिलाई एकसाथ जोड्ने कार्यलाई 'माज्या' भनिन्छ । तसर्थ 'थ्वज्या' र 'माज्या' बाट एउटा पूर्ण मूर्ति तयार पारिन्छ । मूर्ति बनिसकेपछि त्यसमा आलङ्कारिक पक्षलाई ध्यान दिइ विभिन्न बुट्टा बनाइन्छ जसलाई ' कतांज्या' भनिन्छ ।

धातुपत्रकला एक प्रविधि हो । यसमा मुख्य चार प्रक्रिया हुन्छन् । जसलाई च्वज्या (स्केचिङ), थ्वज्या (इम्बोसिङ), माज्या (फिटिङ) र कतांज्या (इम्ब्रोइडेरिङ) हुन्छन् । कुनै आकृति बनाउनु अघि पहिले त्यसको नमुनाका च्वज्या (स्केचिङ) तयार गरिन्छ । यो काम पौभा, धातुमूर्ति, काष्ठ, प्रस्तरमूर्तिकला निर्माणमा समेत गरिन्छ । कागजमा चित्रको नमुना बनाइसकेपछि मात्र धातुका पातामा चित्र कोरिन्छ । थ्व ज्याः मा ज्याः कलामा पनि स्केचको पहिले गरिन्छ । अन्य तीन प्रक्रिया थ्वज्या, माज्या र कतांज्या पनि यसमा प्रयोग हुने महत्वपूर्ण पाटा हुन् । त्रिआयामिक कलामा 'च्वज्या' बाहेक अन्य तीन प्रविधिलाई एकै साथ प्रयोग गर्न सकिन्छ । त्यस्तै कुनै दुई प्रक्रिया मात्रै प्रयोग गरेर पनि कलाकृति निर्माण गर्न सकिन्छ ।

धातुपत्रकलामा खलु (त्वाःखलु), मुगः (मुगः विभिन्न प्रकारका हुन्छन्), कतां, भ्रौ बाहेक पनि अन्य विभिन्न प्रकारका औजार प्रयोग गर्न सकिन्छ । जस्तै त्वाकः, कैंची, ड्रिल मेसिन, ग्याँस वेल्डिङ, पेन्चिस लगायतका सामग्री प्रयोग गरिन्छ ।

**राजकुमार शाक्यका कलाकृतिहरू**

नेपाली परम्परागत कलाक्षेत्रमा कलाकार राजकुमार शाक्यको कलागत योगदान विशिष्ट रहेको छ । उहाँले बनाउनुभएका कलाले नेपाली कला परम्परालाई समृद्ध बनाउनुका साथै नेपाली पहिचानलाई विश्वमै चिनाउन सहयोग पुगेको छ । उहाँले धातुपत्र कलामार्फत् आफ्नो व्यक्तिगत मात्रै नभइ राष्ट्रलाई समेत देश विदेशमा चिनाउन महत्वपूर्ण भूमिका खेल्नुभएको छ। उहाँले बनाउनुभएका केही कलाकृतिहरू यस प्रकार छन्ः

१. ७४ फिट अग्लो भैरव मास्क नेपाल प्रतिस्थापनको प्रक्रियामा छ ।
२. १६ फिट अग्लो गौतम बुद्ध बरखाम, चाइना २०२१
३. १० फिट अग्लो सारीपुत्र, बरखाम, चाइना २०२१
४. १० फिट अग्लो मौदगल्यान, बरखाम, चाइना २०२१
५. ६ फिट अग्लो चाँदिको स्तुपा, भारत
६. ५० फिट अग्लो सिद्धार्थ गौतम लुम्बिनी २०२१
७. १०.५ फिट अग्लो गौतम बुद्ध अमेरिका २०१७
८. ११५ फिट अग्लो गुरु पद्मसम्भव भुटान २०१३
९. १६ फिट अग्लो बुद्ध लुम्बिनी २०११
१०. ४२ फिट स्तुपा डिजाइन लुम्बिनी २०११
११. १०० फिट अग्लो स्वयम्भु, स्वयम्भु २०१०
१२. १२ फिटको श्वेतभैरव सांघाई चीन (वर्ल्ड एक्स्पो २०१०) २०१०
१३. ९ फिट ब्रजसत्व जापान २००९
१४. ४ फिटको तिब्बेतन सिल्भर स्तुपा धर्मशाला भारत २००८
१५. ९ फिटको बज्रसत्व नाम्खा ख्योङ जोङ मोनास्ट्री काठमाडौं २००८
१६. १० फिट अग्लो बुद्ध नाम्खा ख्योङ जोङ मोनास्ट्री काठमाडौं २००८
१७. ९ फिट अग्लो गुरु पद्मसम्भव नाम्खा ख्योङ जोङ मोनास्ट्री काठमाडौं २००८
१८. १० फिट डायमिटर कालचक्र मण्डला आम्दो तिब्बत २००७
१९. ११ फिट अग्लो सिंहासन प्रभा गुहाटी असाम भारत २००७
२०. ५ फिटको स्वयम्भु स्तुपा गुहाटी असाम भारत २००७
२१. २ फिटको सिल्भर बौद्ध स्तुपा गुहाटी असाम भारत २००७
२२. २३ फिटको तिब्बेतन स्तुपा आम्दो तिब्बत २००७

२३. १७ फिटको पिल्लर र तोरण शान्ति गुम्बा (प्यागोडा) पोखरा २००६
२४. १३ फिटको गजुर साई मन्दिर दरम्दिन सिक्किम भारत २००६
२५. पोखरास्थित शान्ति गुम्बा (प्यागोडा) को पृष्ठभागको सिन (दृश्य) तीनपट्टि पोखरा २००५
२६. ५.५ फिटको तिब्बेतन सिल्भर स्तुपा बैंगलोरस्थित हुब्ली, भारत २००५
२७. ७.५ फिटको प्रेअर व्हिल शेल्कर मोनास्ट्री बौद्ध काठमाडौं २००५
२८. ११.५ फिटको स्वयम्भु लुम्बिनी महादेवी मन्दिर २००३
२९. ८.५ फिटको बुद्ध मूर्ति शेल्कर गुम्बा जोरपाटी काठमाडौं २००३
३०. ६ फिटको बुद्ध डायना रोज, ग्यारिसन इन्स्टिच्युट २००३
३१. ११ फिटको बुद्ध एण्ड प्रभा सेट पुसान, कोरिया २००३
३२. ६ फिटको बुद्ध मूर्ति फ्रान्स (भिआइए मनाङ गुम्बा) २००२
३३. १०, ८ र ६ फिटको प्रेयिङ व्हिल अमेरिका र हङकङ, २००२
३४. ४० फिटको रिपोस (धातुपत्र कला) पार्ट तिब्बेतन स्तुपा, कपन गुम्बा काठमाडौं २००२
३५. १० फिट वर्गाकारको गुरु भैसज्य मण्डला जापान २००२
३६. १० फिटको डायमिटरको मण्डला नागाइ, ओसाका जापान २००१
३७. ७६ फिट अग्लो स्वयम्भु जर्मनी (वर्ल्ड एक्स्पो २०००) २०००
३८. २१ फिटको गजुर शान्ति गुम्बा पोखरा १९९८
३९. हारती मन्दिर स्वयम्भुको स्तुपा गजुर स्वयम्भु काठमाडौं १९९८
४०. १० फिट वर्गाकार मण्डला नकायामदेरा, ओसाका जापान १९९६
४१. रातो मच्छेन्द्रनाथ रथको परम्परागत धातुपत्र कला ललितपुर १९९०
४२. सुन र चाँदीको मण्डला गुहेश्वरी, काठमाडौं १९८५
४३. गोल्डेन सेरपेन्ट (सर्प) पशुपति, काठमाडौं १९८४
४४. सिल्भर गेट र सेरपेन्ट (सर्प) जलहरी पशुपति, काठमाडौं १९८३-८४
४५. प्रेयिङ व्हिल स्वयम्भु र बौद्ध काठमाडौं १९८३-८७
४६. स्वयम्भु स्तुपाको छाना र छत स्वयम्भु, काठमाडौं १९८२

लगायत अन्य साना ठूला थुप्रै हिन्दु तथा बौद्ध धर्ममा आधारित मूर्तिकला रहेका छन् ।

**भुटानको ताकेलामा निर्मित ११५ फिट अग्लो गुरु पद्मसम्भव**

कलाकार शाक्यले बनाउनुभएको भुटानको ल्हुन्चे जोडस्थित ताकेलामा रहेको गुरु पद्मसम्भवको मूर्ति निकै चर्चित छ । नेपाली परम्परागत कला शैलीको पहिचान दिन सक्ने उक्त मूर्ति थ्वज्या माज्या प्रविधि अर्थात् धातुपत्रकला प्रविधिमा बनाइएको हो ।

चार वर्ष लगाएर सम्पन्न गरिएको उक्त मूर्ति निर्माणको नेतृत्व शाक्यले नै गर्नुभएको थियो । मूर्ति निर्माण कार्यमा १९ जना नेपाली, ८ जना भुटानी र ३० जना भारतीयको प्रत्यक्ष तथा अन्य केही परोक्ष रुपमा संलग्न थिए । मूर्तिमा प्रयोग भएका सामग्रीमा तामाको पाता करिब ७० हजार किलोग्राम स्टिल स्ट्रकचर करिब १ लाख ७० हजार किलोग्राम, फलाम तथा अन्य सामग्री करिब १५ हजार किलोग्राम रहेको थियो । त्यस्तै मूल मूर्तिको उचाई ११५ फिट, पद्मसम्भव आसिन सिंहासनको उचाइ ४० फिट रहेको छ । तसर्थ जमिनदेखि मूर्तिको माथिल्लो भागसम्मको उचाई १५५ फिट रहेको छ । जसमा मूर्तिको अनुहार मात्रै १५ फिटको रहेको छ । सन् २०१० जुन २० देखि २०१४ मार्च २० सम्म ३ वर्ष ९ महिना लगाएर उक्त मूर्ति निर्माण कार्य सम्पन्न गरिएको थियो । विश्वकै अग्लो मानिएको उक्त मूर्ति शााक्यको कौशलता र कलागत ज्ञानको उच्चतम नमुनाको रुपमा रहेको पाइन्छ । जसले नेपाली गौरवलाई अन्तर्राष्ट्रिय स्तरमै परिचित गराउन सफल भएको छ ।

**विश्वकै ठूलो भैरव मखुण्डो**

पछिल्लो समयमा सुमेरु कलाग्रामका अध्यक्षसमेत रहनुभएका शाक्यले विश्वको सबैभन्दा ठूलो ७२ फितको भैरवको मखुण्डो बनाउने काममा जुटिरहनुभएको थियो । उहाँको निधन पश्चात् सो काम प्रतिस्थापनकै प्रक्रियामा छ । धातुपत्रमै बनिरहेको उक्त भैरवको मूर्ति प्रतिस्थापन गर्ने उहाँको सपना थियो र त्यो पूरा हुने प्रक्रियामा छ । तर त्यसको पूर्ण रुप भने उहाँले देख्न पाउनुभएन । त्यस मूर्तिले नेपाललाई विश्वमै चिनाउन मद्दत गर्ने विश्वास उहाँमा थियो ।

**प्रदर्शनी तथा डेमोस्ट्रेसन**

कलाकार राजकुमार शाक्यको सन् २००७ मा बैंककमा थाई राजाको ८०औं

जन्मदिनको अवसर पारेर गरिएको ‘द इन्टरनेसनल आर्ट अफ धम्म’ प्रदर्शनीमा ‘पाँच फिटको ‘स्वयम्भु स्तुपा’ राखिएको थियो । सन् २००६ मा काठमाडौंस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भएको सातौं हस्तकला व्यापार मेलामा १० फिटको ‘शाक्यमुनि बुद्ध’ र साढे पाँच फिटको ‘तिब्बेतन सिल्भर स्तुपा’ प्रदर्शनीमा राखिएको थियो । सन् २००६ मा पाटनको ओकुबहाल स्ट्रिट फेस्टिभलमा १० फिटको ‘शाक्यमुनि बुद्ध’ मूर्ति राखिएको थियो । सन् २००५ मा बुद्धिस्ट मोनास्ट्री एसोसिएसनको २९औं वार्षिकोत्सवमा २३ फिट अग्लो तिब्बेतन स्तुपा र ९ फिट अग्लो पद्‌मसम्भवको मूर्ति प्रदर्शनी भएको थियो । सन् २००४ मा बुद्ध जयन्तीको अवसर पारेर ९ फिट अग्लो पद्‌मसम्भवको मूर्ति प्रदर्शनी पाटनकै ओकुबहालमा भएको थियो ।

उहाँको सन् २००० मा जर्मनीमा भएको वर्ल्ड एक्स्पोमा ७६ फिट अग्लो स्वयम्भुको मूर्ति प्रदर्शनीमा राखिएको थियो । सन् २००० मा बुद्धिस्ट मोनास्ट्री एसोसिएसनको २५औं वार्षिकोत्सवमा भएको ललित बुद्धिस्ट आर्ट एग्जिविसनमा १२ फिटको स्वेतभैरवको मास्क र २ मिटर डायमिटरको हेब्रज मण्डला प्रदर्शनी भएको थियो ।

नेपाल भ्रमण वर्ष १९९८ को सन्दर्भ पारेर पाटनको ओकुबहालमा उहाँले धातुपत्र कला निर्माण प्रक्रिया र विधिका बारेमा प्रत्यक्ष मूर्ति निर्माण गर्नुभएको थियो । ललित फेस्टिभलको अवसर पारेर उहाँले नेपाल भ्रमण वर्ष १९९८ को अवसरमा अक्षेश्वर महाबिहारमा समेत गुह्यसमाज मञ्जुब्रजको मण्डला (पाउडर) को बनाउनुभएको थियो । सन् १९९७ मा उहाँले पाटन सङ्ग्रहालयमा धातुपत्रमा बनाइएको भैरव मास्क प्रतिस्थापित गर्नुभएको थियो जुन अहिले त्यहाँ स्थायी रुपमा राखिएको छ ।

**डिजाइन रचना**

शाक्यले सन् २००८ मा भुटानको ताकेलामा ११५ फिट अग्लो गुरु पद्‌मसम्भव र सिंहासनको मूर्ति बनाउनुभएको छ । सन् २००३ YMBA का लागि उहाँले बही (किन्हु) को प्राचीन वास्तुकलाको डिजाइन बनाउनुभएको थियो । सन् १९९७ मा नेपाल हस्तकला संघको लोगोको डिजाइनसमेत उहाँले बनाउनुभएको

थियो । स्वयम्भु स्तुपाको डिजाइन तुका बहाल सन् १९९७ मा बनाउनु भएको थियो । उहाँले १९९६ मा भैरवहवामा स्वयम्भु स्तुपाको डिजाइन पनि गर्नु भएको थियो । उहाँले अक्षेश्वर महाबिहार पुल्चोक र शाक्य सिंह बिहारको थैना ललितपुरको सन् १९९४-१९९६ को बीचमा प्रवेशद्वार बनाउनुभएको थियो । रक्षेश्वर महाबिहार पुल्चोक ललितपुर, थानकोट बिहार, थानकोटको सन् १९९५ मा र सन् १९९४ मा बुङमती बिहारको डिजाइन बनाउनुभएको थियो । त्यस्तै, स्वयम्भु स्टेज अक्षेश्वर महाविहार पुल्चोक १९९३ र स्वयम्भु स्तुपा शाक्य सिंह बिहार थैना ललितपुरको पनि १९९० मा डिजाइन गर्नु भएको थियो ।

**राजकुमारको बहुआयामिक व्यक्तित्व**

राजकुमार शाक्य एक बहुआयामिक कलाकारी व्यक्तित्वको रुपमा परिचित हुनुहुन्थ्यो । उहाँले मूर्तिकला, चित्रकला तथा आवश्यक पर्दा वास्तुकलाका विविध पक्षमाथि पैरवीसमेत गर्दै आउनुभएको थियो । ठूल-ठूला मूर्तिको इन्जिनियरिङ पक्षको पनि उहाँसँग त्यत्तिकै ज्ञान थियो । एउटा मूर्तिलाई सन्तुलित रुपमा अड्याउन त्यसको इन्जिनियरिङ पक्षको पनि ज्ञान हुन जरुरी हुन्छ । यसमा उहाँको विशेष दखखल रहेको पाइन्छ । उहाँमा रहेको ज्ञानको समग्रता हेर्दा कलागत दक्षतासँगै त्यसको सही ढङ्गले व्यवस्थापन गर्ने खुबी पनि थियो । प्रतिमालक्षणको ज्ञान, कला निर्माणमा दक्षता, प्रशिक्षक, असल व्यवस्थापक र सिर्जनात्मक पक्षमा ध्यान दिन सक्ने विशिष्ट क्षमता राजकुमारमा रहेको थियो । सिर्जना, दक्षता, व्यवस्थापन, प्रविधि तथा इन्जिनियरिङ पक्षको ज्ञान रहेकै कारण उहाँलाई २१औँ शताब्दीको अरनिकोको रुपमा हामीले पाएका थियौं ।

उहाँले जहिल्यै दक्षता, सीपविकास र सिर्जनापक्षमा ध्यान दिनुपर्ने विषयमा जोड दिँदै आउनुभएको थियो । यसै सन्दर्भमा उहाँ एक कुशल प्रशिक्षकका रुपमा नेपाली परम्परागत कला स्कुलमा परिचित हुनुहुन्थ्यो । उहाँको कलाकारी व्यक्तित्वलाई निखार्न उहाँको प्रशिक्षकीय भूमिकाले समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको पाउन सक्छौ । उहाँले योङ मेन बुद्धिस्ट एसोसिएसन (YMBA) ललितपुरमा तीन महिनासम्म परम्परागत नेपाली धार्मिक बिम्ब तथा प्रतीकलाई कलामा कसरी ढाल्न सकिन्छ भनेर प्रशिक्षण दिनुभएको थियो ।

यस्तै, नेपाली धार्मिक देवदेवी तथा परम्परागत बिम्ब एवम् प्रतीकको शारीरिक बनावट (एनाटोमी) सम्बन्धी प्रशिक्षकका रुपमा काम गर्नुभएको थियो । यसको संयोजन चित्र तथा मूर्तिकला प्रशिक्षण व्यवस्थापन समिति बुद्धिस्ट गुम्बा ललितपुरले गरेको थियो । जहाँ उहाँले दुई वर्षसम्म पाँच वटा समूहलाई उक्त विषय सिकाउनुभएको थियो । यसैगरी नेपाल हस्तकला संघमार्फत उहाँले एक महिने धातुपत्र कलासम्बन्धी तालिम दुई पटक दिनुभएको थियो ।

**शाक्यको सामाजिक व्यक्तित्व**

राजकुमार शाक्य कलाकार मात्रै नभएर समाजका विविध गतिविधिमा आफूलाई संलग्न गराउँदै सामाजिक कर्ममा समेत उत्तिकै सक्रिय रहँदै आउनुभएको थियो । उहाँ जहिल्यै पनि समूहमा रहेर काम गर्न रुचाउनुहुन्थ्यो । उहाँले कतिपय अवस्थामा त्यसको नेतृत्व गर्दै समाजका साथै कलाक्षेत्रको विकासका निम्ति महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको थियो । कुनै पनि कामको व्यवस्थापन, अभिलेखीकरण, डिजाइन, कलात्मक पक्ष, सामूहिकता लगायतका विषयमा उहाँको मार्गनिर्देशनीय भूमिका रहन्थ्यो । साथै यी विषयमा उहाँको अद्भूत ज्ञान रहेको अनुभूत परम्परागत कलाक्षेत्रले गरेको हामीले पाउँछौं ।

उहाँको खासगरी सामाजिक, सांस्कृतिक तथा धार्मिक क्षेत्रमा बढी संलग्नता रहेको थियो । पछिल्लो समय उहाँ नेपाल आर्ट भिलेज र सुमेरु कलाग्रामको अध्यक्षका रुपमा सक्रिय रहँदै आउनुभएको थियो । सुमेरुमा त उहाँ उपाध्यक्ष २००७ देखि २०१३ सम्म) र कोषाध्यक्ष (२००४-२००७) रहिसक्नुभएको थियो । टेम्पल क्राफ्ट थैना पाटन र महाबुद्ध मन्दिर संरक्षण समिति महाबुद्ध पाटनको पनि उहाँ अध्यक्ष हुनुहुन्थ्यो । महाबुद्ध मन्दिर संरक्षण समितिमा उहाँ २००५-२००८ सम्म उपाध्यक्ष, २००२ देखि २००५ सम्म सचिव पदमा रहेर काम गरिसक्नुभएको थियो र अध्यक्ष पनि हुनु हुन्थ्यो ।

यसैगरी उहाँ योङ मेन बुद्धिस्ट एसोसिएसन (YMBA) मा सन् १९९५-९७ सम्म कार्यकारी सदस्य, चित्र तथा मूर्तिकला प्रशिक्षण व्यवस्थापन समिति, बौद्ध बिहार संघ ललितपुरको कार्यकारी सदस्य १९९८-२००६ सम्म **र** भाइस प्रिन्सिपल एवम् शिक्षक १९९८-२००६ सम्म आफ्नो जिम्मेवारी निर्वाह गर्नुभएको थियो ।

उहाँ थैना टोल सुधार समिति अध्यक्ष (२००७-२००९), उपाध्यक्ष (२००५-२००७), कार्यकारी सचिव (२००३-२००५), रोटरी क्लब अफ महाबुद्ध भोकेसनल डाइरेक्टर (२००३-२००५) भइ आफ्नो भूमिका निर्वाह गर्नुभएको थियो । यस्तै उहाँ अन मेटल्स् आर्टस् एण्ड क्राफ्टका संस्थापक र लोकसाहित्य परिषद्को मानार्थ सदस्य समेत हुनुहुन्थ्यो ।

**पुरस्कार तथा सम्मान**

कला तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याउनुभएका शाक्यलाई विभिन्न संघसंस्थाले पुरस्कृत तथा सम्मानित गरेका छन् । उहाँलाई नेपाल हस्तकला महासंघले 'बेस्ट आर्टिस्ट अफ द एअर' बाट सम्मान गरेको छ । यस्तै 'कला क्षेत्र सम्मान' हलिन नेवा दबु काठमाडौं २०२१, नेपाल बंगलादेश फ्रेन्डसिप अवार्ड २०१९, 'ज्यापु विशेष सम्मान (धातु मूर्तिकार)' ज्यापू कल्चरल डेभलपमेन्ट ट्रस्ट (जेसिडिटी) काठमाडौं २०१६, ' धातु प्रविधि सम्मान' नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान खुमलटार ललितपुर २०१५ पाउनुभएको थियो । यसैगरी कलाकार राजकुमार शाक्यले 'भोकेसनल अवार्ड' रोटरी क्लब अफ पाटन २००५, नेपाल सरकारबाट प्रबल गोर्खा दक्षिणबाहु २०००, सर्टिफिकेट अफ एक्सिलेन्स अवार्ड, चित्र तथा मूर्तिकला प्रशिक्षण व्यवस्थापन समिति, बुद्धिस्ट मोनास्ट्रिज एसोसिएसन अफ ललितपुर १९९६ बाट सम्मानित तथा पुरस्कृत हुनुभएको थियो ।

उहाँले नेपाल भाषा मंका खलः बाट सन् १९९४ मा मण्डला निर्माण प्रतियोगितामा प्रथम पुरस्कार पाउनुभएको थियो । त्यस्तै, उहाँलाई स्कोप कोअपरेटिभ ललितपुरले २०१५, थैना टोल सुधार समितिले २०१४, सुमेरु कलाग्रामले २०१४, नेपाल हेरिटेज सोसाइटीले २०१४, रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ रोट्र्याक्ट क्लब अफ नेपाल २०१३, पाटन संग्रहालयको १६औं वार्षिक अवसरमा २०१२, बज्र कला कुञ्ज २००९, राष्ट्रिय सरोकार अभियान नेपाल २००८, राष्ट्रिय सांस्कृतिक मञ्च २००८, अक्षेश्वर महाबिहारको सिल्भर जुब्लीको अवसरमा २००० मा (दुई पटक), लोगो डिजाइन गरेवापत् मयुर वर्ण महाबिहार ललितपुरले बुद्ध जयन्तीको अवसर पारेर १९९८ मा, अकुपेसनल प्रोफेसनल मेटल क्राफ्ट आर्टिसन कोअपरेटिभस् एसोसिएसन ओकुबाल

ललितपुर १९९८, स्वयम्भु डिजाइन बनाएवापत् अक्षेश्वर महाबिहारले बुद्ध जयन्तीको अवसर पारेर १९९३ मा प्रशंसा पत्रद्वारा सम्मान गरेका थिए । उहाँले भारत, जापान, बंगलादेश, थाइलैण्ड, चीन, हङकङ, भुटान, कोरिया लगायतका देश भ्रमण गर्नुभएको थियो ।

**निचोड**

नेपाली मूर्तिकलाको विकासमा र विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएका वरिष्ठ मूर्तिकार राजकुमार शाक्य परम्परागत धातुपत्रकलाका सिद्धहस्त व्यक्तित्व हुनुहुन्थ्यो । उहाँका कलाकृतिमा मौलिकतासँगै शास्त्रीय पक्ष सबल रुपमा उद्घाटन भएको पाइन्छ । प्रतिमालक्षणमा आधारित रहेर उहाँले बनाउनुभएका कलाकृतिमा देखिने दक्षता, सीपगत ज्ञान, सिर्जना तथा इन्जिनियरिङ पक्ष नै उहाँको पहिचान बन्न पुगेको छ ।

पातामा मूर्ति बनाउनेमा नेपालको पुरानो वैभवशाली परम्परालाई जीवन्त राख्दै त्यसको सीपगत पक्षको प्रचार तथा सम्प्रेषणमा समेत उहाँको विशिष्ट भूमिका रहेको छ । पातामा मूर्ति बनाउने परम्परा थोज्याःमाज्याः, यसको संरक्षण, प्रवर्द्धन र विकासका लागि उहाँले दिएको योगदान नेपाली कलामा अतुलनीय रहेको छ ।

**सन्दर्भसूची**

उपाध्याय, डा. भगवतशरण, **भारतको मूर्तिकला की कहानी** ।

काफ्ले, देवेन्द्रकुमार, नेपाली कलामा स्वदेशी बिम्व (अप्रकाशित शोधप्रबन्ध), काठमाडौं, काठमाडौं विश्वविद्यालय सेन्टर फर आर्ट एण्ड डिजाइन, २००९ ।

थुम्केली, देवेन्द्र, **नेपाली कला–संस्कृतिको राष्ट्रिय नीति**, सिद्धार्थ आर्ट फाउण्डेशन, काठमाडौं, २०७३ ।

नेपाल सरकार संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय, *नेपाल ललितकला संस्था र ललितकला क्षेत्रका समस्या समाधानसम्बन्धी सुझाव कार्यदलको प्रतिवेदन,* २०६५, सिंहदरबार, काठमाडौं २०६५ ।

बाथम, रुपनारायण, *पारिभाषिक कला कोष,* नयाँ दिल्ली, १९९४ ।

मल्ल, मुकेश, *नेपाली समसामयिक मूर्तिकलाको ऐतिहासिक रुपरेखा,* नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०७५ ।

मिश्र, मनुजबाबु, *विश्वकलाको इतिहास,* काठमाडौं, पाठ्य विकास केन्द्र त्रिवि २०३९ ।

राजभण्डारी, नवीन्द्रमान, *पाश्चात्य कला सङ्क्षिप्त इतिहास दोस्रो भाग, सिर्जना कलेज अफ फाइन आर्टस्, काठमाडौं २०७७ साल ।*

.........., *ललितकला द्वैमासिक,* वर्ष १ अंक १ देखि १८ अंक सबै, काठमाडौं २०६१-२०६६ ।

क्षेत्री, प्रा.डा.गणेश, उप.प्रा.रामचन्द्र रायमाझी, *नेपाली कला, वास्तुकला र प्रतिमालक्षण,* एसिया पब्लिकेसन्स, काठमाडौं २०६० ।

**पत्रिका**

थुम्केली, देवेन्द्र, *नेपाली कलाको ऐतिहासिक विकासक्रम,* सौर्य दैनिक २०७७ असोज ५ ।

♦

# Rajkumar Shakya: An artist of profound skill, precision, patience, and compassion



*Guru Rinpocche*

In 2004, I was designing the temple for the World Center for Peace and Unity, at the United Nations' World Heritage development site in Lumbini. In addition to a large Buddha Shakyamuni in the Main Hall, we were planning dozens of statues both in the Main Hall and ringing the shrine in a Circumambulation Corridor we use for walking meditation. We wanted a very specific style for these statues: the style used between the 7th and 13th centuries, which was the height of Buddhist artistic expression. We would need a highly trained artist to make these statues. My search began.

Patan, Nepal is undisputedly the epicenter of contemporary Buddhist arts, and is a logical place to find such an artist. My late great uncle—who almost single-handedly built Sankhu Monastery—was in Nepal and able to help. Many of my relatives, who are also artists, spoke with him, recommending Rajkumar as the best choice particularly for large artworks. My great uncle and Rajkumar came to an agreement that Rajkumar would create many of the large statues for the Center.

Rajkumar Shakya was a true master of repousse: beating sheets of precious metal from the reverse side to create a shape or pattern in high relief. This technique is particularly useful for large statues; our sitting Buddha statue in Lumbini is five meters tall.

He was also an inspired choice for us, as he offered a deep level of collaboration and service. These were among his hallmarks. Most artisans are only knowledgeable about contemporary

or more recent styles, which are very different from what we wanted. It is not easy for professionals to change their way of working, but Rajkumar was very open to our ideas, listened carefully, and adapted his style to the needs of the project. We worked together to determine the exact designs for each statue.

I mainly researched Indo-Tibetan written and practice sources and some ancient Indian iconography; Rajkumar researched Newari sources in museums, libraries, and temples throughout Kathmandu. We took inspiration from statues of all kinds—stone, copper, and bronze of the period. We wanted the statues, particularly the Buddha in the Main Meditation Hall, to be both magnificent and minimal; I have found that this is very peaceful, and very powerful. Later styles are often gilded, but I find the gold a distraction when meditating, whereas sitting before the simpler design and darker color of an unadorned copper statue is conducive to reaching a deep meditative state.

Rajkumar and I worked closely together. He said that often, when someone commissions a statue, they only specify the name, size, and whether the statue should be gold plated or not. But we collaborated on every inch, discussing style, proportion, expression, finish—everything. I offered my ideas; he offered his ideas; we went back and forth—and when we didn't agree we researched further until we came to a mutual decision. Rajkumar was already extremely knowledgeable; he was also very precise, paying attention to every tiny detail, listening carefully, and noting all the requirements. He never forgot anything we discussed, recalling all the specifics from one conversation to the next, which made him a pleasure to work with.


Although this collaboration began with the statues for the World Center for Peace and Unity, we worked together for more than a decade, jointly designing statues for the Dharmakaya Center for Wellbeing in New York and the Trungram Monastery in Eastern Tibet, as well. Each statue is unique; each is custom made. We began with the historic resources, then considered the effect on the practitioners, creating written and visual descriptions before he began his work.

Rajkumar Shakya will be considered in the pantheon of great Buddhist artists, on par with the 13th century master Araniko. His work inspires people not only across Nepal, but in Bhutan, China, Japan, South Korea, France, Italy, and the United States. I have meditated before his statues both in Lumbini and New York, and have joined others in finding it a profound experience.

We will remember Rajkumar for his superb skill, his extraordinary patience and precision, and his deep kindness and compassion. Even though he passed away far too young, I am sure he left his skills to his brothers and students, ensuring that these vital artistic traditions will be kept alive for the benefit of future generations.

♦

# In memory of Raj Kumar Shakya



*Ajahn Achalo Bhikkhu*

In searching for an artist to create a suitably uplifting and auspicious repoussé panel to install at the entrance of my reception and teaching hall in the north of Thailand, I was directed to Mr. Shakya, as the preeminent artist in Nepal for such a project. Upon entering his workshop his masterful skill was immediately and strikingly apparent in the numerous projects underway. Working at such a large scale and maintaining such an exquisite sense of refinement, detail and balance in his work was something unique in Nepal, if not the world. Although recognized as one of the greatest artists in Nepal, equally striking as his work was Mr. Shakya's friendliness and humility. Despite being extremely busy and undoubtedly under pressure from work deadlines he exuded a joyful and even playful manner discussing design details. Rajkumar Shakya was focused and attentive, determined to understand and reproduce precisely what I had in mind. The fusion of an ancient masterpiece in a form is suitable for a more contemporary setting. This was a man who clearly loved his work and his art. It was an honor and pleasure to have met and collaborated with him, and I consider myself very fortunate in having one of his last great works at my monastery. His passing is a great loss and my deepest sympathies go out to his family and friends and to all who were touched by his great talent.

May the great merits accumulated through playing a central role in developing renowned places of Buddhist practice be a source of blessing to Rajkumar in all of his lives until attaining Buddhahood!

♦

# मेरो दृष्टिकोणमा दाजु राजकुमार



*रविन्द्र शाक्य*

मेरो आदरणीय दाजु राजकुमार शाक्यको जन्म बि.सं. २०२३ साल भाद्र ११ गतेका दिन पिता रुद्रराज शाक्य र माता सानुनानी शाक्यबाट पाटन स्थित ओकुबहाल, महाबौद्ध - ०६, थंईना टोलमा पुस्तौ पुस्ता देखि नै कलाकारिता क्षेत्रमा समर्पित रहेको बौद्ध परिवारमा भएको थियो । त्यसको ठिक सात वर्ष छ महिना पछि मेरो जन्म बि.सं. २०३० साल फागुन ११ गते भयो । यसरी हामी पाँचजना छोराछोरीहरुमा क्रमशः राजकुमार शाक्य, शर्मिला बज्राचार्य, अनि म रविन्द्र शाक्य, गुण लक्ष्मी बज्राचार्य र राजेन्द्र शाक्यको जन्म यसै परिवारमा भयो । जीवनयापनका लागि मैले पनि हाम्रो पुर्ख्यौलि थ्वज्याः माज्याः को विधालाई नै पेशागत कर्मको रुपमा अपनाउँदै आईरहेको छु ।

त्यस बेलाको आमसामाजिक परिवेश जस्तै हाम्रो पनि बाल्यकाल हुँदा घरको आर्थिक अवस्था निकै कमजोर थियो । परिवारमा मेरो दाजु जेठो भएको कारणले गर्दा धेरैजसो कामकाज र व्यावहारिक जिम्मेवारी उहाँकै काँधमा हुन्थ्यो । त्यसैले घरको आर्थिक अवस्था र सामाजिक दायित्वपनि उहाँले नै सम्हाल्नु पर्दथ्यो ।

घरायसी अवस्थाले गर्दा हामीहरु बाल्यकाल देखि नै काममा लागिरहनुपर्ने वातावरण थियो । मलाई सानैदेखि नै उहाँले परम्परागत बुट्टाहरु लेख्ने अभ्यासमा लगाईरहनु हुन्थ्यो । काम सिक्ने सिलसिलामा पूजा गर्ने पूजा थालीमा उहाँले बुट्टा लेखि दिनुहुन्थ्यो र त्यसमा मलाई बुट्टा कुइन लगाउनु हुन्थ्यो । यसरी बिस्तारै उहाँको साथमा काम सिक्दै जाँदा मूर्तिहरु पनि बनाउन जान्ने हुँदै गए ।

दाजुको बेलिविस्तारपूर्वक कतिपनि अल्छि नमानी धैर्यताका साथ सिकाउने बानी थियो। यसै प्रकारले उहाँले केही पनि कुरामा गुरुमुष्टी नराखी परिवार भित्र र बाहिरका सबैलाई समान तवरले सिकाउनुहुन्थ्यो। त्यसैगरि उहाँकै पछि लागेर बौद्ध विहार संघद्वारा संचालित चित्र तथा मूर्तिकला प्रशिक्षण केन्द्रमा सहभागि भई दुई वर्षको अध्ययन पूरा गरेको थिए।

म बच्चै देखि काम कै सिलसिलामा धेरै जसो उहाँ सँगै रहन्थे र मैले जानेको सहयोग गरिदिने गर्दथे। एक दिनको दुर्घटना हो त्यो, म उहाँले काम गरिराखेको ठाउँमा हेरिराखेको बखत दाईले कलशबाट लाहा पगालेर निकाल्दै गर्दा अचानक त्यो कलश पड्केर दाईको शरिरभरी परेर फोका फोका उठेपछि उहाँ महिनौ सम्म अत्यन्तै कठिन स्वास्थ्य अवस्थामा रहनु परेको त्यो कष्टकर समयको सम्झनाले मलाई अहिले पनि बेचैन बनाईरहन्छ।

उहाँलाई हाम्रो मामाघरमा र मामाघरको छरछिमेकहरु सबैले गुणभाई भनेर बोलाउनु हुन्थ्यो भने टोल छिमेकमा चाहिँ जगतराज भनेर बोलाउनु हुन्थ्यो। विद्यालयमा राजकुमार शाक्य नाम भएको हुनाले पछि सबैले यहि नामबाट चिन्न थाले र यसै नाम मार्फत कलाजगतमा उहाँ चिरपरिचित हुन सफल हुनुभयो। उहाँको खुबी र स्वभावको कुरा गर्नुपर्दा हुने विरुवाको चिल्लो पात भनेको जस्तै सानै उमेर देखि मेहनती र लगनशील थिए। आखिर त्यही लगावका कारण उहाँले जीवनमा प्रख्यातिको उचाई चुम्न सकेको मेरो बुझाई हो। मलाई सम्झना भए अनुसार उहाँ विद्यालयमा हुने हरेक कार्यक्रममा भाग लिने, नाटकहरुमा पनि अभिनय गर्ने र चलचित्रहरु हेर्न पनि औधि सौखिन थिए। उहाँको यस्तै यस्तै नेतृत्वदायी भूमिकाले गर्दा होला उहाँका समकक्षी साथीहरु गुरु भनेर बोलाउने गर्दथे। कामबाट फुर्सद पाएको चाँडपर्वका समयमा सिनेमा हल, अर्काको घरमै पनि पैसा तिरेर टेलिभिजन हेर्न जाने बेला म पनि धेरै पटक उहाँको साथलागेर हिडेको याद छ। अनि यस्तो सिनेमाका कहानिहरु अरुलाई कथा जस्तो सुनाउने उहाँको अति अनौठो र रमाईलो बानि थियो। यसैगरी उहाँलाई गायनमा पनि शौख थियो, पछिल्लो समयमा नयाँ नयाँ प्रविधि आएपछि म्यूजिक ट्र्याकमा गीत गाएर पारिवारिक र साथीभाई बिचको जमघटलाई अझ रमाईलो बनाउने गर्नु हुन्थ्यो। यसप्रकार आफ्नो कामको साथसाथै अन्य विविध

क्रियाकलापमा पनि चासो र संलग्नता राख्न रुचाउनु हुन्थ्यो ।

संयुक्त व्यवसायको सम्बन्धमा उहाँले भुटानमा १५५ फिट अग्लो विशाल गुरु रिम्पोक्षको मूर्ति बनाउने काम सम्पन्न गरेर फर्किएपछि हामी तीन दाजुभाई आधिकारीक रुपमा छुट्टिएर अलग अलग व्यावसायिक संस्था नै दर्ता गरेर व्यवसाय संचालन गर्ने निर्णयमा पुगेका थियौं । त्यस पश्चात पहिला देखि संचालनमा रहेको "अन मेटल आर्टस् एण्ड क्राफ्टस्" नामको संस्थालाई उहाँले निरन्तरता दिनुभयो भने "ईमेज एतिलियर" नामक व्यवसाय मैले र "क्रियटिभ मेटल क्राफ्ट" नामको संस्था मेरो अनुज राजेन्द्र शाक्यले चलाउन थालेका थियौं । यसरी अलग अलग कारखानाबाट हाम्रो काम फैलिए पनि हरेक कामको बारेमा भने सर-सल्लाह र सहकार्य गरि नै रहेका हुन्थ्यौं । निश्चय नै अब उपरान्त दाजुले चलाईरहेको व्यवसायलाई उहाँका छोराहरु स्वरुप र सौरभ शाक्यले दुवै मिलेर चलाउनेमा हामी सबै ढुक्क छौं । सबैलाई जानकारी भएको कुरा नै हो कि केही समय अगाडि मात्र स्वरुप र सौरभ क्रमशः निसला शाक्य र प्रक्रिति शाक्यसँग बैवाहिक जीवनमा बाँधिएको थियो । एकाएक छोटो समयको अन्तरालमा बुबा र दाईलाई गुमाउनु पर्दा नव प्रवेशित बुहारीहरु पनि निकै दुःखीत भएका छन् । जे हुनु भई सकियो, अब दाईको पदचापलाई अनुशरण गरेर भतिजाहरु निर्धक्क अगाडि बढ्ने नै छन् । त्यसो त दुवैले आफुले गर्न सक्ने र गर्न जान्ने उमेर देखि नै यसै काममा लागिरहेको हुनाले यस व्यवसायको कामकाजहरुलाई निरन्तरता दिन खासै गाह्रो नहुने मेरो बुझाई छ । तर पनि यसको विगतको गतिलाई अझ उत्थान गर्नका निमित्त भने थप लगनशिल भएर लागिपर्नेमा विश्वस्त छु । सदा झैं सबैको साथ सहयोग सल्लाह सहित दाजुको सपनालाई साक्षात्कार गर्ने अवसरको रुपमा उनीहरु अग्रसर हुनेमा आशावादी छु ।

अन्तमा, हामी बाल्यकालदेखि नै सहकार्य गर्दै दाईको जीवनको अन्तिम समय सम्म पनि त्यही तवरले नै हाम्रो पेशागत र पारिवारिक जीवन चलिरहेको थियो । तर यसरी घरकै जेठो आदरणीय पिता रुद्रराज शाक्यको निधनको केही दिनपछि घरकै अर्को अग्रज सदस्य दाजुको असामायिक र अकल्पनिय देहावशानले हाम्रो परिवारका सदस्हरु सबै टुहुरा र दुःखित भएका छौं । उहाँहरुको आत्माले चिर शान्ति पाओस् र सुखावति भुवनमा बास होस् भनि कामना गर्दछु ।

# पारिवारिक र पेशागत सम्बन्धमा हामीहरु



*भाजु रत्न शाक्य*

राजकुमार शाक्यसँग मेरो पहिलो भेट २०४६ सालतिर विशेष कामले एकजना दाई पद्मरत्न मार्फत मेरो आफ्नै घरमा थोरै समयको लागी मात्र भेट भएको थियो। त्यसपछि २०४६ सालको माघ महिनामा हाम्रो यो भेट नातामा परिणत भयो अथवा मेरी बहिनी उर्मिला शाक्यको विवाह राजकुमार शाक्यसँग भए लगत्तै उहाँ हाम्रो ज्वाई साहेब हुनु भएको थियो भने म नाताले उहाँको जेठान भएँ। त्यसपछि उहाँसँग पारिवारिक भेटघाट तथा कामसँग सम्बन्धित अन्य कामहरुले पनि निरन्तरता पाउँदै गयो। यसरी उहाँसँग नजिकिदै जाँदा मैले उहाँमा अद्‌भुत गुण तथा विशेषताले भरिएको मानवको रुपमा बोधिसत्व नै पाएँ। उहाँ आफै कुशल कलाकार त हो नै, त्यसको अलावा सिप सिकाउन दक्ष हुनुका साथै मानवता, दयामाया तथा करुणाले भरिपूर्ण व्यक्ति हुनुहुन्थ्यो। उहाँमा फरासिलो व्यवहार, हँसिलो स्वभाव र शान्त बानी व्यवहार थियो भने अन्य व्यक्तिहरुलाई हरेक किसिमले सहयोग गर्ने, सबैलाई समान व्यवहार गर्ने सहृदयी व्यक्तित्व हुनुहुन्थ्यो।

उहाँले आफ्नै कार्यशाला अथवा ज्यासल तथा अक्षेश्वर महाविहार, पुल्चोकमा पनि युवाहरुलाई सिप सिकाउने कार्य गर्नु भएको थियो। उहाँबाट सिप सिकेका युवाहरु अहिले आएर धेरै राम्रा कलाकारको रुपमा उत्पादन भएको देखेर म ज्यादै प्रभावित एवं हर्षित छु। उहाँसँग मैले भुटानको दुर्गम स्थान ल्हुन्त्से जिल्ला स्थित ताकिल्ला भन्ने ठाउँमा पद्मसम्भवको १५५ फिट अग्लो मूर्ति बनाउने सुअवसर प्राप्त गरेको थिएँ। यस कार्यको दौरानमा ग्राफमा प्रत्येक १० फिट उचाई (बेस) को ग्राफ र मोडेल अनुसार आउट लाइनको ग्राफ हिसाब एकदम सरल तरिकाले मलाई बुझाई दिनु भएको थियो। यसरी उहाँमा सहज

शिक्षण विधि र नहडबडाउने स्वभावले गर्दा जो कसैले उहाँबाट केही कुरा बुझ्न र सिक्न पाउँदा प्रफुल्ल हुने गर्दथे ।

हाम्रो सम्बन्ध ज्वाई र जेठानको सम्बन्ध भएपनि एक आपसमा सहयोगी मित्रको रुपमा रहेको थियो । हामी भुटानमा गुरु पद्मसम्भवको १५५ फिट मूर्ति निर्माण कार्यमा लगभग ४ वर्ष साथ हुँदा खेरी राजकुमारज्यूको सहभागितामा समय समयमा Camp Fire गरी गीत गाउँदै, नाच्दै, चुट्किला सुनाउँदै मूर्ति निर्माण कार्यलाई थप जोश, जाँगर तथा हौसला प्रदान गर्न समर्थ भएको अनुभव भयो । मूर्ति निर्माणको क्रममा बंगाली, भुटानी तथा नेपाली कामदारहरु सँगसँगै रमाईलो गरेका प्रत्येक पलहरु मलाई अहिले पनि याद आइरहन्छ । प्राय जस्तो यसको नेतृत्व राजकुमारज्यूबाट नै हुने गर्दथ्यो । जसले गर्दा त्यो चार वर्षको बसाई पनि छोटो बसाई जस्तो रमाइलो भै वितेको त्यहाँ सम्मिलित प्रत्येक कामदारहरुले महशुस गरेका छन् ।

उहाँको काम गर्ने शैली र उहाँको कामप्रतिको दृष्टिकोण नै धेरै भिन्न भएको मैले महशुस गरेको छु । कसरी काम छिटो छरिटो बलियो तथा चुस्तताका साथ गर्न सकिन्छ भनी विशेष ध्यान दिईरहनु हुन्थ्यो । गरिराखेको वा गरिसकेको काम मिलेको छ वा छैन भनी तत्काल नै पत्ता लगाउन सक्ने खुबी उहाँमा छ । बनाइ राखेको वस्तुमा “यो मिल्छ, यो मिल्दैन, यसलाई यहाँ निर यसरी मिलाउनुपर्छ“ भन्ने सल्लाह, सुझाव पनि उहाँले तत्काल दिन सक्नु हुन्छ । कालिगढले त्यसलाई मिलाउन खोज्दा त्यसै बेला उहाँले त्यसरी गर्यो भने त्यो मिल्दैन, यसरी गर्ने हो भनी तत्काल २,३ मिनेटमै गरेर देखाउनुको साथै त्यो मिलाई हाल्नु हुन्थ्यो । यसप्रकार कामप्रतिको दक्षता, खुबी र कार्य सम्पादनका अनेक तरीकाको विषयमा उहाँ निपूर्ण हुनुहुन्थ्यो ।

उहाँ आफ्नो हस्तकलाको काममा मात्र नभै Geometrics, Mathematics / Structures सम्बन्धि विषयमा पनि दक्ष हुनुहुन्थ्यो । ठुल्ठूला भुकम्प आउँदा सम्म केही नहुने किसिमबाट संरचना बनाउन सक्ने विवेक उहाँमा थियो । माथि (Height) को भाग कति फिट सम्म दायाँ बायाँ हलिन्छ त भन्ने खालको ज्ञान पनि उहाँमा रहेको छ । यस्तै गरी कति बेग सम्म हावा चल्दा त्यसको असर विशाल मूर्तिमा के कसरी पर्छ भन्ने ज्ञान पनि उहाँमा निहित थियो । मूर्ति

बनाउँदा प्रत्येक १० फिटको उचाईमा Graph, Geometry / Mathematic आदिको प्रयोग गर्नुपर्ने हुन्छ। यसरी विशाल मूर्ति बनाउँदा शुरुदेखी अन्तसम्म मोडेल अगाडी राखी हिसाब गर्दै जानुपर्ने हुन्छ। यस्ता हिसाबको अध्ययन घर तथा बाटो बनाउने जस्तो सरल नभई निकै जटिल किसिमको हुने गर्दछ। घर तथा बाटो सम्बन्धि इन्जिनियरले पनि यो बिशाल मूर्ति बनाउँदा मूर्तिको आकार प्रकार सम्बन्धि हिसाब बुझ्न तुलनात्मक रुपमा धेरै समय लाग्दो रहेछ। साथै संरचनाको मामिलामा शरिरको भित्री भागमा भन्दा मूर्तिको हात तथा हातले समाएको वस्तुको लागि संरचना तयार गर्नु अत्यन्तै जटिल कार्य हो। उदाहरणको लागी घर निर्माण गर्दा छत बाहिर निकाल्ने कार्य जटिल भए जस्तै, मूर्ति निर्माणमा पनि यस्तो कार्य कठिन हुन्छ। हातमा समाएको वस्तुको लागी संरचना कसरी तयार गर्ने भन्ने विषयको ज्ञान सिद्धान्ततः इन्जिनियरलाई पनि गाह्रो हुने अवस्थामा पनि राजकुमारमा यस्ता ज्ञान रहेको मैले पाएँ।

राजकुमारज्यूमा व्यवस्थापन सम्बन्धि सम्पूर्ण ज्ञानहरु पनि यथोचित रुपमा रहेको पाईन्छ। कुशल व्यवस्थापकका रुपमा कामदारहरुलाई काम गर्नका लागि चाहिने विभिन्न ज्यावल, सरसामान जस्तै चस्मा, पञ्जा, टोपी, ज्याकेत आदि देखि भान्छा सम्बन्धि सम्पूर्ण सामाग्रीहरु, सरसफाई सम्बन्धि सामाग्रीहरु, औषधीहरु, व्यक्तिहरुको सुरक्षाका सामाग्रीहरु आदि सबैको उचित व्यवस्थापन गर्नसक्नु भनेको निकै महत्वपूर्ण विशेषता हो। यी सबै क्रियाकलापहरु भुटानमा मूर्ति निर्माणको क्रममा त्यहाँ गएका सम्पूर्ण समूहले प्रत्यक्ष रुपमा अनुभव गरेकै कुरा भयो। व्यक्तिहरुलाई नेतृत्व दिनुहुँदा उहाँ उक्त परियोजनाको मुख्य व्यक्ति भएको कारणले मात्र होइन कि, उहाँको कामदारप्रति सकारात्मक दृष्टिकोण, भेदभाव रहित व्यवहार, सुमधुर सम्बन्ध, सदैव सबैमा दया माया प्रेम अनि कुनै समस्या भएमा सजिलै समाधान गर्न सक्ने खुबी लगायत कसैको चित्त नदुखाउने बानीका कारणले पनि उहाँको नेतृत्व गर्ने क्षमता प्रशंसा गर्न लायक रहेको महशुस मैले गरेको छु।

यस्तै गरी कामको दौरानमा आवश्यक पर्ने सामानमा माटो देखि सुनसम्म पनि याद गर्न सक्ने खुबी उहाँमा व्याप्त छ। कामको सिलसिलामा अनेकन समस्या आउनु भनेको स्वाभाविक कुरा हो। जस्तै भुटानमा विशाल मूर्ति

बनाउँदा पनि धेरै समस्याहरु आए तर त्यस्तो बखत पनि उहाँ अलिकति पनि आत्तिएको महशुस मैले गरिन । हुनत उहाँ हरेक समय कामको प्रक्रियामा यो चरणमा के कस्तो समस्या आउन सक्छ त भन्ने कुरालाई हेक्का राखी एक दुई महिना अगाडी नै उक्त विषयमा विचार गरी उपाय निकाल्नु हुन्थ्यो । मूर्ति निर्माणको दौरानमा अन्य विषयका व्यक्तिहरु चाहिएको अवस्थामा सम्बन्धित व्यक्तिलाई अगाडी नै जानकारी गराउनु हुन्थ्यो । आफ्नै कामको विषयमा अकस्मात कुनै समस्या आएमा कामदार अगाडी राखेर के गर्दा ठिक होला भनेर कालिगढको विचार पनि लिने गर्नुहुन्थ्यो । यसरी कालीगढलाई सोध्ने व्यवहारले  कालिगढलाई सम्मान गरेको मात्र नभई कहिलेकाहिँ उनीहरुबाट नयाँ उपाय पनि निकाल्न सकिन्छ भन्ने विचारमा उहाँ विश्वस्त थिए । कालिगढले व्यक्त गरेको विचारलाई कहिले पनि मिल्दैन, हुँदैन भनि नकारात्मक प्रतिक्रिया दिने गर्नु हुन्नथ्यो बरु त्यसरी भन्दा यसरी गर्यो भने राम्रो हुन्छ भनि आफ्नो विचार व्यक्त गर्नुहुन्थ्यो । कुनै पनि समस्या आयो भने पनि उहाँलाई त्यो समस्या आएको भनि भान नै हुँदैन की जस्तो लाग्छ । अति उत्तम विचारका साथ सो समस्याको उहाँले तुरुन्तै निराकरण गर्ने गर्नुहुन्थ्यो । आफ्नो हातमा नभएको कार्यमा सम्बन्धित व्यक्तिहरुबाट गर्नुपर्ने काममा ढिलासुस्ती भएको अवस्थामा उहाँले कहिलेकाहिँ यस्तै हुन्छ भनि सहजताका साथ लिनुहुन्थ्यो ।

मेरो पुरै परिवारको एउटा महत्वपूर्ण नातासँगै हामी नजिक त थियौं नै, यसको बाबजूद पनि हामी पेशागत हिसाबमा नजिक समेत हुनुको कारणले गर्दा उहाँको बारे हामी धेरै जानकार छौ भन्ने मलाई लागेको छ । हामी यसो पारिवारिक छलफलमा बस्दा गरिने कुराकानीहरुका आधारमा मेरो भाईहरुको पनि उहाँप्रति मेरो भन्दा फरक तर करिब करिब समान अनुभव र धारणा रहेको छ भन्ने मलाई लाग्दछ । भाई राजेश शाक्यलाई राजकुमार शाक्य आफु एक्लैले सम्पूर्ण काम गर्न सकिन्न भनेर सोच राख्ने खालको सामूहिक काममा विश्वास गर्ने सकारात्मक प्रवृत्तिको हुनुहुन्छ भनेर भनिरहन्छ । सबै प्रकारको समस्यासँग सामना गर्नुपर्छ तर समस्या चाहीँ समाधान हुन्छ । अरुको समस्या देख्न नसक्ने र अरुलाई सहयोग गर्न सधै अग्रसर हुने स्वभाव भएको र त्यस्तै पर्यो भने आफु ऋणमा बसेर पनि आर्थिक सहयोग गर्ने स्वभाव उहाँमा देखेको भाईको अनुभव रहेको छ । राम्रो काम आफैबाट शुरु गर्नुपर्छ र राम्रो प्रतिफल आफैतिर फर्केर

आउँछ । आफ्नो वरपर सबैतिर राम्रो भएमा आफुलाई त्यत्तिकै राम्रो हुन्छ । त्यसैले उहाँ आफ्नो हितको लागि मात्र कहिले काम गर्नु हुन्न भन्ने फराकिलो सोचको हुनु हुन्छ है भनेर म सँग पनि राजेश समयसमयमा भनिरहन्छ । जस्तो ठाउँमा हिड्ने हो त्यही अनुसार आफु पनि आवश्यकता अनुसार परिवर्तन हुन सक्नुपर्दछ । अवसर आउँदैन तर अवसर बनाउन भने सकिने भएकोले आफु सधै उक्त अभ्यासमा लागिरहनुपर्छ भनेर उहाँ काममा सधै लगनशिल भईरहने प्रवृत्तिसँग म जस्तै भाई पनि प्रभावित रहेको मेरो बुझाई छ । कडा बचन कहिले बोल्नु हुन्न भनेर सबैलाई सम्झाईरहने राजकुमार आफैमा शालिनता र सरलताको खानी रहेको हाम्रो पारिवारिक अनुभव छ ।

यसैगरी मेरो अर्को भाई माणिकमान शाक्यका अनुसार वि सं २०४१ साल देखि उसले हाम्रो पुर्ख्यौली पेशा थ्वःज्या माःज्याको काम शुरु गरेको थियो । उ राजकुमारसँग प्रभावित भएको कारण थ्वःज्या माःज्या अन्तर्गत मूर्ति बनाउने बेला थ्वःज्या शुरु गर्दा खेरी अगाडीको भाग मात्र भएको मूर्ति बनाउँदा खेरी लागु हुने नियम हो । उदाहरणको लागि ध्यान मुद्राको अमिताभ बुद्ध बनाउँदा पहिला ड्रईङ्ग पाटामा बुद्धको चित्र बनाउने अनि चित्र बनाए अनुसार प्रथम चरणको थ्वःज्या शुरु गर्ने । प्रथम चरण सकेपछि दोस्रो र तेस्रो तहको काम गर्दा खेरी टाउको, मुख र खुट्टा अर्थात पुली को भागमा मात्र काम गर्ने तर छाती र पेटको भागमा केही नगर्ने । अनि जब चौथौ अथवा थ्वःज्याको अन्तिम चरण अथवा मिलाउने बेलामा मात्र टाउको देखि मिलाएर आउने त्यस पछि छाती पेट गर्दै खुट्टाको भागको काम गर्ने गरेमा मूर्ति सजिलै सँग बनाउन सकिन्छ । यहाँनिर अचम्मको कुरा के छ भने जब हामीले टाउको र खुट्टाको भाग उठाउँदा खेरी थाहै नपाईकन छाती र पेटको भाग आफै माथि उठेको हुन्छ । काममा यसरी बौद्धिक प्रविधि मिसाउने राजकुमारको कार्यशैली देख्ने जो कोहि निकै प्रभावित हुने गरेको मेरो भाइको अनुभव छ ।

हाम्रो हजुर बुबा र बुबाहरुले भन्नु हुन्छ रसायनको मात्रा प्रयोग नगर्ने, सकेसम्म रसायन नहाल्ने नत्र काम फोहर हुन्छ । तर राजकुमार भने एउटै पातामा काम गर्दा गाह्रो हुन्छ । त्यसैले कुन कुन भाग टुक्रा गर्न मिल्छ टुक्रा गरेर जोडेको खण्डमा काम गर्न पनि सजिलो र राम्रो समेत हुन्छ भन्नु हुन्थ्यो । उहाँको सिकाईले गर्दा भाई लगायत धेरै कलाकारहरुले नेपाली परम्परागत कलालाई

व्यवस्थित र सरल तवरले निरन्तरता दिन सकिरहेको छ । यसैबिच धेरै नयाँ कलाकारहरु जन्मिए, धेरैले आर्थिक सम्बृद्धि प्राप्त गर्न सफल भए भने कैयौंले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त गरी आफ्नो पहिचान बनाउन सफल भएको उदाहरण हामी माझ छ । पक्कै पनि उहाँले भने जस्तै राम्रो सँग कार्य सम्पादन गरेको खण्डमा काम छैन भनेर जीवनमा चुप लागेर बस्नु पर्ने अवस्था कदापि आउँदैन साथै ग्राहकहरु आफैले खोज्दै आउँछन्, चिन्ता लिनै पर्दैन भन्ने जस्ता कुराहरु काममा अविरल बगिरहनका निमित्त निकै महत्वपूर्ण र मननयोग्य पक्ष हो भन्ने हामीलाई लागिरहन्छ ।

यसैगरी राजकुमारले आफ्नै परिवारमा भाईहरु रविन्द्र शाक्य र राजेन्द्र शाक्यलाई पनि सिप सिकाएर पोख्त बनाउनु भएको छ । उहाँहरुले अलग अलग स्थानमा कारखाना राखी निरन्तर कार्य गरिराख्नु भएको छ । साथै दुई छोराहरु स्वरुप शाक्य र सौरभ शाक्यलाई पनि आफ्नो सिप सिकाउन भ्याउनु भएको छ । अब कुनै पनि काम गर्न दुवै छोराहरु समर्थवान भैसकेका छन् । रुद्रराजको छोरा राजकुमार जस्तै राजकुमारका छोराहरु स्वरुप शाक्य र सौरभ शाक्य पनि भविष्यका निपुण कलाकार बन्न सफल हुनेछ भन्ने मलाई लागेको छ । हाल लुम्बिनीमा निर्माणाधिन ५० फिटको सिद्धार्थको विशाल मूर्ति बनाउने क्रममा ८० प्रतिशत जति कामको रेखदेख छोरा स्वरुप शाक्यबाट नै भएको हुनाले र कारखानमा पनि दुवै छोराहरु लगायत स्वयं राजकुमारज्यू आफै पनि काम गर्दै आईरहेको हुनाले यी दुवै जना जुनियर कलाकार अब शिघ्र नै सिनियर कलाकारको रुपमा उदय हुनेछन् । अब भविष्यमा स्वरुप शाक्य र सौरभ शाक्यलाई बुबा राजकुमारबाट गर्दै आउनु भएको कला, सामाजिक, धार्मिक आदि क्षेत्रको योगदानलाई निरन्तरता दिई राख्न सकोस् भनि भित्री हृदयदेखी शुभकामना व्यक्त गर्न चाहन्छु ।

सबै गुण एवं विशेषताले परिपूर्ण भएका राजकुमारज्यू आजीवन मेरो स्मरणमा रहिरहनु हुनेछ । तथा उहाँ हामी माझ नभएपनि उहाँको गुणलाई सदैव सम्झिरहनेछु ।

भवतु सब्ब मंगलम्, रखन्तु सब्ब देवता, सब्ब बुद्धानु भविन, सदा सोत्थी भवतु ते ।

♦

# अटुट मित्रतामा राजकुमार र म श्यामराज



*श्यामराज शाक्य*

मेरो चिनजान वि सं २०३५ साल फाल्गुनमा श्री चण्डी विद्याश्रम नकबहिल विद्यालयमा राजकुमार शाक्यसँग ऊ कक्षा ६ मा भर्ना हुन आएपछि भएको हो । उहाँ सानै देखि सबै सित मिल्ने स्वभावको हुनुहुन्थ्यो । उहाँको अनुहार भन्नु पर्दा अलि कालो मुख, पातलो जीउ, हसिलो मुहार, नरम बोली, जोकर जस्तो जोक गरेर अरुलाई हसाई रहने, कसैलाई चित्त नदुखाउने, कुनै साथिहरुसँग घमण्ड नगर्ने, गुरु गुरुआमालाई आदरभाव प्रकट गर्ने, साथीहरुसित मिल्ने अनि पटक्कै नरिसाउने असल विद्यार्थी र समकक्षीको रुपमा मेरो मनमा उनको छाप हमेशा सुरक्षित थियो, छ र रहनेछ ।

राजकुमार सानै उमेरमा नै कलाक्षेत्रमा कलाकारिता गर्ने गर्दथ्यो । उसको पढ्ने तरिका अर्कै छ भन्ने मलाई लाग्दछ । त्यो कसरी भने गणित विषय बाहेक अरु सबै बिषय टेप रिकर्डरमा सुन्थ्यो र पढ्ने उसको अनौठो तरिका देखेर म र मेरा साथीहरु दङ्ग पर्थ्यौं । तिमिसँग त दुई वटा दिमाग मात्र नभई १० वटा दिमाग भएको मान्छे भनेर भन्थे । मैले त राजकुमारलाई अर्को पनि नाम हालेको छु, त्यो हो दशानन्द । उहाँको पढ्ने तरिका र काम गर्ने तरिका यस्तै यस्तै अचम्मको  थियो ।

उहाँको अर्को रुचिहरु भन्नु पर्दा कथा, कविता, गीत गाउनु, संगित बजाउनु अन्य नाटकमा भाग लिनु उहाँको इच्छा थियो । राजकुमार र म कहिलेकाहि नाटकको पोशाक लगाएर हामी दुईजना उ केटा अनि म केटी भएर सम्बाद गर्ने, नाच्ने र गाउने गर्दथ्यौं । त्यस बेलाको तस्वीर खिचेर राखेको थिए । उक्त तस्वीर अहिले आएर मैले फेसबुकमा पनि राखेको छु । एक दिन उहाँलाई नाटक खेल्ने मौका आएको थियो । वि सं २०३९ सालतिर विद्यालयको जन्म जयन्तीको उपलक्ष्यमा

एउटा "चुरोट कमिक" नाम गरेको (एकाङ्कि) नाटक उहाँ आफै कथाकार, रचनाकार, मंचकार भई ४ जना कलाकारहरु मध्ये राजकुमार हिरो, शरद श्रेष्ठ हिरोको साथी, राजेश सिन्याँ बुबा र रुपेन्द्र श्रेष्ठ बैद्य साथै म र मेरो साथी सुशिल जोशी र अन्य साथीहरु नाटक मञ्चमा सहयोगी भएर नाटक प्रदर्शन गरेका थियौं । म के भन्न चाहन्छु भने राजकुमार वरिष्ठ मूर्तिकार मात्र नभई उहाँ वरिष्ठ नाटककार समेत हुनुहुन्छ । उहाँ यसप्रकारको क्षमता भएको व्यक्ति हो ।

अर्को प्रसंङ्ग जोड्नु पर्दा - हामी विद्यार्थी जीवनमा दुवै जना फिल्म हेर्ने, घुम्ने, एउटै थालमा खाने, उस्तै उस्तै लुगा लगाउने गर्दथ्यौं । मेरो ठूली भाउजु सूचिकार भएकोले घरमा आएर पाईट, सर्त, टिसर्ट आफैले डिजाइन गरेर उस्तै उस्तै लुगा सिलाएर लगाउने हाम्रा खुबै रमाईला ती दिनहरु थिए ।

उहाँसँग वि सं २०३७ साल फागुन महिना तिर हामी दुवै जना साइकल चढेर गोदावरीमा गएको बेला त्यहाँ हाम्रो कुराकानी भएको थियो "श्याम म एउटा कुरा भन्छु", मैले भने, "के कुरा ? भन ।" उसले भन्यो, "म ठूलो मान्छे भए पनि तिमी ठूलो मान्छे भएपनि भेदभाव नगर्ने है अनि यसरी नै हामी बुढेसकालसम्म मिलेर बस्नुपर्छ ।" अनि मलाई पनि एउटा कुरा भन्न मन लागेको थियो । उसले सोध्यो, "के? भन्नु ।" मैले भने, "त्यसो भए तिमी मरे पनि म कपाल काट्ने अनि म मर्यो भने तिमीले कपाल काट्नु पर्छ है त?" भनेपछि उसले हुन्छ भन्यो । हामी सदाको निमित्त अटुट साथी भयौं है भनेर एकआपसमा बाचा गर्दै गोदावरीबाट फर्केर आउँदा म र राजकुमार मछिन्द्र फोटो स्टुडियोमा गएर तस्वीर समेत खिचेका थियौं । अहिले पनि त्यो तस्वीर म सँग छ । हामी दुई बिच यो गर्ने त्यो काम गर्ने भनेर कुरै कुरामा अनेक बाचा हुने गर्दथ्यो ।

राजकुमार शाकय र म, हामी दुवैको मूर्ति काम नै हो । हामी साझेदार भएर एउटै काम गर्ने उसको धेरै ईच्छा थियो तर यो सहकार्यका लागि जीवनमा हामीलाई समयले साथ दिएन । कक्षा १० सम्म सँगै थियौ तर SLC पछि पढाईको कारण हामी बिच दूरी रहन गयो । म मेरो भिनाजु सन्तकुमार शाक्यको घर ओकुबहालमा मैनको मूर्ति बनाउने काम गर्दथे । त्यो बेलामा पनि राजकुमारले भन्ने गर्थे, "श्याम तिमीले मलाई पछि कामको लागि सहयोग गर्नुपर्छ ।" "तिमीलाई चाहियो भने म अवश्य आउँछु", भनेको थिए । "दिदी भिनाजुलाई

पनि थाहा छँदैछ तिमी र म मिल्ने साथी भनेर, म यहाँ कुरा गरेर तिम्रोमा अवश्य आउँनैछु", भनेर उसलाई भनेको याद छ ।

अनि धेरै वर्ष पछि २०७४ श्रावण १ गते देखि राजकुमारको कारखाना On Metal Arts & Crafts कम्पनीमा कार्यरत भई त्यहाँ मैले मैन र माटोको मास्टर पिस बनाउने काम थालेको थिए । केहि वर्ष पछि उनले मलाई अनुरोध गर्यो कि, "श्याम मलाई विश्वासको मान्छे चाहिएको हुनाले अब तिमी ३, ४ महिना पछि लुम्बिनीमा गएर व्यवस्थापक भएर तिमी र मेरो ससुरादाई भाजु रत्न दुवै मिलेर मलाई काममा विशेष सहयोग गर्नुपर्यो" भनेर राजकुमारले मलाई कम्पनीको पत्र दिए पछि हामी २०७६ पुष १ गते देखि लुम्बिनीमा काम गर्न थाले । उसको कम्पनीमा आएर त्यसरी जिम्मेवारीपूर्ण काम गर्न पाउनुलाई मैले सधै मेरै सौभाग्य ठानेको छु ।

बिद्यार्थी जीवन देखि शुरु भएको हाम्रो मित्रताले जीवन रहे सम्म एक अर्काको साथ अटुट रुपमा कुनै न कुनै तवरले पाउन सकेकोमा गर्व छ मलाई तर अल्पायुमै भएको यो वियोगले मलाई अब जीवन रहेसम्म सधै सताईरहने छ । उनको स्मरण मात्रले पनि मलाई तिनै विविध रमाईला पलहरुले हर्षित तुल्याउँने गर्दछ । तारेर तार्न नसकिने अनि सारेर सार्न नसकिने जन्म सङ्गै लिएर आएको मृत्युसहितको अनित्य हाम्रो जीवनसँग गुनासो गरिरहनुको अब कुनै अर्थ भएन । यसर्थ यो जीवन जत्तिकै सुखद र सृजनात्मक रहोस् उनको जीवन पछिका यात्राहरु पनि भनेर शुभकामना दिन चाहन्छु । अन्तमा, मित्र राजकुमारलाई हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

♦

# समकालिन मित्रको झझल्को मेरो सम्झनामा



*सानुराजा शाक्य*

राजकुमार शाक्यको जन्म थंईना टोलमा भएको थियो । राजकुमार सानो २, ३ वर्ष हुँदा देखी मैले चिनेको थिए । श्री रुद्रराज शाक्यको ज्यासल अथवा कार्यशाला समेत रहेको थंईना टोलको गणेश मन्दिर अगाडि उहाँहरुको पुर्ख्र्योलि घर छ । हामी सानो हुँदादेखि नै त्यस ठाउँमा हामी पनि खेल्न जाने गर्थ्यौं । मलाई याद भए अनुसार उहाँको बुबा रुद्रराज शाक्य आफ्नो ज्यासलमा थ्वज्याः माज्याःको काम पुर्ख्र्योलि देखि गर्दै आईरहेको थियो । राजकुमार शाक्य आफ्नो बुबा रुद्रराज शाक्यको ज्यासलमा सानै देखि खेल्ने खेलौना नै ज्यासलको ज्यावलहरु लिएर खेलिरहेको म देख्ने गर्थे । उहाँको प्रथम गुरु नै आफ्नै बुबा सँगै बस्दै खेल्दै कला सिकेको हो भन्ने मलाई लाग्दछ । कामको सँग सँगै विद्यालयको शिक्षालाई पनि अध्ययन गर्दै उहाँ हुर्किदै जानु भयो ।

वि सं २०५९ सालतिर थंईना टोल सुधार समिति गठनमा मेरो अध्यक्षतामा कार्य समिति गठन भएको थियो र राजकुमार शाक्य पनि उक्त कार्यसमितिमा सदस्य भई हामीसँगै टोलको हित हुने कार्यहरु गर्ने गर्दथे । काम कै सिलसिलामा टोल सुधार समितिले थंईना ओकुबहाल टोल कलाकारहरुको बस्ती भएको कुरालाई सर्वसाधारण सबैले थाहा पाओस् भनेर मेरो नेत्रित्वमा “क्राफटम्यान सिटि“ नामक नक्सा तयार गर्ने सोच तयार पारे । र त्यसमा कुन कलाकार कुन विहार र चोकमा बस्नु हुन्छ भनेर बनाएको नक्साले टोलका कलाकारहरुको बसोबास स्थान पत्ता लगाउन धेरैलाई धेरै नै सहयोग गरेको थियो । झण्डै १०,००० दशहजार प्रति छपाई गरी निःशुल्क देश तथा विदेशमा समेत वितरण गरी थंईना टोललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा कलाजगतको तवरले प्रचार गर्नमा धेरै

सहयोग भएको थियो । उक्त नक्सा तयार गर्नमा अरु साथीहरुको योगदानको अतिरिक्त राजकुमार शाक्यले पनि विशेष मेहनत गरेको सम्झना अझै ताजा छ ।

टोलको हित हुने कार्य गर्दै जाने क्रममा राजकुमार कै सल्लाह अनुसार टोलका युवाहरुलाई रोजगारका साथै आर्थिक रुपले समेत सक्षम गर्ने र हाम्रो कला संस्कृति पनि सम्प्रेशन गर्ने उद्देश्यले थंईना टोलका युवाहरु ४९ जनाको सङ्लग्नतामा “टेम्पल क्राफ्त संस्था“ गठन गरी कामको थालनी गरिएको थियो । यस संस्थाले टोलको युवाहरुलाई काम सिकाउने साथै राजकुमार शाक्यको नेत्रित्वमा नेपालमा भएका मन्दिरहरु स्वयम्भू, बौद्ध (खास्ती चैत्य), कृष्ण मन्दिर, महाबुद्ध मन्दिरहरु सानो साइजमा निर्माण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार चाईना, जापान, थाईल्याण्ड, तिब्बत र भारतमा निर्यात गरेर व्यापार व्यवसाय गर्दै आईरहेको थियो । उक्त संस्थाको अध्यक्ष भएर मैले ४ वर्ष काम गरे भने त्यसपछिको कार्यकाल राजकुमार शाक्यको अध्यक्षतामा टेम्पल क्राफ्ट झण्दै ४ वर्ष देखि हालसम्म संचालन हुदै आईरहेको थियो ।

राजकुमार शाक्य आफ्नो कामको व्यस्तताका बाबजूद पनि धार्मिक, सामाजिक संघसंस्थामा आफ्नो समयको व्यवस्थापन गरी सक्रिय सहभागी भई कार्य गर्नमा कहिलेपनि पछि नसर्ने किसिमको व्यक्ति थिए । राजकुमार शाक्य र म धार्मिक संस्था युवक बौद्ध मण्डल, YMBA संस्थामा पनि सँगसँगै काम गर्ने अवसर पाएका थियौं । २०६२ सालदेखि २०६६ सालसम्म त्यस संस्थाको अध्यक्ष भएर मैले काम गरेको थिए भने राजकुमार पनि कार्य समितिको सदस्य रहेका थिए । YMBA बाट संचालित असहाय छात्रवृत्ति उपसमितिलाई पनि उहाँले संस्थापक दाता भएर गरीब दुःखीहरुको लागि आर्थिक सहयोगहरु गर्दै आईरहनु भएका थिए ।

त्यस समयमा थाईलैण्डको व्याङ्ककमा “अन्तराष्ट्रिय बौद्ध आर्ट एग्जिविसन“ WFB र WFBY आयोजनामा भएको थियो । त्यो कार्यक्रममा हामी नेपालको तर्फबाट YMBA ले मेरो नेतृत्वमा सुरज शाक्य, सुरेन्द्र राज शाक्य, राजेश शाक्य, उजय बज्राचार्यले सहभागी भई टेम्पल क्राफ्ट थैनाबाट वरिष्ठ कलाकार राजकुमार शाक्यले डिजाइन र निर्माण गरी तयार गरेको ६’६” को स्वयम्भू महाचैत्य र अरु नेपाली हस्तकला सामानहरु प्रदर्शन गरिएको थियो । थाईलैण्डको

महारानीले अवलोकन गरेको प्रदर्शनीमा उक्त स्वयम्भू चैत्यलाई धेरैले प्रशंसा गरेको थियो । प्रदर्शनमा आयोजकहरुले नै हाम्रो मूल्य भुक्तानि गरेर उक्त कलाकृतिलाई किन्नु भयो । त्यो स्वयम्भू चैत्यमा भगवानबुद्धको अस्तिधातु प्रतिस्थापन गरेर बौद्ध म्यूजियममा अहिलेसम्म सार्वजनिक प्रदर्शनमा राखि राखेको छ ।

त्यस समयमा YMBA ले "YMBA बुद्धिष्ट स्कुल" निर्माण कार्यहरु गर्दै आईरहेको थियो । स्कुल निर्माण गर्न आर्थिक सहयोग गर्न WFB र WFBY बाट हेडक्वाटर व्याङ्कमा बोलाईराखेको थियो । हामी राजकुमार शाक्य र उर्मिला शाक्य सहितका साथिहरु उक्त कार्यक्रममा गएका थियौ । उक्त कार्यक्रममा YMBA बाट बनाईरहेको स्कुल निर्माण गर्नको लागि २८,००० डलर सहयोग प्राप्त भएको थियो । त्यस कार्यक्रमबाट फर्किंदै गर्दा बाटो मै राजकुमारले सानु दाई र म एक ठाउँमा जाऊ भन्नु भयो । त्यहाँ पुगे पछि मैले हस्तान्तरण गरेर ल्याएको उक्त रकम सुरज शाक्यलाई जिम्मा दिएर हामी व्याङ्कबाट झण्डै १०० किलोमिटर टाढा एक ठाउँमा पुग्यौं । त्यहाँ पुग्दा थाहा भयो कि त्यस स्थान त भुटानमा बनाउने १५५ फिटको पद्मसंभव भित्र राख्ने फलाम स्टक्चर बनाउने ठाउँ रहेछ । त्यहाँ भुटानबाट आउनुभएका इन्जिनियरहरु र थाईलैण्डका फलाम स्टक्चर बनाउनेहरुसँग मितिङ्ग आयोजना गरेको रहेछ । थाईलैण्ड र भुटानका इन्जिनियरहरुलाई राजकुमार शाक्यले पद्मसम्भव मुनि भित्र राख्ने फलामको स्टक्चर बनाउनका लागि सेन्टिमिटर सेन्टिमिटरको हिसाब गरी ब्रिफिङ्ग गरेको देख्दा इन्जिनियरहरु नै छक्क परेको दृश्य देखे पछि मलाई उहाँको खुबीले निकै अचम्ममा पारेको थियो । कलाकारको रुपमा उहाँलाई पहिले देखि चिनेको भएपनि त्यस बखत त राजकुमारको दक्षता र क्षमताको विशेष उच्चतम तह समेत प्रत्यक्ष महशुस गर्ने अवसर प्राप्त भयो ।

हामी त्यही होटेलमा डिनर गरिसकेर व्याङ्कक होटलमा आईपुग्दा झण्डै राति १२ बजेको समय भईसकेको थियो । भोलि बिहान ६ बजेतिर होटेलमा फोनको घण्टी बज्यो । फोन उठाउँदा साथी सुरज शाक्यको फोन रहेछ । जसमा हिजो दिएको पैसा १८,००० डलर मात्र छ भन्दा म त छानाबाट खसेको जस्तो भयो । कसरी भयो ? मलाई जसरी दिएको थियो त्यो नै सुरजलाई दिएको थिए ।

चन्दा दिएको पैसा त्यो कार्यक्रममा गन्ने कुरा पनि भएन । ललितपुर कै एक प्रतिस्थित व्यक्ति आफ्नो बहिनीको उपचार गर्नका लागि ब्याङ्ककमा बसिरहनु भएको थियो । उक्त व्यक्तिलाई दशहजार डलर चाहियो । पैसा पछि काठमाडौमा फर्काउँछु भनेको रहेछ । उहाँलाई दिनको लागि सुरजले हेर्दा त्यहाँ १८,००० डलर मात्र रहेको थाहा पाएको रहेछ । हामी साथीहरुलाई के भएको कसरी भयो केहि भन्नै सकेन । २-३ बजे सम्म न खानु न पिउनु भयो । पछि कुरा गर्दै गर्दा हस्तान्तरण गरेर ल्याएका सानुराजा शाक्यले ५००० डलर र रातभर पैसा राख्ने सुरज शाक्यले ५००० डलर राख्नु पर्ने समेतको कुरा भैसकेको थियो ।

त्यहि समयमा राजकुमार शाक्यले पख पख मेरो क्यामराले फोटो खिचेको छु । त्यसमा एक पटक हेरौ भनेर भन्यो । त्यो फोटोमा WFB का महासचिव फालपथैरै र YMBA का अध्यक्ष सानुराजा शाक्यले हस्तान्तरण गरी लिइरेहेकोमा पैसाको बिट्टालाई फोकस गरेर लिइराखेको फोटो भेटियो । फेरी हामीले हामीसँग भएको १८,००० लाई त्यस्तै गरी फोटो खिचेर दुवै फोटो सँगै राखी हेर्दा दुईवटै साइज उस्तै देखियो । अनिमात्र उहाँहरुले दिएको यतिमात्र रहेछ भन्ने पत्ता लाग्यो । दाताहरुले त २८,००० भनेर दिएको थियो । के गर्ने ? त्यसपछि भने मैले WFBY का महासचिव डेङ्फ्वाङ्गलाई फोन गरेर जे भयो त्यो सुनाउँदा महासचिवज्यूले म बुझ्छु है भन्नु भयो । महासचिव अति चतुर र चलाख व्यक्ति हुनुहुन्थ्यो । झण्डै १ घण्टा पछि फोन आयो । त्यो १०,००० WFB का महासचिव फालपथैरैले दिने भनेको १०,००० दिन नै बिर्सिएको रहेछ र उहाँ कै कोटको खल्तीमा रहेछ भनि खबर आयो । म ल्याई दिन्छु भन्नु भयो । अनि मात्र हामीले लामो सास लियौं । राजकुमारको फोटोले गर्दा मात्र पत्ता लागेको त्यो दिन कहिले पनि जीवनमा बिर्सन नसक्ने खालको घटनामा पर्दछ ।

वि सं २०६२-६३ सालतिर राजकुमार शाक्य सहित १५ जना साथीहरु मिलेर एउटा सहकारी संस्था खोल्ने सल्लाह भयो । त्यहि सिलसिलामा हामीले त्यसताका बन्द भईरहेको संस्था “सौभाग्य बहुउद्देश्यिय सहकारी संस्था“ हाम्रो मातहतमा ल्याएर संचालनमा ल्यायौं । म उपाध्यक्ष र राजकुमार कार्य समिति सदस्य भई हामी सँगै बसेर कार्यहरु गर्दै गयौं । वि सं २०७४ साल तिर म संस्थाको अध्यक्ष भएर राजकुमार शाक्य लेखा समितिको संयोजक भएर संस्था

सुचारु गरी व्यवस्थित गर्दै ललितपुरमा प्रतिस्थित सहकारी संस्थाको रुपमा संचालन भईरहेको सर्वविदितै छ । साथसाथै "सौभाग्य मेटल क्राफ्ट कम्पनि" स्थापना गरी हस्तकला क्षेत्रमा योगदान गर्दै आईरहेको छ । त्यस्तै "शाक्य पुच सहकारी संस्था"मा पनि म लेखा समितिको संयोजक र राजकुमार शाक्य कार्य समितिको सदस्य भएर सहकार्य गऱ्यौं भने उहाँ उपाध्यक्ष समेत हुनु भएको थियो ।

राजकुमार शाक्य धार्मिक, सामाजिक र व्यवसाय क्षेत्रमा उदाउँदो सूर्य झै आफ्नो कला क्षेत्रमा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रख्यात हुँदै आईरहेका एक वरिष्ठ कलाकार हुन् । र २१ औं शताब्दीको अरनिकोको ताईतल समेत पाईरहेको समयमा अचानक हाल फैलिरहेको कोभिड-१९ रोगले गर्दा अस्पताल भर्ना भयो भन्ने खबर सुनेर धेरै दुःख लाग्यो । थाहा पाउनासाथ राजकुमारको घरमा फोन गरी सोधे, घरमा त अरु परिवारहरुलाई पनि कोभिड पोजेतिभ भैरहेको रहेछ । र केहि दिन पहिले उहाँका बुबा रुद्रराज शाक्यको परलोक भै सकेको खबर पनि राजकुमारलाई दिएको थिएन । घरमा छोरा स्वरुपलाई फोनबाटै केही सहयोग चाहिएमा खबर गर्नका लागि भनेका थियौं । हुन्छ तःबा (ठूलो बुबा) भन्यो । त्यसको दुई दिन पछि स्वरुपको फोन आयो, बुबालाई बि पोजिटिभ प्लाज्मा चाहियो भनेर । हुन्छ हामी कोशिस गर्छौं भनि खबर पठाए । म र माननीय शोभा शाक्यले सल्लाह गरी विवेकशिल साझा पार्टिका युवा भोलन्तियरहरुले प्लाज्मा व्यवस्थापन गर्दै आईरहेको भएर शोभा शाक्यले तुरुन्तै उक्त साथीहरुको ग्रुपमा प्लाज्माको लागि पोष्ट गर्नुभयो । केहि घन्टा पछि नै प्लाज्मा दिने व्यक्ति भेटियो । प्लाज्मा दिने भैसकेपछि स्वरुपलाई फोन गरें तर उहाँ आफै कोरोना पोजितिभ भएकोले हामी आफै ल्याई दिन्छौं भनि शोभा र म गाडी लिएर प्लाज्मा दिने दाताको घर ताल्छीखेल सातदोबाटोको घरमा गई त्यो भाईलाई लिएर नक्सालको हिमालय हस्पिटलमा गएर रगत दिन लगाएर सबै चेक जाँच गराई प्लाज्मा तयार भैसकेपछि राजकुमारका बहिनी ज्वाई अनिलविर बज्राचार्यलाई फोन गरेर अस्पतालबाट प्लाज्मा राख्ने बाकस र कागज लिई आउनु भनेको केही समयमा उहाँ आईपुग्नु भयो । उहाँले लिएर फर्केसँगै हामी प्लाज्मा दान गर्ने भाईलाई घर पुर्याएर हामी आफ्नो घरतर्फ लाग्यौं । यसपछि स्वास्थ्यमा सुधारको खबरले धेरै आशा जागेको थियो । मैले स्वरुपलाई

आर्थिक आवश्यक परे खबर गर्नु पनि भनेको थिए । बैंक र सहकारीहरु लकडाउनका कारण बन्द भईरहेको कारणले गर्दा केही पैसा सौभाग्यबाट घरमा पनि ल्याईराखेको थिए ।

शुभेच्छुकहरुका अनगिन्ति सहयोगी हातहरु यत्रतत्र तयार रहि रहेकै बखत अचानक दुःखद् खबर आएपछी सबैतिर अध्यारो छायो भने म स्वयं साह्रै नै दुःखित भएँ । भगवानलाई पनि उहाँजस्तो व्यक्ति प्यारो लाग्दो रहेछ भनेर मनलाई सम्झाउनुको विकल्प भएन । राजकुमार शाक्यको निधनले राष्ट्रले २१ औं शताब्दिको अरनिको गुमाउनु परेको छ । साथै थंईनाटोलले टोलको प्रतिष्ठाको रुपमा अंकित चम्किलो तारा गुमाउनु पर्यो । अहिले आफ्नो मोबाइल खोल्यो कि राजकुमार शाक्यको फोटो सहित समवेदना र श्रद्धाञ्जली आईरहेको देख्छु । हःखा निवासि राजु शाक्यले राजकुमार शाक्यलाई समर्पित गर्दै श्रद्धाञ्जली स्वरुप गीत गाएको सुन्दा मेरो आँखाबाट आँशु अनवरत झरिरहन्छ । म मा केही पनि हेर्ने सामर्थ्य बिलकुलै छैन । अस्तु । अनिच्चावत संखारा ।

♦

# मौलिक कलाको अध्यापन, बिकास एवं बिस्तारमा सिद्धहस्त कलाकार राजकुमार शाक्यको योगदान



*बिकास रत्न धाख्वा*

हाम्रो देशको कला तथा सँस्कृति नगरी ललितपुरमा सदियौं देखि बुद्ध र हिन्दु धर्मका कलात्मक मठ मन्दिर, महाविहार, चैत्य, धर्मधातु, पाटिपौवा आदि स्थापना गरिएको छ । यस महानगरपालिकाको सबै टोलहरूको कुना काप्चामा यी धार्मिक सम्पदाहरू स्थापना गरिएकोले यस महानगरलाई कला तथा सम्पदाको जिवन्त संग्रहालयको रूपमा लिने गर्दछ । यस महानगरको स्थापना २९९ ई.सं मा राजा बीरदेवले गरेको जनविश्वास छ । यस महानगरलाई अशोक सम्राटले पाँचवटा स्टुपहरू स्थापना गरी धर्मचक्रको आधारमा यस महानगरलाई निर्माण गरिएकोले अशोकपट्टन पनि भन्ने गर्दछ । यस महानगरमा अवस्थित कलात्मक धरोहरहरूले गर्दा नै युनेस्कोले पाटन दरबार देखि हिरण्यवर्ण महाविहारसम्मको क्षेत्रलाई विश्व सम्पदा क्षेत्रको रूपमा लिएको छ । यस क्षेत्रमा रहेका घरआगनहरू, मठमन्दिरहरू, महाविहारहरू तथा बहीलहरूको प्राङ्गणहरू, चैत्य र पाटिपौवाहरू धातूकला, चित्रकला, मित्रिकाकला, बिलौरकला, उद्भृतकला, प्रस्तरकला आदि यस महानगरपालिकाका उत्कृष्ट कलाकारहरूले निर्माण गरिएको हो । यस महानगरको दरबार क्षेत्रको काष्ठकलाले सुसज्जित केशव नारायण चोक, प्रस्तरकलाले सुसज्जित सुन्दरी चोक तथा कृष्ण मन्दिर, धातुकला, उद्भृतकला, चित्रकला आदिले सुसज्जित हिरण्यवर्ण महाविहार, टेराकोटाका महाबौद्ध मन्दिर आदि केही यस महानगरका उत्कृष्ट अतुलनीय धरोहरहरू हालसम्म पनि संरक्षित भई रहेको छ ।

यहाँका अमूल्य धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन गर्न यस महानगरका कलाकारहरूको विशेष योगदान रहेको छ र यस महानगरका कलाकारहरूले यस

नगरमा मात्र कलाको निर्माण गरेको होईन भक्तपुरका केही उत्कृष्ट धरोहरहरू जस्तै भक्तपुरको मन्दिरहरू, स्वर्णद्वार आदि पनि निर्माण गरेर गएको थियो । यस महानगरका कलाकारहरूले परापुर्वकाल देखि नै देशमा मात्र नभई बिदेशमा पनि आफ्नो सिपको प्रदर्शन गर्दै आईरहेको छ । ईण्डोनेसियको बोरोबुदूरमा ९ औ शताब्दीमा गुणधर्म शाक्यले निर्माण गरेको नौतल्ले मण्डल, अरनिकोले चीनमा १२ औ (१२४५-१३०६) शताब्दिताका निर्माण गरेको सेतो चैत्य आदि उल्लेखनीय छन् ।

सदिऔं देखि यस महानगरमा उत्कृष्ट कलाकारहरूले जन्म लिई आफ्नो सीपलाई आफ्नो धार्मिक आस्था र विश्वास अनुसार धार्मिक विधिविधान सम्मत कलाकृतिहरू स्वदेशमा मात्र नभई विदेशमा पनि निर्माण गरेर हाम्रो देशको नामलाई कलाकारै कलाकारहरूको देश भनि पहिचान गराउन सफल भएको छ ।

तर विडम्बना, हाम्रो देशको पञ्चायत कालमा हाम्रो देशको कलाकृतिहरूको उत्साहजनक रूपमा विकास तथा विस्तार गर्न सकेन देशका शासकहरूले यस क्षेत्रलाई ग्राह्यता तथा प्रोत्साहन नगरिएकोले देशले प्रजातन्त्र प्राप्त गरिसकेपछि पनि संस्थागत रूपमा यस क्षेत्रको विकास गर्न ठोस गुरु योजनाहरू बन्न सकेको थिएन । यसै कारणले गर्दा प्रजातन्त्र प्राप्ति पछि हाम्रो देशका कलात्मक धरोहरहरूको जिर्णोद्धार, संरक्षण तथा सम्बर्द्धन गर्न जनशक्तिहरूको अभाव हुदै आएको थियो । यस समस्यालाई हृदयगमन गरी ललितपुरको बौद्ध विहार संघका पूर्व अध्यक्ष बुद्धिराज बज्राचार्यज्यूले यस महानगरमा अवस्थित महाविहार, मठमन्दिर, पाटिपौवाहरूको जिर्णोद्धार, संरक्षण तथा सम्बर्द्धन गर्न स्थानीय जनशक्ति उत्पादन गर्नु पर्ने महशुस गरी मलाई उहाँको कार्यालय रहेको स्थान अक्षेश्वर महाविहारमा बि. सं २०५१ साल पौष १५ गते बोलाउनु भई यस विषयमा व्यापक बिचारविमर्श भएको स्मरण गर्न चाहन्छु । यस बैठकमा बौद्ध विहार संघका पूर्व पदाधिकारीहरू पूर्व सचिव दिं सुर्यमान बज्राचार्य, दिं नरेन्द्रनरसिह शाकयवंश, श्री कुल बहादुर शाक्यको उपस्थितीमा दिं नरेन्द्रनरसिह शाक्यवंशको संयोजकत्वमा म स्वयं सचिव र दिं द्रव्य रत्न शाक्य कोषाध्यक्ष,

श्री नेमबीर शाक्य सदस्य, श्री राजेश शाक्य सदस्य र श्री प्रचण्ड शाक्य कार्यालय सचिव हुने गरी चित्र तथा मूर्तिकला व्यवस्थापन समिति गठन गरीएको स्मरण गराउन चाहन्छु । तत्पश्चात श्री सुरेन्द्र नरसिह शाक्यको सहयोग लिई श्रद्धेय गुरु डि.बी. लामालाई चित्र तथा मूर्तिकलाको प्रशिक्षण गर्नका लागि अनुरोध गरिएको थियो । सम्वत् २०७७ साल जेष्ठ  महीना २२ गते शनिवार यस प्रशिक्षणको शुभारम्भ गरी पहिलो ब्याचमा दि. राजकुमार शाक्य लगायत अन्य प्रशिक्षार्थीहरूले प्रशिक्षण लिएको थियो । र यस दुई बर्षे प्रशिक्षण अवधिका उत्कृष्ट प्रशिक्षार्थी दिं राजकुमार शाक्यलाई प्रशिक्षकको रूपमा कार्यगत गराई यस चित्र तथा मूर्तिकला प्रशिक्षण कार्यक्रमलाई ७ वर्ष सम्म निरन्तर रूपमा सञ्चालन गरिएको थियो । हाम्रो सबैको अथक प्रयासले यस प्रशिक्षणवाट ४१९ जवान दक्ष कलाकारहरू उत्पादन गर्न सक्षम भएको थियो ।

ई.सं. १९९८ नेपाल भ्रमणबर्षको उपलक्ष्यमा बौद्ध बिहार संघ अन्तरर्गत चित्र तथा मूर्तिकला ब्यवस्थापन समितिबाट २० फिटको गुह्य समाज मञ्जुबज्रमण्डल धुलो रंगबाट ८० जना प्रशिक्षार्थीहरूको सहयोगमा राजकुमार शाक्यको डिजाइनमा निर्माण गरी भब्य कार्यक्रम भएको थियो । जुन नेपालमा महोत्सव तथा पर्वमा धुलो रंगबाट मण्डला बनाउने थालनी भएको हो । यसै समय प्रदर्शनीको अवलोकनमा आउनु हुँदानै जर्मनीको एक्सपोको लागि स्वयम्भू र चागूनारायण बनाउने कुरा थालनी भएको हो ।
हाम्रो यस समितिले प्रशिक्षण मात्र प्रदान नगरी धेरै अविष्मरणीय कार्यहरू पनि आयोजना गरीएको स्मरण गर्न चाहन्छु । बौद्ध विहार संघको रजत जयन्तीको शुभ उपलक्ष्यमा ललित बौद्ध कला प्रदर्शनमा प्रमुख प्रशिक्षक डि.बी. लामाको नेतृत्वमा १८ फिटको भैषज्य बुद्ध र प्रशिक्षक राजकुमार शाक्यको १२ फिटको श्वेत भैरबको र ७ फिटको तामा पाताको हेबज्र मण्डल जुन उहाँको निर्देशन र डिजाइनमा निर्माण भइ प्रदर्शन गरिएको थियो । मलाई अझ पनि स्मरण छ यस श्वेत भैरवको प्रदर्शन गर्ने खाका हामीहरूले दि अशोक बज्राचार्यको बाजे दिवंगत भएकोले श्रद्धाञ्जली व्यक्त गर्न जाँदा अशोक बज्राचार्यको कोठामा बसी दिं द्रव्य रत्न शाक्य, दिं राजकुमार शाक्य र मैले तयार गरेको थिए । श्रद्धाञ्जली दिने क्रममा कुरैकुरामा ललित बौद्ध कला प्रदर्शनीको छलफल हुँदा

राजकुमार शाक्यले आफुलाई यस श्वेत भैरवको अर्डर आएको तर खरीदकर्ताको उदासीनताले त्यसै कोरा अवस्था सो कृति घरमा राखेको जानकारी दिएको थियो । र मैले उहाँलाई यो कृति तयार गरी प्रदर्शन गर्न प्रोत्साहन गरेको थिए सो बमोजिम उहाँले यस कृति तयार गरी यस कार्यक्रममा प्रदर्शन गर्न दिनरात मेहनत गर्नु भएको थियो । उहाँ जुनसुकै कार्यको लागि अघि बढ्नका लागि सल्लाह दिएमा उत्सौंहित भई लगनशीलता साथ लाग्ने दक्ष कलाकार हून । यस कृतिको प्रदर्शन पश्चात स्वर्गीय श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवले दिं र ाजकुमार शाक्यलाई गोरखा दक्षिणबाहू तेश्रो प्रदान गरिएको थियो भने मलाई र दिं द्रव्य रत्न शाक्यलाई बीरेन्द्र ऐश्वर्य सेवा पदक प्रदान गरिएको थियो ।

दोश्रो ललित बौद्ध कला प्रदर्शनमा उहाँले २० फिटको अद्भुत कलाको स्तूप प्रदर्शन गर्नु भएको थियो । यस कार्यक्रमका प्रमुख अतिथि पूर्व महाराजा ज्ञानेन्द्रले यस कृतिको निकै प्रशंसा गर्नु भएको थियो । यस कलाकृति प्रदर्शन गर्नका लागि धेरै चुनौतिको सामना हामीहरूले गर्नु परेको थियो । यो कृतिलाई अक्षेश्वर महाविहारको मूलचोकमा स्थापना गर्न विशेष प्रकारको क्रेन तयार गरी यो कृतिलाई स्थापना गरेका थिए । यस कृतिमा ठुल्ठला पत्थर जडान गर्ने खोकाहरूमा रंगिन थर्मोकोल राखी श्रृंगार गरिएको थियो । यो कृति प्रदर्शन गर्न आवश्यक सम्पूर्ण व्ययभार आफैले व्यहोरेका थिए । उहाँ जहिले पनि आफ्ना नवकृतिहरू प्रदर्शन गर्न अघि सर्ने अग्रगामी सोच र श्रृजनकर्ताको रूपमा हामीहरूले उहाँलाई पाएको छौं । उहाँ जहिले पनि कलाकृतिको प्रचारप्रसार र प्रदर्शन गर्नु पर्दछ भन्ने उदारवादी तथा अग्रगामी सोच भएको कलाकारको रूपमा पहिचान राख्न सफल हुनु भएको छ ।

सन् १९९८ को ललित महोत्सवको उपलक्ष्यमा दिं राजकुमार शाक्यको नेतृत्वमा २० फिटको रंगीन धुलोको गुह्य समाज मन्जुबज्र मण्डल निर्माण गरेका थिए । यस नवकृति प्रदर्शन गर्दा उहाँ उत्कृष्ट चित्रकारको रूपमा परिचय दिन सफल भएका थिए । उहाँले यस समितिमा प्रशिक्षण लिएका कलाकारहरूलाई परिचालन गरी यस कृतिको श्रृजना गर्नु भएको थियो । यस कृतिको श्रृजना पश्चात हाम्रो मौलिक बुद्ध धर्ममा मण्डलको महत्व बारे व्यापक रूपमा प्रचारप्रसार भएको

थियो । यस कृति श्रृजना पश्चात् उहाँमा नेतृत्वदायी क्षमता रहेको पहिचान दिएको थियो । यस कार्य गर्नका लागि उहाँले धेरै गृहकार्य गरेका थिए ।

मलाई स्मरण छ बौद्ध विहार संघले नेपालमा स्थापना गर्ने विहारहरूका लागि थाईल्याडबाट बुद्धको प्रतिमा मगाई स्थापना गर्ने गर्दथ्यो । यस कार्यमा मैले बौद्ध विहार संघको अध्यक्ष बुद्धिराज बज्राचार्यज्यूलाई विरोध गरेको थिएँ । किनभने यसरी थाईल्याडबाट ल्याएको बुद्धले हाम्रा मौलिक कलालाई विस्थापित गर्न सक्छ भन्ने मेरो भनाई थियो । अध्यक्ष बुद्धिराज बज्राचार्यज्यूले मलाई सस्तो मूल्यमा बुद्धको प्रतिमा निर्माण गर्न निर्देशन दिनु भएको थियो । र हामी सबै चित्र तथा मूर्तिकलाका पदाधिकारी तथा प्रशिक्षकहरू सल्लाह गरी नेपालको पहिलो धार्मिक विधिविधान सम्मत फाईवर ग्लासको सस्तो मूल्यको कम तौल भएको बुद्धको प्रतिमा निर्माण सफल गरेका थियौं । यस फाईवरको ६ फिटको बूद्ध निर्माण दिं राजकुमार शाक्यको नेतृत्वमा दिं अशोक बज्राचार्य, राजन शाक्य, सबिन बैद्यको टोलीले यस कार्य सम्पन्न गरेका थिए । यस कार्यमा प्रमुख प्रशिक्षक डि.बी लामा लगायत प्रशिक्षकहरू पूर्णकाजी शाक्य, सुरेन्द्र नरसिह शाक्य, प्रचण्ड शाक्यको सल्लाह र सुझाव पनि प्राप्त भएको थियो । तर दुःखको कुरा यस कार्य गर्ने क्रममा मुखाकृति बनाउनका लागि घरबाट अक्षेश्वर महाविहार आईरहेको बेलामा दि. अशोक बज्राचार्यको दुखद् निधन भएको थियो । यस दुखद् दुर्घटनाले पनि दिं राजकुमार शाक्य विचलित नभई यस कार्य सम्पन्न गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएको थियो । यस कार्यले उहाँ धेरै सहनशील, धैर्यवान तथा लगनशील व्यक्तित्व हो भन्ने पहिचान गर्न सफल भएको थियो ।

ललितपुर उप-महानगरपालिकाले कोपुण्डोलको स्तम्भहरूमा महाबौद्ध, स्वयम्भु र कृष्ण मन्दिर स्थापना गर्ने परियोजना तयार गरी हामीहरूलाई यस कार्य सम्पन्न गर्ने सु-अवसर प्राप्त भएको थियो । यस कार्य सम्पन्न गर्न राजकुमार शाक्यले महाबौद्धको सयौ थान फोटो लिई ६ फिटको टेराकोटाको महाबौद्धको टेराकोटाको यस महाबौद्धको हुबहु कृति तयार गरेका थिए । यो नविन कृति तयार गर्नका लागि विभिन्न बुट्टाका साँचोहरू तयार गरिएको थियो । उहाले

५.५ फिट अग्लो प्रस्तरकलाको कृष्ण मन्दिर तयार गर्ने कलाकार यज्ञ रत्न बज्राचार्यलाई प्राविधिक रूपमा धेरै नै सघाएका थिए । र साथै उहाले दुइ स्तम्भको बीचमा अवस्थित ५ फिटको स्वयम्भू चैत्य निर्माण गर्नु भएको थियो । यस कार्यमा श्री प्रचण्ड शाक्यले पनि धेरै नै मेहनत गरेको स्मरण गर्न चाहन्छु । अझ पनि स्मरण मलाई छ कि यी कृतिहरूको स्थापना पश्चात् ललितपुर उप-महानगरपालिकाका ईन्जिनियरहरूले कृष्ण मन्दिर प्रस्तरको बनाईएको भन्दा विश्वास गरेको थिएन । जब यस कृति प्रमाणित भएपछि उहाँहरूले राजकुमार शाक्य लगायत हामी सबैलाई बधाई दिई उहाँहरूलाई पनि नेपाली बास्तुकलाको प्रशिक्षण दिन अनुरोध गरेको थियो । यस कार्यले उहाँ कलाकार मात्र नभई उत्कृष्ट प्राविधिक पनि भएको प्रमाणित गर्नु भएको थियो ।

हामीहरूको राम्रो टोलीको सहकार्यले गर्दा यी चूनौटीपुर्ण योजनाहरूको खाका तयार गर्दा दिं राजकुमार शाक्यको धेरै सम्झना आउदँछ । वहाँको व्यक्तित्वको स्मरण गर्दा मिलनसार, उद्यमशील, श्रृजनशील, धैर्यवान, सहनशीलको रूपमा मैले उहाँलाई पाएको छु । उहाँ जस्तो उत्कृष्ट कलाकारसँग दुई दशक भन्दा बढी उहाँको अन्तकालसम्म पनि सहकार्य गर्न पाउनु मेरो अहोभाग्यको रूपमा लिएको छु ।

अझै पनि मलाई स्मरण छ मैले उहाँलाई पहिलो पल्ट बौद्ध विहार संघमा भेट हुदा उहाँ बौद्ध विहार संघको अध्यक्ष बुद्धिराज बज्राचार्यज्यूले एउटा विहार बनाउनका लागि उहाँ आर्किटेक्चरको पनि विद्यार्थी भएकोले नक्साङ्कन गर्न बोलाएको थियो । उहाँ जहिले पनि सामाजिक, साँस्कृतिक, तथा ऐतिहासिक कार्य गर्न अघि सर्ने व्यक्तित्व भएकोले कूनै पनि जिम्मेवारी उहाँलाई दिएमा लगनशील, श्रृजनशील तथा कार्य सम्पादन नभएसम्म निरन्तर रूपमा लागि पर्ने व्यक्तित्वको रूपमा मैले पाएको छु ।

उहाँ प्रशिक्षार्थी हुँदा पनि सधै सकारात्मक सोच लिई प्रशिक्षकले प्रदान गरेको प्रशिक्षण धैर्यपूर्वक ग्रहण गर्न सक्ने अध्ययनशील तथा क्षमतावान व्यक्तित्वको रूपमा मैले पाएको छु । उहाँले प्रशिक्षणको दौरान आएका उतारचदावका बाबजुद आफ्नो प्रशिक्षण सफलतापूर्वक सम्पन्न गरिए पश्चात् दोश्रो सत्रमा उहाँ

उत्कृष्ट प्रशिक्षार्थीको नाताले प्रशिक्षक हुन अनुरोध गरेको अनुरोधलाई स्वीकार गरी यस समितिले प्रदान गरिएको प्रशिक्षणमा प्रशिक्षकको भूमिका निर्वाह गर्नु भएको थियो । यस प्रशिक्षणलाई आवश्यक पाठ्यक्रम तयार गर्न उहाँले सबै प्रशिक्षकहरूको परामर्श लिई पाठ्यक्रम तयार गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नु भएको थियो । उहाँ मृदूभाषी, मिलनसार, सविस्तार रूपमा अध्यापन गर्न सक्ने क्षमतावान भएकोले प्रशिक्षार्थीहरूलाई कला श्रृजना गर्न हरहमेशा उत्प्रेरणा गर्ने, प्रोत्साहन गर्ने, सरल र विस्तार रूपमा कलाको ज्ञान निस्वार्थ रूपमा प्रदान गर्ने प्रशिक्षकको रूपमा मैले पाएको छु ।

प्रशिक्षण प्रदान गर्नेक्रममा उहाँ लगायत हामीहरूले धेरै उताढचढावको सामना गरेको स्मरण गर्न चाहन्छु । उहाँलाई संकूचित, रुदीवादी सोच भएका कलाकारहरूले प्रशिक्षण प्रदान नगर्न धेरै दवावहरू आएको मलाई अभिव्यक्त गर्नू भएको स्मरण गर्न चाहन्छू । तर पनि हामीहरूले वहाँलाई प्रशिक्षण प्रदान गर्न धेरै मनोवल बढाउने कोशिस गरेको स्मरण गर्न चाहन्छू । उहाँ जहिले पनि श्रृजनशील सोच भएकोले यस समितिमा आबद्ध अन्य प्रशिक्षकहरू जस्तै : श्री पूर्णकाजी शाक्य, श्री सूरेन्द नरसिह शाक्य, दिं युगरत्न शाक्यहरू, श्री प्रचण्ड शाक्य, श्री उजय बज्राचार्य, जानी शाक्य, सानुभाई बज्राचार्यसँग सहकार्य गरी समयसापेक्ष पाठ्यक्रमहरूमा सुधार गरी यस प्रशिक्षणलाई दोराउँदै लगिएको थियो । श्री नरेन्द्र नरसिह शाक्यवंश र श्री द्रव्य रत्न शाक्यको संयोजकत्वमा गठित यस चित्र तथा मूर्तिकला व्यवस्थापन समितिको सञ्चालन अवधिभर समितिका पदाधिकारी, कर्मचारीवर्गहरू तथा प्रशिक्षकहरू उदाहरणीय सहकार्य, समन्वय तथा सहयोग प्राप्त भएको थियो ।

उहाँले नेपाल हस्तकला महासंघले सञ्चालन गरिरहेको हस्तकला डिजाईन तथा बिकास केन्द्रमा स्थापना काल देखि नै विभिन्न पदीय हैसियतले निस्वार्थ भावनाले अभिप्रेरित भई योगदान गर्नु भएको छ । यस केन्द्रमा उहा प्रशिक्षकको हैसियत कलाकारहरूलाई दैविय संरचना, रेखांकन, उदभृटकला, मुर्तिकला आदि कलाका विभिन्न विधाहरूमा तालिम प्रदान गर्नु भएको थियो । र वहाँ कलाकारहरूको लागि कलाक्षेत्रमा आईपर्ने समस्याहरूको समाधान गर्नका लागि

आवश्यक सल्लाह र सुझावहरू प्रदान गर्न परामर्शदाताको रूपमा पनि कार्यरत हुनु भएको थियो। उहाले नेपाल हस्तकला महासंघ र CTEVT को सहकार्यमा तयार गरेको कलाकारहरूको Skill Testing गर्न धातु पत्रको पाठ्यक्रमहरू निर्माण गर्न योगदान गर्नुभएको थियो।

व्यक्तिगत तवरले मुल्यांकन गर्ने हो भने मलाई गौरव लाग्छ उहाँ जस्तो व्यक्तित्वको सहयोग, सदभाव सल्लाह प्राप्त भएको कारण मैले पनि नेपालको हस्तकलाको बिकास र बिस्तारमा केही श्रृजनशील, उद्यमशील, ऐतिहासिक कार्यहरू सम्पादन गर्न सफलता प्राप्त गर्न सकेको अनुभति हुन्छ। मेरो नेतृत्वमा गरिने कुनै पनि कलाक्षेत्रसँग सरोकार भएको कार्यमा उहाँ मेरो सहकर्मी, सल्लाहकार, शुभचिन्तक, सहयोगी तथा उत्प्रेरकको रूपमा मलाई प्रोत्साहन गर्ने व्यक्तित्वको रूपमा मैले लिएको छु। आज यस्तो महान कलाकार, सहकर्मी, असल मित्रलाई गुमाउनु पर्दा धेरै नै दुःखको अनुभुति भई रहेको छ।

उहाँको अन्तकालसम्म पनि हिरण्यवर्ण महाविहारको तत्वाधानमा लुम्बिनीमा निर्माण हुन गइरहेको धर्मोदय हिरण्यवर्ण महाविहारको कला र कलाकार व्यवस्थापन समितिको संयोजक भई मेरो यस कार्यमा धेरै हौशला प्रदान गर्नु भएको थियो। उहाँ यस परियोजनाले धेरै नै उत्साहित हुनु भएको थियो। किनभने लुम्बिनीको पबित्र उद्यानमा आज पनि हाम्रो देशको मौलिककलाहरूको यथोचित रूपमा स्थापना गरिएको छैन र यस परियोजना मार्फत नेपालको मौलिककला लुम्बिनीमा प्रदर्शन गर्ने सुअवसरको रूपमा उहाँले लिनु भएको थियो। यस परियोजनाको सम्वत २०७८ साल बैशाख महीनाको ३ गते शुक्रबार विधिवत रूपमा संकल्प पूजा गरी सबै कलाकारहरूलाई आ-आफ्नो ज्यावलहरू प्रदान गर्नु भएको थियो। तर आज यस परियोजनाको एउटा स्तम्भ नै भाँचेको छ।

दिं राजकुमार शाक्यको जीवनी नियालेर हेर्ने हो भने उहाँ साँचै बोधिचित्त भएको महान आत्माको रूपमा लिन सकिन्छ उहाँले हाम्रो देशको मौलिक कलाको बिकास र विस्तार, संरक्षण र सम्बर्द्धन, जिर्णोद्धार र पूनर्निर्माण आदि कार्यमा

अतुलनीय योगदान गरेर जानु भएको छ ।

अन्तमा, सदीमा एक पटक जन्म लिने सिद्धहस्त कलाकार राजकुमार शाक्यको पूनित आत्मा अमिताभ भुवनमा वास लिन सकोस भनि कामना गर्दै उहाँ प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्न सकोस् भनि परिवारप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु ।

*ॐ नमो भगवते सर्व दुर्गति परिशोधन राजाय तथागताया ऽहर्ते सम्यकसम्बुद्धाय ॥ तद्यथा ॥ ॐ शोधने शोधने विशोधने विशोधने सर्व पाप विशोधने सर्व पाय विशोधने शुद्धे विशुद्धे*
*सर्वकर्मावरण विशोधने स्वाहा ।*

# Why late Raj Kumar Shakya Will inspire A whole new generation of traditional artists



*Anil Chitrakar*

Late Raj Kumar Shakya was probably the world's best *repousse* artist. Having met, known and worked with Raj Kumar for nearly three decades, his 54 years of short life can be read like a book on "what it takes to be a successful artist. To mark the 45th day of his passing, I have captured the key attributes of this great artist so that others may learn and strive to succeed. Raj Kumar was a very successful craftsman and success is contagious.

**Raj Kumar was passionate and set big goals**

When it came to any piece of art work, no matter what the size or scale, Raj Kumar knew he could do it. This made him a very confident person and there was no task that he said no to. He knew his own capacity and was always willing to take it to the next level. The colossal statue of Guru Padmasambhava that Raj Kumar built in Bhutan is not a small feat. The statue of liberty in New York would be the only famous statue that is comparable. Raj Kumar succeeded because he had the passion and he believed in himself. The time and effort it took to craft each of the masterpieces Raj Kumar has gifted to the world did not matter either, because he loved what he did. He was dedicated to promoting and preserving the repoussé art and all the skills and techniques that went with this. The most important lesson is that Raj Kumar was not afraid to set big goals.

**He was rooted in the community and articulated well**

When you undertake any major project, one realizes that human resource is your biggest variable. Countries like South Korea and Japan understood this and so did Raj Kumar. He was always on the lookout for skilled people like himself. He has taken

them into his team and then trained them. He was also a person who trusted people and hence was able to expand his work into the larger community. He did this because he was deeply rooted in this community and was trusted and respected by the community in return. He spent a lot of time engaging the community through many events. He never said no to a chance to speak at these events. He could put his ideas very clearly and was always well prepared to engage the audience. Being an active member of the community and a good communicator made Raj Kumar a success.

**Raj Kumar was a good teacher**

Three decades ago Raj Kumar worried that there were so few families left that were still in the repousse tradition that it could disappear completely. In thirty years the art is well and alive and reaching all corners of the globe from Patan, thanks to Raj Kumar's effort as a teacher. A whole new generation of successful artists in Patan have benefitted from the knowledge and skills that were presented to them by Raj Kumar. Young people who aspired to master the craft also got a chance to work with and for Raj Kumar where they could start from scratch, make mistakes correct them and become good at what they were crafting under the watchful eyes of the master. As more and more work was generated, more and more young people came back to their traditional work. With economic growth in Asia and greater



understanding of Buddhism and its significance, the demand for these skills will grow.

**Raj Kumar understood and applied science, technology and geometry to his work**

The ability to open your mind to new and relevant information, new tools, and techniques and to constantly be learning is the key characteristics of a successful person. Raj Kumar adopted the computer; he always relied on applied science and was really good with practical geometry. He would always be telling young artists to learn science and be good with numbers and was always a role model who practiced what he taught. He could generate computer models of art and craft and add the perspective of the artists to these models to create masterpieces. He felt that art made without perfect mathematical proportions did not do well in the market.  This ability and dedication to combine the best of applied science and art is what made his creation do so well in the market. Once again size and scale demanded the use of science and technology.

**Raj Kumar was a good businessman**

History is full of great artists who had nothing in the form of wealth and a comfortable life.  Hundreds of years later their art work is being sold in the market for millions. Raj Kumar was a good businessman, he knew how to promote and market his



products. The market loved the quality of his work and the transparent ways he did business. He had a large network of suppliers, shippers and skilled workers who he could mobilize. He was good at raising money for large work and he invested his earnings well. The good thing about the investments he made was that it allowed the business (On Metal) to really expand. Many artists and smaller businesses benefitted from On Metal's expansion. Raj Kumar also was good at complying with regulation.

**Honoring him by completing his dream project- the world's tallest Bhairab mask**

The demand for Raj Kumar's time and skill was growing rapidly when he fell sick and passed away. Besides a number of larger orders, he was finishing a Buddha statue at Lumbini and undertaking restoration work at Mahabouddha. On top of all this we were working on his dream project, to put up the largest and tallest mask of the Bhairab at the southern edge of the Kathmandu valley in the Nepal Art Village (NAV). He was president of this company and leading this project that is now incomplete. If we want to honor the man, the artist and the success of late Raj Kumar Shakya, we must all come together and complete all his projects. His legacy must live on in the form of his work and the high standards he set will have to be followed by everyone.

♦

# पञ्चबुद्धको विशुद्धतामा रम्ने प्रीय राजकुमार



*लोक चित्रकार**

सबैका प्रीय कलाकार राजकुमार शाक्यको अचानक बिदाई सँगै उहाँका प्रीयजनहरु एकाएक स्तब्ध भए। यहि दुःखद घटना पश्चात उनका बारेमा धेरैले धेरै प्रसङ्ग सहितका हृदय तरङ्गित पार्ने भावनाहरु विभिन्न माध्यम मार्फत पोखिसकेका छन् । उनको गुणलाई सम्भिनु पर्दा पानाहरु अवश्यपनि अपुग नै हुनेछन् । मैले पनि अन्य ठाउँमा लेखि सकेका कुरालाई दोहोर्याइरहनु उचित सम्भिन्न । उनको कला अभ्यास र जीवन अभ्यासको समानान्तरताको बारेमा उनको सुविचार हाम्रो अनौपचारिक कुराकानीको फ्ल्यासब्याकको रुपमा छोटकरीमा प्रस्तुत गर्ने प्रयास गर्दछु। उनको कलाकारीता र व्यक्तित्वको बारेमा लेखिरहनु परेन । जग जाहेर छ । सायद यो कुरा पनि मननयोग्य र उनको गुणलाई पुनः पुनः सम्भिरहन सकिने जस्तो लागेर केही शब्द कोर्ने धृष्टता गर्दछु।

उनले पटक पटक भन्थे - पञ्चबुद्धलाई सम्भिनु, पाँचवटा हस्त मुद्रालाई मनन गर्नु र त्यसलाई पछ्याइकन अगाडि बढ्दा जीवन अति सहज र सरल हुन्छ।

"रत्नसंभव, अक्षोभ्य, बैरोचन, अमिताभ र अमोघसिद्धि" का हस्तमुद्राहरुको दर्शनमा क्रमशः बरद अर्थात दिने, भूमीस्पर्श अर्थात अडिग, धर्मचक्रमुद्रा अर्थात शिक्षा/सिकाउने, ध्यान अर्थात ठीकसँग मुल्याङ्कन गर्ने, अभय अर्थात अरुलाई सहयोग गर्ने विशुद्ध भावना निहित भएको हुन्छ। यसर्थ यी पाँचवटा कुरालाई मनन गरेमा राजकुमारले निर्वाह गरेको जीवन पद्धति सजिलै बुझ्न सकिन्छ, अवलम्बन गर्न सकिन्छ । उनको सरल जीवन, सहयोगी व्यवहार र सफल व्यक्तित्वलाई नियाल्न सकिन्छ।

---

** बरिष्ठ पौभा कलाकार*

अरुलाई दिने कुरा बरद हो अथवा दान हो । समाजलाई राजकुमारले दिएको आर्थिक सहयोग र उनले खर्चेको समय मात्रै सम्झेको खण्डमा हामीले राजकुमारको दानको आचरण बुझ्न सक्छौं । त्यसैले दान दिनु बरद हो र हामी रत्नसंभव बन्नुपर्छ भन्छन् उनी । आफ्नो सत्यकुरामा अडिग रहनुपर्छ । विचारमा विचलन कदापि हुनु हुँदैन । सत्यतामा अडिग रहनु भूमिस्पर्श मुद्रा अथवा अक्षोभ्य बुद्धको स्वभाव हो ।

आफुले गरेको र गरिरहेको कुरा ठिक छ कि बेठिक छ भनेर सुक्ष्म रुपले नियालेर हेर्ने प्रवृत्ति ध्यान हो । ध्यान मुद्रा नै अमिताभ बुद्धको प्रतिक हो ।

अभय मुद्राले अरुको डर हटाउने प्रयास गर्नु पर्छ । जुन सिपबाट, अर्थबाट वा अन्य सहयोगबाट गर्न सकिन्छ भन्ने कुरालाई उजागर गरिरहेको हुन्छ । जसरी हुन्छ अरुको मनको डर हटाउने प्रयास अभय हो, भय रहित बनाउने हो । जुन पूर्वजहरुले गरेको असल कामको अनुशरण गर्ने वा कृत्य हो ।

अमोघसिद्धिको प्रभावले सिद्धिलाभमा कहिल्यै असफल हुँदैन । अमोघसिद्धि प्राप्तिपछि सबैलाई सिकाउनुपर्छ । धर्मचक्र प्रवर्तन मुद्राको अर्थ सबैलाई निश्चित सिप र आवश्यक ज्ञानहरु सिकाउनु पर्छ भन्ने नै हो । आफुले जानेको असल कुराहरु अरुलाई हस्तान्तरण गर्न सक्नुपर्दछ । धर्मचक्र मुद्रामा रहने बैरोचन बुद्ध अथवा उहाँको विशुद्ध उज्यालोले समस्त यथोचित ज्ञानको प्रतिनिधित्व गर्दछ ।

यी पञ्चबुद्धका मुद्राहरुले प्रस्तुत गरिरहेका ज्ञानलाई अति नै सरल ढंगले, सबैले बुझ्नेगरि दैनिक जीवनका उदाहरणबाट अंगिकार गरि अभ्यास गर्नुपर्छ भनेर भनिरहने राजकुमार शाक्य आज हामी माझ नरहे पनि उनको असल स्वभावयुक्त योगदानलाई सम्झी उनले देखाएको बाटोलाई हामी सबैले सत्यधर्म र निष्ठापूर्वक कर्म गर्दै जानुपर्छ । राजकुमारको ज्ञानलाई मनन गरि उहाँको गुणानुस्मरणका साथ श्रद्धाञ्जली चढाउनु सबैको कर्तव्य होला ।

मूर्धन्य कलाकारहरु राजकुमार शाक्य र उहाँको बुबा श्री रुद्रराज शाक्यप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँहरुको सुखावती भुवनमा बास होस् भन्ने कामना गर्दछु । यस दुःखद घडीमा धैर्य धारण गर्न सकोस् भन्ने प्रार्थना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

अस्तु । भब्बतु सर्व मंगलम् ।

♦

# राजकुमार शाक्यसँगका सात वर्ष



*बिश्वास बज्राचार्य*

सन् २०१४ को शुरुतिर कान्तिपुर पत्रिकामा "कान्तिपुर वर्षका दश" प्रकाशित भएको थियो। यहि सन्दर्भमा मैले कलाकार राजकुमार शाक्यलाई प्रथम पटक नियाल्न पाएको थिए। उहाँ मेरो आफन्त पनि साथै धेरै साथीभाईका गुरु पनि हुनुहुन्थ्यो तर आफ्नो विषय र रुचीबाट फरक भएको हुनाले पहिला खासै मतलब गरिएको थिएन।

भुटानमा गुरु पद्मसम्भवको मूर्तिको चर्चासँगै नै उहाँ प्रति चाख बढेको हो। फेसबुक मार्फत उहाँसँग चिनजान भयो र कुराकानि शुरु भयो। त्यहि वर्ष २०१४ को अक्टोबरमा भुटानबाट उहाँ काठमाडौ फर्कनु भएपछि हाम्रो भेटघाट भयो। फर्केको केहि समयमा नै अग्रज कलाकार र सामाजिक अभियन्ताहरु सँगका उहाँको भेटघाटको क्रमले निकै गति लिएको थियो। मुख्यतः सुमेरु कला ग्राम मार्फत हस्तकला सम्बन्धि कार्यक्रमहरुको योजना भईरहेको थियो। यो सबैको बिचमा उहाँको व्यबसायलाई परिष्कृत गर्ने विषयलाई लिएर हामी गफ पनि गर्दै थियौं। कुशल कलाकार हुनुका साथै उहाँ समय र आर्थिक व्यवस्थापनमा निकै सजग थिए। सन् ८० को दशकमा शुरु भएको उहाँको छवि तिन दशक भित्र निकै उच्च भईसकेको थियो। भुटानको सफलता पछि एउटा नयाँ शुरुवातको अपेक्षा हुने नै भयो, पहिले भन्दा विशाल र महत्वाकाक्षी। यहि कुरा समेटेर उहाँले म सँग १० वर्षको प्रतिबद्धता माग्नु भयो।

सूचना प्रविधिको आफ्नो अनुभवलाई बिल्कुलै फरक विषय हस्तकलामा जोड्नु मेरो लागि पनि नविन प्रयोग थियो। उहाँको व्यक्तित्व, विचार, सोच र सपनामा आफुलाई जोड्न मलाई समय लागेन। उहाँलाई आवश्यक भईरहेको सानातिना कामहरु फत्ते गरेर दिन मलाई समय लाग्दैन थियो। आफ्नो कुरा प्रष्टसँग राख्न

सक्नु उहाँको खुबी थियो अनि त्यसलाई बुझेर खोजेको कुरा दिन सक्नु मेरो क्षमता थियो ।

सहि योजना र स्रोतहरुको उचित प्रयोग हुनुपर्छ भन्ने कुरा त सर्वमान्य नै हो तर सान्दर्भिक परिवर्तनको लागि सधैं तयार रहनु पर्छ भनेर सोच्ने कलाकार मैले उहाँ मात्र देखेको छु । सफ्टवेयर बनाउन जुन Flow Chart को प्रयोग हुन्छ, सजिलै बुझेर आफ्नो काममा प्रयोग गर्न उहाँ तुरुन्तै तयार हुनु भएको थियो । सानासाना घटकहरु जोडेर सहि प्रणाली व्यवस्थापन बाट मात्र ठूला ठूला परियोजनाहरु सफल हुन्छ भनेर हमेशा सबैलाई सम्झाउनु हुन्थ्यो । उहाँ सँगको संगतले सूचना प्रविधिमा मेरो आफ्नो क्षमता अत्यधिक बृद्धि भएको अनुभव मैले गरेको छु ।

व्यापार व्यवस्थापनलाई व्यक्तिगत भन्दा माथि उठेर संस्थागत रुपमा विकास गर्नुपर्दछ भन्ने उहाँको सोचलाई साथ दिने क्रममा मैले आफुलाई धेरै चोटि मुल्याङ्कन गर्ने मौका पाएँ । संस्थागत र व्यक्तिगत प्रगति सँगसँगै हुनुपर्छ भन्ने मान्यता अन्तर्गत हामिले विभिन्न गतिविधिहरु सञ्चालन गरेका थियौं । त्यहि सिलसिलामा साधारण क्यालेन्डर मिलाउने देखि विश्व भ्रमण गर्ने सम्मका योजना बनाइयो । On Metal Arts & Crafts लाई विश्व स्तरीय कम्पनि बनाउने उहाँको सोच थियो । संगठित संरचना, नेतृत्व हस्तान्तरण, प्रशिक्षण, अनुसन्धान र बजार हरेक विषयलाई उहाँले कुशल व्यवस्थापकिय नजरले हेर्ने सामर्थ्य राख्नु हुन्थ्यो ।

कामदार र कालिगढहरुको लागि उचित व्यवस्थापन, कार्यशालामा ध्वनि नियन्त्रण, पानी बत्तिको व्यवस्थापन जस्ता कुरा साधारण लागे पनि महत्व दिएर उहाँले खर्च गर्न कञ्जुस्याई कहिल्यै पनि गर्नु भएन । कानुन भन्दा माथि केहि छैन भन्ने सिद्धान्त उहाँले काममा प्रयोग गर्नु हुन्थ्यो । कानून, वित्त, बजार र संचालन को कुरा बुझ्न सजिलो छ तर मानिस मार्फत यसलाई व्यवस्थापन गर्न साह्रै गाह्रो छ भनेर उहाँले भन्ने गर्नु हुन्थ्यो । नियमित चक्रमा संस्था चल्न थालेपछि रचनात्मकता काममा ध्यान दिन सकिन्छ भन्ने सोचेर क्षमता बृद्धि गर्दै नेतृत्व हस्तान्तरण गर्दै जाने उहाँको योजना थियो । छोराहरु स्वरुप र सौरभलाई

कला र व्यवस्थापन दुवैमा दक्ष बनाएर काम सुम्पिन विभिन्न अभ्यासहरु भईरहेको थियो । लुम्बिनीमा ५० फिटको सिद्धार्थ बुद्ध परियोजनामा स्वरुपले राम्रो क्षमता प्रस्तुत गरेर बुबा राजकुमारलाई प्रसन्न तुल्याईसकेका थिए । संकुचित सोच भन्दा माथि उठेर ज्ञान भनेको बाड्नु पर्छ भन्ने धारणामा उहाँ सधै अडिग हुनु हुन्थ्यो । सानो स्केलमा नमूना बनाईसकेपछि अनुपातमा ठूलो मूर्ति कसरि तयार पार्ने भन्ने सूत्र उहाँले आफ्ना क्षमतावान सहकर्मीहरुलाई सिकाउनु भएको छ । मालिक/कामदार भन्दा पनि प्रेरणादायी गुरु कलाकारका रुपमा उहाँले सबैलाई आफ्नो उत्तम प्रतिभा निकाल्न सधै प्रेरणा प्रदान गर्ने गर्नु हुन्थ्यो ।

हाम्रो मौलिक कलालाई विश्वव्यापिकरण कसरी गर्न सकिन्छ भन्ने विषयमा गफ हुँदा मैले भनेको थिए - "जब कुनै धार्मिक गुरुलाई सपना आउँछ, अनि हामीले काम पाउँछौ । किन हामी उहाँहरुमा आउने सपना मात्रै कुर्ने, आफ्नो सपना किन नेदख्ने ?" दाई निकै हास्नु भएको थियो मेरो कुरा सुनेर । सहमति जनाउनु भएको थियो सँगै गुरुहरुको महत्वको विषयमा पनि बुझाउनु भएको थियो । यहि क्रममा संसारकै ठूलो भैरवको मुखौटाको चर्चा शुरु भयो । आफ्नै सपनालाई साकार पार्ने कुरा र नेपालमै ठूलो मुखौटा बन्ने कुरा जोडेर हामीले निकै खुशियाली मनाएका थियौं । राजकुमार शाक्यलाई उहाँका शिष्यहरुले बज्रपाणी/ भैरब सँग तुलना गर्ने गरेका छन् । भैरब सँगको उहाँको यो संबन्धले गिनिज बुकमा पनि प्रवेश पाउने कुराले नेपालको कला जगत उत्साहित त थिए नै, साथै यस्तो हुनसकेको खण्डमा नेपाली शैलीको परम्परागत कलाले २१ औं शताब्दीमा कोसेढुङ्गा बनि  अमर ईतिहास रच्ने प्रायनिश्चित थियो ।

नेपाल आर्ट भिलेजको स्थापना, संरचनागत विकास र सञ्चालनको क्रममा उहाँको उत्साह हेर्न लायकको थियो । एक सय एक कलाकारहरुको जमघट, त्यसमाथि व्यापार र सामाजिक अगुवाहरुको संलग्नता, यो समूह आफैमा अनुपम रहेको धारणा उहाँले व्यक्त गरिरहनु हुन्थ्यो । नेपाल आर्ट भिलेजको प्रतिनिधित्व गरेर दाङ्ग तुलसीपुरमा बृहत नेपाली बस्ति बसाउने अवधारणा गर्न जाँदाको अनुभव कम रोचक छैन । मेयर घनश्याम पाण्डेज्यूको निम्तोमा परम्परागत नेवारी जातिको प्रेरणा लिएर आधुनिक शहर निर्माणको परिकल्पना दाङ्गमा गरिएको थियो । काठमाडौ उपत्यकाको दायराबाट फैलिएर विश्वसामु जानु अगाडिको एउटा महत्वाकाक्षी प्रयास यहाँबाट शुरु भएको थियो । आफ्ना

ग्राहकका लागि त उहाँले थुप्रै देशको भ्रमण गर्नुभयो तर आफ्नो दृष्टिकोणलाई प्रस्तुत गर्ने उहाँको यो प्रयास एउटा महत्वपूर्ण शुरुवात थियो । खानालाई संस्कृतिको अभिन्न अंग मान्ने राजकुमार शाक्यले दाङको थारु होमस्टेमा पाहुना सत्कारको क्रममा हरेक कुरामा रमाईलो मान्दै सबै परिकार मिठो मानी मानी खानु भएको सम्झना आज पनि मन मष्तिस्कमा ताजै छ ।

धरान भेडेटारको लागि १५० फिटको बुद्ध, लुम्बिनीमा सारस, दाङको बडिमालिकामा शिव, पोखरा, पाल्पा, बुटवल लगायत नेपालका विभिन्न ठाउँहरुमा विशाल संरचनाका लागि उहाँको सहकार्यहरु भईरहेको थियो । अलग अलग देशमा उहाँको प्रस्तावहरु पनि गइसकेका थिए । यसैबिच मिल्दो सोंच भएका लगानिकर्ताहरुलाई समेटेर विश्वस्तरीय कलात्मक होटल सञ्चालनमा ल्याउने उहाँको सपनामा धेरै सँग निकै भलाकुसारी हुने गर्दथ्यो । भ्रमणहरुमा जाँदा होटलहरु निरिक्षण गर्ने हाम्रो क्रम चलि नै रहेको थियो । एउटा यस्तो होटल जहाँ कला, संस्कृति र चाडपर्वहरुको झलक प्रस्तुत हुने दैनिक गतिविधि सहितको कलाको उच्चतम नमूना होस् र कला भनेको जोगाउने होइन अभ्यास गर्ने हो भन्ने कुरालाई सबै सामू लाने उहाँको चाहना आफ्नो जिवनकालमा अधुरै रह्यो । मानिसको गाँस, बाँस, कपाससँग कलालाई अभिन्न अंगको रुपमा अगाडी लान अर्थव्यवस्था सुचारु हुनैपर्छ भन्ने सिद्धांत राख्नु हुने राजकुमार शाक्यको आर्थिक कारोबार सम्बन्धि अभ्यास निकै सरल, व्यावहारिक र अनुशासनयुक्त थियो । आफ्नै आन्तरिक चेतनाबाट एउटा उदाहरणीय जिवन बाच्न सफल कलाकार राजकुमार शाक्यसँग १० वर्ष बिताउन पाइएन । लिन र दिन कञ्जुस्याईँ नगर्ने उहाँले आफ्नो सोच, सपनाहरु आफ्नो आगामी पुस्ता, सहकर्मी र शिष्यहरु मार्फत पूरा भएको हेर्न पाओस् भन्ने कामना छ । उहाँको मृत्युलाई एउटा स्वाभाविक प्रकृया मानेर उहाँका प्रयासहरुलाई मुर्त रुप दिन सकेमा साँचो श्रद्धाञ्जली हुने कुरामा म बिश्वास गर्दछु ।

♦

# गुरु बा राजकुमारप्रति गर्वित एक कालिगढ



*भिमबहादुर तामाङ्ग*

मेरो नाम भीम बहादुर तामाङ हो । म अहिले ४७ वर्षको भए, मेरो घर शंखरापुर नगरपालिका वडा नं ५ हो तर हाल हात्तीवन ललितपुरमा अस्थायी रूपमा बसोबास गर्दै आईरहेको छु ।

मलाई अझै याद छ, मेरो पहिलो चोटी राजकुमार शाक्यज्यू सँग को भेट सन् २०१० मा भएको थियो । उहाँको एकदमै प्रभावित पार्ने काम गर्ने आधार, नयाँ नयाँ सोच र विविध विकल्पहरु सहितको कार्य शैलीले गर्दा त्यस प्रथम भेटमा नै उहाँले मेरो मन जिति सक्नु भएको थियो । सायद म यो कला क्षेत्रमा लागेको निकै वर्ष भएर होला, मलाई त्यस बेला मैले मेरो क्षेत्रको भगवान नै भेटेको आभास भएको थियो । उहाँको स्वभावबाटै मैले त्यसै दिन थाहा पाएको थिए कि उहाँ आफ्नो सिप र कार्यप्रति अति नै नजिक र लगाव राख्नु हुन्छ । उहाँ आफ्नो मित्रजन र कर्मचारीहरु सबैमा समान मैत्रीभाव राख्नु हुन्थ्यो । त्यो दिन पनि उहाँले भुटानको प्रोजेक्टको बारेमा केही विचारहरु हामी समक्ष राख्नु भएको थियो । उहाँको त्यति बेलाको काम गर्ने शैलीका बारेमा विवरण दिने तरिकाले उहाँले कत्तिको माया गर्नु हुन्थ्यो आफ्नो पेशालाई भन्ने स्पष्ट थाहा हुन्थ्यो । उहाँ एकदमै मिहेनती र लगनशील देखिन्थे । उहाँ आफ्नो पुर्खा देखि गर्दै आएको पेशालाई कसरी सफल र राम्ररी अगाडि बढाउन सकिन्छ भन्ने सोचमा देखिन्थे । र मलाई पनि उहाँको यही स्वभावले आकर्षित बनाएको थियो । उहाँको काम गर्ने तरिका र नयाँ नयाँ अवधारणाहरुले मलाई एकदमै प्रभावित पारेको थियो । उहाँ सँगै उहाँको निर्देशनमा त्यस प्रोजेक्टमा काम गर्ने अवसर पनि पाए ।

उहाँ र मेरो सम्बन्ध कर्मचारी र हाकिम जस्तो नभईकन दाजु र भाईको जस्तो थियो । किनभने उहाँले कहिल्यै पनि आफ्नो कर्मचारीहरुलाई कर्मचारीको रूपमा तल्लोस्तरको व्यवहार गर्नु भएन । एकदमै मिलनसार हुनु हुन्थ्यो र सबै कर्मचारी सँग दाजु भाई जसरी बस्नु हुन्थ्यो। हरेक कर्मचारीको दुःख बुझिदिनुका साथमा आवश्यक सहयोग पनि गरिदिनु हुन्थ्यो । कुनै पनि कुरामा नाई नभन्ने उहाँको सरल व्यवहारले गर्दा नै होला सायद हामी सबै कर्मचारीहरुले उहाँलाई आफ्नो अभिभावकै मान्ने गर्थ्यौ ।

मैले उहाँ सँग धेरै नै रमणीय र अविस्मरणीय पलहरु सँगै बिताएको छु । पहिलो पटक भुटानको ताकिल्लाको प्रोजेक्टमा उहाँ सँग काम गर्ने अवसर पाए । त्यस पछी पनि नेपाल फर्केर उहाँले आफू सँगै काम दिने बाचा गर्नु हुँदै मलाई सँगै राख्नु भयो र ON METAL ARTS & CRAFTS मा स्थायी कर्मचारीको रूपमा मलाई आबद्ध गर्नु भयो । हस्तकला क्षेत्रमा विश्वभरमा नाम राख्न सफल व्यक्तिसँग काम गर्ने मौका पाउँदा म धेरै नै खुसी थिए ।

कहिलेकाहिँ नजिकै वनभोज त समय समयमा उपत्यका बाहिर भ्रमणमा पनि लाने गर्नु हुन्थ्यो । उहाँ संगीतप्रति पनि निकै झुकाव राख्ने हुनाले हरेक भ्रमणमा उहाँले गाना गाउनु हुन्थ्यो, जुन मेरा लागि एकदमै भुल्नै नसक्ने मिठा क्षणहरु हुन् । उहाँ चुट्किलाहरु भनेर सबैसँग हाँसखेल मजाक पनि उत्तिकै गर्नु हुन्थ्यो। यसरी आफू पनि हाँस्ने र अरूलाई पनि हँसाउने गर्नु हुन्थ्यो । आफ्नो कर्मचारीलाई ३६५ दिन नै काममा खटाउनु हुन्न भनेर होला चाडपर्वहरुमा पनि कारखानामा कार्यक्रमहरुको आयोजना गर्नुका साथै धेरै अन्य जागरूकता महशुस हुने कार्यक्रम पनि गराउनु हुन्थ्यो । उहाँको व्यक्तित्व नै एकदमै अलग किसिमको प्रतिभाशाली लाग्दथ्यो । उहाँ र अरूहरुमा आकाश जमिन कै अन्तर मैले पाएको थिए ।

उहाँ कै पृथक अवधारणा मार्फत नै यस हस्तकला क्षेत्रमा नयाँ नयाँ प्रविधि देखि नयाँ नयाँ कार्यशैलीहरुको विकास गर्न उहाँ सफल हुनु भयो। उहाँले आफ्नै पौराणिक र परम्परागत कलालाई पनि नयाँ प्रविधिले प्रस्तुत गर्ने शैली ल्याउनु भयो जुन हस्तकला क्षेत्र कै लागि एउटा महत्वपूर्ण देन रह्यो । उहाँ सधैं

नयाँ नयाँ विकल्पहरु समेट्दै कसरी आफ्नो कार्यलाई र कर्मचारीहरुलाई सहज बनाउने, र समयको ख्याल गर्दै छोटो समयमा कसरी धेरै कार्य सफलता हासिल गर्ने भनि सोचीरहनु हुन्थ्यो । यसप्रकार हस्तकला क्षेत्रलाई सहि तरिकाले अगाडि बढाउने बारेमा अग्रगामी भावनाहरु सधैंभरि उहाँको हृदयभित्र छछल्किरहेको देखिन सकिन्थ्यो।

आफूसँग आर्थिक श्रोत पनि नभई केही गर्न सम्भव नहुने भएकोले २-४ पैसा कमाऊ भन्ने सोच सबैको हुन्छ । त्यही अनुरुप उहाँले कमाउनु पनि भयो । तर अरु जस्तो कार्यलाई पैसा कमाउने पेशाको रूपमा भन्दा पनि धातुपत्र कलालाई एउटा इतिहास रच्ने कार्यका रुपमा चिनारी बनाउन सकिएमा त्यसले पुस्तौं पुस्ता सम्म पनि जिवन्तता पाईरहन्छ भन्ने धारणा उहाँ राख्नु हुन्थ्यो । नेपालले उहाँ जस्तो शिल्पी हस्तकलाकार पाएकोले मूर्तिकला आजको दिन सम्म पनि सबैको आशाको विन्दु हुन सकेको छ । किनभने धेरै विदेशीहरुले यस काममा सिप भएका मूर्तिकारहरुलाई आफ्नो देशमा लगेर हाम्रो कलालाई सिकेर आधुनिक मेशीनद्वारा छोटो समयमा नै धेरै मूर्ति उत्पादन गर्ने जस्तो निकृष्ट सोच सहित हाम्रो मूर्तिकलामा गलत नजर गाडेको बखत पनि उहाँले हामीले पनि त्यस्तै प्रविधि प्रयोगमा ल्याउनु पर्यो भन्ने सोचलाई कहिल्यै पनि प्रसय दिनुभएन । उहाँले नै हाम्रो यस्तो पौराणिक इतिहास बोकेको हस्तकला अन्तरगतको मूर्तिकला, जुन “हात बाट बनाइने भएर हस्तकला भएको हो जसमा पसिना र मिहेनत परेको हुन्छ, यो एउटा विशुद्ध कला हो, मेशीनबाट उत्पादन गरी यसको महत्व घटाउनु भनेको अपराध गर्नु सरह नै हो” भनेर उहाँले रोक्नु भयो । त्यसैले आज पनि कलापारखीहरुले हातबाट बनेको नेपाल कै कला स्तरीय हुन्छ भनेर सजिलैसँग सबैले बुझ्नपाईरहेका छन् । यसको अर्थ उहाँले आफ्नो मात्रै नभईकन आफू भन्दा पछिको पिदीलाई पनि सोचेर त्यो फैसला लिनु भएको हो भन्ने मलाई लाग्दछ ।

अब के भनौं खोई, उहाँको स्वर्गवासको खबर जुन दिन पाए त्यो दिन छाँगोबाट झरेको झै महशुस भयो । मनमा एउटै मात्र कुरा खेलिरह्यो कि नेपालको हस्तकलाको क्षेत्रमा धातुपत्र मूर्तिकलामा उज्यालो प्रकाश फैल्याउने दिप सदाका निमित्त निभेको छ आज, हामी माझ एक होनहार काबिल मूर्तिकार अनि

कामप्रति निष्ठावान महान व्यक्ति मेरो गुरु बा अब रहनु भएन । म पनि उहाँकै चेला हुँ, म जस्तै उहाँबाट सिप सिकेर ज्ञान लिने र लिनचाहने धेरैलाई निराश तुल्याएको छ । आज उहाँ नभए पनि उहाँको ज्ञान र सिपले सिञ्चित कला सदैव हामी माझ रहिरहने नै छ । साच्चिकै भन्नु पर्दा उहाँको सिप प्रस्तुत भएको सदैव जीवित रहने सृजनाहरु भुटानमा रहेको १५५ फिटको गुरु रिम्पोक्षको विशालकाय मूर्ति, लुम्बिनीमा निर्माणाधिन ५० फिटको बाल बुद्ध र अरू पनि थुप्रै रचनाहरु सबै सामू रहि रहने छन् । उहाँका यस्ता अजर अमर पहिचानहरुले आगामि पुस्ताका कलाकारहरुलाई पनि प्रोत्साहन प्रदान गरिरहने छ।

अन्तमा, स्व. राजकुमार शाक्यज्यूको आत्माले शान्ति र भगवानको शरणमा बास पाउनुहोस्, र गुरु बा को आशिष सधै म लगायत सम्पूर्ण हस्तकला क्षेत्र र मूर्तिकला क्षेत्रमा रहिरहोस् भनेर अन्तरमनबाट कामना गर्दछु ।

ओम मनी पद्मे हुङ (१०८)

♦

# धातुमूर्तिकार राजकुमार र उनका अनुपम कलाकृतिहरुको संस्मरण



रत्नज्योति शाक्य*

नेपालको धातुपत्र मूर्तिकलामा सिद्धहस्त व्यक्तित्वहरु चर्चित, मृदभाषी एवं वरिष्ठ कलाकार द्वेय पिता श्री रुद्रराज शाक्य र उहाँकै सुपुत्र श्री राजकुमार शाक्यले आफ्नो अनित्य नश्वर देहत्याग गर्दै २०७८ सालमा हामीबाट सदाको लागि बिदा हुनुभएकोमा दिवंगतहरुप्रति शिघ्र सुखावति भुवनको बासका निमित्त कामनाका साथ आदरणीय द्वय कलाकारहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र यस आकस्मिक एवं अकल्पनीय बज्रपातबाट मर्माहत सम्पूर्ण शुभचिन्तक, मित्रबन्धुवर्ग तथा स्तब्ध शोक सन्तप्त परिवारप्रति धैर्यधारणको क्षमता प्राप्त होस् भनेर अपेक्षा राख्दछु ।

*दुर्गतिं तरणे सेतु, सर्व दुर्गतिं विशोधकं ।*
*तथागतं जगतनाथं, नमामि त्रि जगतगुरु ।।*

कलाकार श्री राजकुमार शाक्यको जन्म प्रसिद्ध धातुमूर्तिकार बाजे श्री कुवेरसिं शाक्य, पिता श्री रुद्रराज (माहिला शाक्य) तथा माता श्री सानुनानी शाक्यको घरमा वि सं २०२३ सालमा ओकुबहाल, थंईना टोलमा भएको थियो । सानैदेखि घरमै सिप आर्जन गरेका राजकुमार शाक्यका सृजनात्मक कलाकृतिहरु सुन्दर हुनुका साथसाथै लक्षणयुक्त समेत हुनुका कारणलेगर्दा कलासाधक र कलाप्रशंसक वर्गमा लोकप्रियता कायम गर्न सफल भएका छन् । उनले निर्माण गरेका ठूला भिमकाय धातुमूर्ति, स्वयम्भू महाचैत्य, मण्डल, तिब्बतीय शैलीका स्तुप(छोर्तेन), तोरण, गजूर, भैरवको मुखौटो आदि रचनाहरु लामागुरु, पुरोहित, गुर्जु बज्राचार्य, हितैषीवर्ग र ग्राहकहरुले अत्यन्त रुचाईएको पाईन्छ ।

---

**धातुमूर्ति उद्यमि एवं कला अभियन्ता, सिन्चाहिटी, महाबौद्ध, ललितपुर ।*

प्राचीन कालदेखि नेपालमा त्रिकोणात्मक धातुमूर्ति बनाउँदा बौद्ध शास्त्रका साधनामाला, निष्पणयोगावली, बज्रावली, शिक्षासमुच्चय, वात्सायन कृतकला साधना आदिको प्रतिमालक्षण गुणहरु समावेश गरिने परम्परा छ । जस्तै प्रतिमालक्षणका मूलभूत सैद्धान्तिक पक्ष रुपभेद, प्रमाणभेद, भावभेद, लावण्य योजना, सादृश्य(दृष्टान्त र अदृष्टान्त) र वर्णिका भङ्गमा विशेष प्राथमिकता दिई बनाईएको हुन्छ । एक पोख्त र कुशल कलाकार यस्ता विषयमा जानकार हुनु अत्यावश्यक हुन्छ । तसर्थ कलाकार राजकुमार शाक्यले कला सृजनामा यी प्राचीन प्रतिमालक्षणका आधारभूत नाप सिद्धान्तका ४ औलाको १ मात्रा र ३ मात्राको १ ताल जस्ता ज्ञानलाई कलासृजनामा प्रयोग गरेको पाईन्छ । उनले ठुल्ठूला प्रतिमा निर्माणका क्रममा कम्प्यूटर मार्फत गणितिय मापणलाई परिमार्जन गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । साथै पछिल्ला वैज्ञानिक आविष्कार फाईवर ग्लास मोल्दलाई प्रयोगमा ल्याई अझ सरल र छिटो पाताका मूर्ति एवं अन्य कलाकृतिको उत्पादन गर्न सकिने नयाँ प्रयोगको थालनी गरेका थिए ।

राजकुमार शाक्यले "अन मेटल आर्ट एण्ड क्राफ्ट" नामक संस्था दर्ता गरेर हात्तिवन, पाटनमा अवस्थित ३ रोपनि जग्गामा फैलिएको स्थानमा मूर्ति व्यवसायलाई औपचारिक तवरले सञ्चालन गरिरहेका थिए । उक्त संस्थामा प्रोपराईटरको भूमिका उनले निर्वाह गरेका थिए भने यस कारखानामा परिवारका सदस्यहरु, दैनिक दुईदर्जन कामदारहरुको साथै अरुपनि स्वतन्त्र स्वविवेकी धेरै कामदारहरु प्रत्यक्ष अप्रत्यक्ष सम्लग्न हुँदै आईरहेका छन् ।

थ्वज्याः माज्याः नेपालको प्राचीन एवं मौलिक कला संस्कार तथा संस्कृतिको एक महत्वपूर्ण विधा हो । नेपालमण्डलमा सयौं वर्षदखि मनाईदै आईरहेको बौद्ध संस्कृति सम्यक महादान पर्वमा प्रदर्शन गरिने भिमकाय दिपङ्कर बुद्धका प्रतिमाहरु पनि यहि प्रविधिबाट निर्माण गरिएको कला हो । यस विशिष्ट कलालाई पुनः परिमार्जन गरि विश्वव्यापी प्रचारप्रसार गर्नमा कलाकार राजकुमार शाक्य सफल अभियन्ताको नमूनाको रुपमा स्थापित हुनुहुन्छ । यस धातू मूर्तिकला प्रक्रियाकाबारे जानकारी दिनका निमित्त पाटन दरवार संग्रहालयमा उनको कार्यस्थल सहितको तस्वीरहरु सार्वजनिक प्रदर्शनमा सधै रहिरहेकोबारे हामी सबै अवगत नै छौं ।

स्वयम्भू परिसरको कर्मराज महाविहारमा वि सं २००९ सालमा कुबेरसिंह शाक्य र केशराज शाक्यद्वारा तामापाताबाट निर्मित ९ फिटको बुद्धमूर्ति पनि निश्चय नै राजकुमार शाक्यलाई कलाक्षेत्रमा प्रेरणाको श्रोत बन्न पुगेको हुनपर्दछ । यसै गुम्बामा उक्त बुद्ध मूर्तिको दाहिनेतिर ५ फिटको पद्मसम्भवको निर्माण ढलान प्रविधिबाट महाबौद्ध निवासी चर्चित धातु मूर्तिकार मानज्योति शाक्य (वि सं १९७३ - २०४७) द्वारा निर्मित कलालाई अर्को प्रेरणादायी श्रोतको रुपमा लिन सकिन्छ । यी दुई धातुमूर्तिकारहरुलाई भूटानी छेच्यूकुस्यो गुरुबाट उनका हिमालीक्षेत्रका थुप्रै गुम्बाहरुमा मूर्ति, गजूर र मान्या आदि बनाउन दिएको जिम्मेवारीलाई उहाँहरुले सफलताका साथ निर्वाह गरेको ईतिहास हामी माझ आज पनि जिवित छ ।

यस्ता पूर्वजहरुबाट प्रत्यक्ष अप्रत्यक्ष निर्देशित राजकुमार शाक्यले मूर्ति निर्माण भन्दा पहिला आफ्नो धातुकला यात्राको प्रारम्भिक चरणहरुमा मान्या, गजूर, मन्दिरमा पाताका छाना अनि झ्यालढोका, चैत्य बनाउने कामहरुबाट शुरुवात गरेका थिए । त्यसको परिणामस्वरुप उनका सृजनात्मक कलाकृतिहरु स्वयम्भू, पशुपति, गुह्येश्वरी, क्षेत्रपाटी गणेश मन्दिर, सानोठिमी आदि स्थानमा सगौरव प्रस्तुत भईरहेको देख्न सकिन्छ । तिब्बतीय शैलीका चैत्य निर्माणमा एक निपुण र अग्रज कलाकार राजकुमारले सानाठूला स्तुप बनाउने क्रममा कपन गुम्बामा अवस्थित स्तुप त्यसैगरी वि सं २०५४ सालमा विश्वव्यापी अभियन्ताको रुपमा प्रख्यात जापानी भिक्षु फुजी गुरुजीको पोखराको फेवा डाँडाको चुच्चोमा एक वर्षको समय लगाएर निर्माण गरिएको तत्कालिन प्रधानमन्त्रि गिरिजा प्रसाद कोइरालाको बाहुलीबाट अपार जापानी अतिथिहरुका सामुन्ने विधिवत रुपमा उद्घाटन भएको विश्वशान्ति स्तुपको ५८ फिटको गजूर उनको अर्को उदाहरणीय कृति हो ।

उनले स्वदेशी र विदेशीहरुका माग अनुसारको असाधारण कलाकृतिहरुको उत्पादनहरु पूर्तिमा निरन्तरता दिदै छोटो अवधिमा प्रख्याति कमाउन सफल हुनुभयो । तद्अनुसार भूटानमा बनाईएको १५५ फिटको पद्मसंभव, जर्मन वर्ड एक्स्पो २००० मा ७६ फिटको स्वयम्भू महाचैत्य, पुनः चीनमा २०१० मा १०० फिटको स्वयम्भू महाचैत्य अनि कुम्भेश्वर मन्दिरको बङ्गलामूखीमा राखिएको कलात्मक चाँदिको तोरण, महाबौद्ध मन्दिर परिसरको अजिमा विद्याधरी माताको

"द्योछेँ" आँगमघरमा राखिएको चाँदिको गोलाकार प्रभामण्डल जस्ता उनका थुप्रै कलाकृति स्थायी रुपमा स्थापना गरिनुका साथै श्रद्धालु दाताहरुबाट संकलित चाँदि र चन्दा रकमबाट खरीद गरिएको करिब २०० किलो चाँदिबाट निर्मित सिलिङ्ग, तोरण, खोपाहरु आदिमा जडानको विधिवत प्रतिस्थापनको पर्खाईमा रहेको यस अनेक सृजनाहरु उनको स्मरणीय कलाकृतिको रुपमा महाबौद्ध मन्दिर परिसरमा सधैको लागि रहने नै छ ।

पहिला संकुचित रुपमा पुर्ख्यौलि पेशा जस्तो मात्र परिवारभित्रै सिमित भईरहेको कामलाई उनले आफ्नो जीवनकालमा आफ्नै पहलमा बृहतताका साथ विस्तार गरेका थिए । उनले झण्डै २५ वर्ष अगाडि देखि ललितपुरको बौद्ध विहार संघद्वारा अक्षेश्वर महाविहारमा केही निश्चित बौद्ध धर्मकला र समाजमा रोजगारीको उचित प्रबन्धको लक्ष सहित सञ्चालित कक्षामा प्रशिक्षकको नेतृत्वदायी कार्यभार पाए पश्चात सयौं प्रशिक्षार्थीहरुलाई तालिम प्रदान गरेका थिए। ती धेरै मध्ये २०० भन्दा बढि नेवार र गैह्र नेवार गरि विविध जातजातिका प्रशिक्षार्थीहरुले आजको दिनमा पनि यही थ्वज्याः माज्याःलाई पेशागत रुपमै अङ्गाल्न सफल भएका छन् भने धेरै व्यक्तिहरु कलाकृतिका दृष्टिले पनि पहिचान स्थापित भईसकेको अवस्थामा पुगिसकेका छन् । यसै तालिम कै सिलसिलामा वि सं २०५४ सालमा राजकुमार शाक्यबाट बसन्तपुर स्थित श्वेत भैरवको मुखौटालाई नमूना मानी १० फिटको उक्त प्रतिकात्मक मुखौटा बनाएर ऐतिहासिक कार्य गरेका थिए । उक्त रचनालाई अक्षेश्वर महाविहारमा प्रशिक्षार्थीहरुद्वारा सृजना गरिएको धातुमूर्ति चित्रकला, मण्डल, तोरण, चैत्यको साथमा प्रदर्शनीमा राखिएको थियो । राजा विरेन्द्र वीर विक्रम शाहदेव र रानी ऐश्वर्य राज्यलक्ष्मी देवीबाट अवलोकन गरिएको यस प्रदर्शनीमा यो स्वेत भैरवको मुखौटा दर्शकको अत्याधिक ध्यानाकर्षण केन्द्र नै भएको थियो । अन्ततः उक्त सर्वाधिक ठूलो श्वेत भैरवको मुखौटाको रचना नै प्रबल गोरखा दक्षिण बाहु जस्तो गरिमामय पदवी प्राप्तिको माध्यम हुनपुग्यो । उनलाई कला क्षेत्रमा थप जिम्मेवारीका साथ लागिरहनका निमित्त अभिप्रेरित गर्न यो सम्मान सहायक सिद्ध समेत हुन गयो । यसरी धेरै महत्वपूर्ण राष्ट्रिय अन्तराष्ट्रिय प्रदर्शनीहरुमा सुन्दर कलाकारिताका साथमा उनले सहभागिता जनाएका थिए ।

त्यसैगरि उनको अर्को पृथक कदम आजभन्दा दुई दशक अगाडि महाबौद्ध ल्यायम्ह पूचःको आयोजनामा महाबौद्ध मन्दिरको डबलीमा बृहत मण्डल प्रदर्शनी राजकुमार कै नेतृत्वमा भएको थियो । यस प्रदर्शनीको लोकप्रियताले गर्दा पाटन, काठमाडौका स्थानीय जागरुक कलाप्रेमी युवाहरुद्वारा वर्षेनी प्रतियोगात्मक मण्डल प्रदर्शनीको थालनी भएको सर्वविदितै छ, जसले हालसम्म पनि निरन्तरता पाईरहेको अवस्था छ ।

यसको फलस्वरुप मेरो संयोजकत्वमा स्वीजरलैण्डका प्रो डा मार्कुस स्पाईडेल (भौतिक शास्त्री, बैज्ञानिक, प्रसिद्ध स्टिल विशेषज्ञ) बाट बज्रयानी धातुमण्डल २ वर्षे परियोजना उनलाई अनुवन्धन प्राप्त भएको थियो । यस परियोजना अन्तर्गत बज्रावली, शिक्षा समुच्चय तन्त्र शास्त्र अन्तर्गत दर्जनौ (३५x३५ से मी)का बज्रधातु मण्डल, हेबज्र, गुह्यसमाज, भैषर्ज्य तथागत, अमोघपास लोकेश्वर, पञ्चबुद्ध, योगाम्बर, मञ्जूबज्र, संवर जस्ता विभिन्न मण्डलहरुको तामामा सुन मोलन गरी मण्डल निर्माणमा आफ्नो थप दक्षता प्रस्तुत गर्न राजकुमार सफल भएका थिए । साथै जापानको ओसाकाका भिक्षु ताकाओका (नेपालभाषाका ज्ञाता एवं बज्रयानी गुरु) को नेतृत्वमा ४x४ मिटरको चाँदिको बृहत र भव्य मण्डल सृजना गर्ने अनुरोधलाई स्विकार्दै ६ महिनाको अथक प्रयासपछि ओसाका गुम्बालाई हस्तान्तरण गर्न सफल भएँ । उक्त उद्घाटन कार्यक्रममा कलाकार राजकुमार शाक्यको पनि उपस्थिति भएको थियो ।

संसारका विभिन्न देशहरुबाट दैनिक ५० हजार दर्शकहरु ओईरिएको ६ महिनासम्म चलेको “जर्मन वर्ड एक्स्पो २०००” मा पचासौ कामदार लगाएर निर्माण गरिएको करिब २५ टनको ७६ फितको स्वयम्भू महाचैत्य प्रदर्शनमा राखियो । जसका निमित्त स्वयम्भू महाचैत्यको सुक्ष्म दार्शनिक अध्ययनलाई विशेष तवरले कलाकौशलमा प्रस्तुत गरिएको थियो । म र मेरो परिवार पनि सहभागी भई नेपाली कलालाई विदेशी भूमिमा प्रस्तुत र अवलोकन गर्दाको अनुभूति समेत्ने सुअवसर पाएको उक्त मेलामा नेपाली धातु र काष्ठकलाको यस स्वयम्भू र पशुपतिको अनुपम प्रतिक स्मारिकाले “सान्त्वना पुरस्कार” पाउनुको अतिरिक्त जर्मन र यूरोपिय समुदायको ईच्छा अनुरुप त्यस शहरमा सधैको लागि सर्वसाधारणको दृश्यावलोकनका लागि प्रतिस्थापन गरिएको थियो ।

साथै चीनको साङ्घाई शहरमा आयोजित विश्व प्रसिद्ध "साङ्घाई एक्स्पो २०१० " मा १०० फिटको स्वयम्भू महाचैत्यको निर्माण गर्ने सफलता पनि हासिल गर्नुभयो । बौद्ध धर्म, दर्शन र परम्परा अन्तर्गत रहेर आफ्नो सिप, क्षमता र कलाकौशलको सदाचारितामा कुनै कमी नहुने गरि बनाइएको यस भव्य कलाकृतिको अवलोकनका लागि दर्शकको उलेख्य घूइँचो लागेको थियो । अर्ध गोलाकार चैत्यमा पञ्चबुद्ध अक्षोभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि र वैरोचनको धातुमूर्ति र प्रत्येक देवघरको खोपामा तोरण, हर्मिका, त्रयोदशी भुवन, ध्वज, छत्र, बज्रधातु मण्डल, १०८ वटा बत्तीहरु, मान्याहरु आदिले सुसज्जित विशाल नेपालको कलाकृति पनि रहेको उक्त मेलाको उद्घाटनमा उनलाई निमन्त्रणा गरेर यस उच्च साहसिक कलाका निमित्त कदर सहित पदवीबाट पुरस्कृत गरिएको त्यो अविस्मरणीय सुखद क्षणलाई राजकुमार स्वयं म सँग सधै दोहोर्याईरहनु हुन्थ्यो ।

डुर्क उडियान फाउण्देशनका लामा गुरु श्रद्वेय खेन्पो कार्पोको अध्यक्षतामा भूटानको उत्तर पूर्वीय दुर्गम क्षेत्र ताकिल्लाको सिङ्गो डाँडामा नेपाली कलाकार, भूटानी र बंगाली सहितको त्रिपक्षिय ६० जनशक्तिको सहकार्य टोलीका साथले निर्माण गरिएको १५५ फिटको गुरुपद्मसम्भवको कलाकृति राजकुमारलाई विलक्षण प्रतिभाका धनीका रुपमा सबै सामू आफूलाई प्रस्तुत गर्नमा महत्वपूर्ण सावित हुनपुग्यो । चार वर्षको समयसिमामा सम्पन्न यस मूर्तिका लागि कूल ७०,००० किलो तामा र १,७०,००० किलो आईरन स्टिल प्रयोग भएको यस मूर्तिको जगको रुपमा १५५ फिट उचाईमा समाहित हुनेगरी यहाँ ४० फिटको गुम्बा पनि रहेको छ। यस कृतिको कारणले गर्दा न्यूयोर्क, अमेरिकामा अवस्थित "स्त्याच्यू अफ लिवर्टी"का निर्माता प्रख्यात फ्रेन्च कलाकार फ्रेडरिक अगुष्टो बरथोल्दीका समानान्तर पूर्वीय कलाकारको दर्जा पाउन राजकुमार सफल हुनुभयो । यसरी विश्वको नजर नै उनका कारणले गर्दा नेपाल र यहाँको कलाकृतिहरुमा पर्ने गरि गौरवमय छाप छोड्न सक्नु जत्तिको महान कर्म जीवनमा अरु के पो हुन सक्ला र ! यस कार्यलाई साक्षातरुप दिनु भयो जसलाई सबैले गर्वका साथ मुक्तकण्ठले प्रशंसा गरेका छन् र निःसन्देह गरि नै रहने छ। विश्वव्यापीरुपमा प्रख्यात भुटानको नारा विश्वकै "सम्बृद्ध देश र सुखी भुटानी" लाई अझ सुदृध र साकार बनाउने लक्ष्य प्राप्तिका लागि समेत यस त्रिकालदर्शी

तान्त्रिक गुरुपद्मसम्भवको कृपा सदा रहिरहनेमा विश्वास गर्नसकिन्छ । यस स्थान ऐतिहासिक पूण्यभूमि बौद्धस्थलको रुपमा समेत उदय हुनु निःसन्देह राष्ट्रकै लागि गर्वको कुरा हो ।

सन् १९९८ मा नेपाल पर्यटकीय भ्रमण वर्षलाई लक्षित गर्दै लुम्बिनी विकास परियोजना र तत्कालिन संस्कृति तथा पर्यटन मन्त्री बलबहादुर के सी बाट पूरानो संरचना भत्काएर नयाँ लुम्बिनीको मायादेवी मन्दिरको पूनरस्थापना हुँदा त्यस भवनको छानामा कलाकार राजकुमार शाक्यले निर्माण गरेको बुद्धको शान्तिको सन्देश बाहक दुई आँखा सहितको सुन्दर कलात्मक १८ फिटको सुन्दर स्वयम्भू चैत्यले त्यहाँ देश विदेशबाट दर्शनका निमित्त आउने श्रद्धाभाव अर्पित श्रद्धालु तिर्थयात्रीहरुका लागि प्रेरणाको श्रोतको रुपमा अनवरत प्रवाह भईनैरहेको छ । यसरी अतुलनीय कामहरुबाट आफुलाई विश्वसामू प्रस्तुत गरेका वरिष्ठ कलाकार राजकुमार शाक्यले बुद्ध जन्मभूमि लुम्बिनीमा अन्तराष्ट्रिय लुम्बिनी विकास परियोजना अन्तर्गत स्वीकृत प्राप्त फ्रान्सेली बौद्ध समुदायद्वारा नेतृत्व बहन गर्दै निर्माणाधिन विहार परिसरको भूमिमा नेपालकै सर्वाधिक अग्लो ५० फिट उचाईमा उठेको सिद्धार्थ गौतमको "तीन त्रिलोक विजय मुद्रा" को मूर्ति प्रतिस्थापन कार्य नै अन्ततः उनको जीवनको अन्तिम उत्कृष्ट र अनुपम ऐतिहासिक किर्तिमानी रचना हुनपुग्यो ।

जे होस्, उनकै जीवनकालमा गत वर्ष वि सं २०७७ सालमा ललितपुर महानगरपालिकालाई "वर्ड क्राफ्ट काउन्सिल"ले ३६ औं कलानगरीको रुपमा घोषित गरेको छ । अर्को अविस्मरणीय सुखद काम भनेको सन् २०१७ मा स्वीजरलैण्ड नागरिक प्रो एलेक्स आर फुरगरको लेखनमा मैले सह-लेखनको कार्य गरेको अंग्रेजी र जर्मनी भाषामा प्रकाशित "द गिल्देद बुद्ध" (For free download: https://librum–publishers.com/the–gilded–buddha/) नामक पुस्तकमा राजकुमार शाक्य लगायत उनका पारिवारिक सदस्यहरुको पनि सक्रिय भूमिका रहेको थियो ।

वि सं २०६४ मा चर्चित परराष्ट्र मामिलाका ज्ञाता एवं पूर्व राजदूत हिरण्यलाल श्रेष्ठद्वारा लिखित "भूटानमा बौद्ध धर्म र नेपालसित सम्बन्ध" नामक पुस्तकमा नेपालबाट विभिन्न कालखण्डमा नेपाली धातुमूर्तिकारहरुले त्यहाँका राजदरवार,

गुम्बाहरुमा नेपाली कलाकृति स्थापना गर्ने र भूटानी चेलाहरुमाफ नेपाली कलाकौशलको प्रविधि फैलाउने र सिप हस्तान्तरण गर्ने चर्चित बौद्ध सिद्धहस्त कलाकारहरु मानज्योति शाक्य, सिद्धिराज शाक्य, राजेश अवाले र राजकुमार शाक्यहरु आदि लाई उक्त पुस्तकमा प्रस्तुत गरिएको थियो। नेपाली कलाकारलाई चिनाउने पुस्तकहरुको अभावलाई यो पुस्तकले केही राहत प्रदान गरेको मेरो विश्वास हो । जसमा राजकुमार जस्ता प्रखर कलाकार समेटिन सक्नु समग्र नेपालकै लागि अहोभाग्यको कुरा हो ।

सन् २०१० मा अमेरिकाको न्यूयोर्कस्थित प्रख्यात "रुविन म्युजियम अफ आर्ट"मा "गेट वे टु हिमालयन आर्ट" नामक हिमाली बौद्ध मुलुक भारतको लडाख, तिब्बेत, चीन, मंगोलिया र नेपाल आदिबाट आफ्नो संग्रहालयमा संग्रहित प्राचीन धातुमूर्ति प्रदर्शनीमा मैनको धातुमूर्ति ढाल्ने विधि (Lost Wax Casting Method) र धातुपत्रको मूर्ति बनाउने विधि (Repousse Art) लाई पनि प्रदर्शनीमा समाहित गर्ने आयोजक टोलीको निर्णय अनुसार मैले मेरो विधाको जिम्मेवारी पूरा गरेपनि राजकुमारको व्यस्तताको कारण सायद अर्को चरणका लागि त्यो प्रक्रिया सरे सँगै एक सिक्काको दुई पाटारुपी नेपालको धातुमूर्तिको कला विधिको चरणबद्ध प्रक्रिया प्रस्तुति गर्नका लागि सामूहिक रुपमा सहभागि हुने सद्ईच्छा उनको संलग्नता विना अधुरो र अपूरो हुन गएको त्यो नमिठो अनुभूतिले मलाई सधै सताई रहन्छ। यसरी मेलामा आमदर्शकका लागि राखिएको उक्त विधिलाई मेला समाप्तिपछि सदाका लागि संग्रहालयमा अवलोकन गर्न आउने सर्वसाधारण आमदर्शकका लागि समर्पित गरिएको थियो।

त्यसैगरी धनकुटा भेडेटारमा पर्यटकीय उद्यान निर्माण योजना अन्तर्गत १५० फिटको बुद्ध प्रतिस्थापन गर्ने लक्ष्य अनुरुप विभिन्न माध्यमबाट चन्दा संकलन हुँदै गर्दा सायद भूकम्प र विविध अन्य कारणहरुबाट उक्त परियोजनाको रफ्तारमा ढिलासुस्ती भईरहेको थियो । हाल यस दुःखद घटना सँगै यो सुवर्ण लक्ष्यको पूर्णताको यात्रा अझ ओझेलमा पर्न गयो कि भन्ने मलाई लागिरहेको छ। यसैगरी नेपाली कलाप्रति समर्पित सम्पूर्ण नेपालमण्डलका कलाकारहरुको ढकढुकीलाई सामुहिक प्रतिनिधित्व गर्ने एक आधुनिक र सुव्यवस्थित कलाकार हरुको जीवन निर्वाह गर्ने सामाजिक मास्टर प्लानको गुरुयोजनाको परिकल्पना

सहित स्थापित नेपाल आर्ट भिलेज प्रा लि, अन्तर्गत विश्वमा हालसम्मकै सबै भन्दा विशाल ७२ फिटको श्वेत भैरवको भव्य मुखाकृति २०७८ सालमा उद्घाटनको उद्देश्य सहित थालनी गरिएको त्यस निर्माण प्रक्रियाको हाल निकै अन्तिम चरणमा पुगेको अवस्था रहेको बुझिन्छ । यसको अबको बाँकी काम उनका सहकर्मीहरुबाट शिघ्र समापन भई उनको सपना पूरा हुनेमा हामी समस्त कलाप्रेमीहरु विश्वस्त छौं । यो शास्त्रवत सत्य हो कि जीवन अस्थायी र अनित्य छ, यहाँ सबैले सोचेका सबै ईच्छा अथवा कार्य पूरा गरेर मात्र संसारबाट बिदा हुन पाउँछ भन्ने कुनै ठेगान हुँदैन । तर बाँचेको समय कति फलदायी भयो भन्ने कुराले उक्त व्यक्तिले जीवनमा समेट्न नसकेका सफलतालाई ओझेलमा पारिदिन्छ । यसर्थ राजकुमारले जीवनमा आफ्नो योग्यताको सिद्धता प्रमाणित गर्न कुनै कसर बाँकी राखेन भन्ने मेरो थम्याई हो । अन्य केही उत्कृष्ट कलाकृति जुन निर्माणाधिन प्रक्रियामा रहेका योजनाहरु उनको पदचाप पछ्याईरहेका सबैको पहलमा सम्पन्न हुने नै छ ।

यस्ता अद्भूत प्रतिभाहरुका कारणले गर्दा वरिष्ठ कलाकार राजकुमार शाक्यलाई नेपाल सरकार तथा विभिन्न संघसंस्थाहरुबाट कदर गर्दै धातु प्रविधि सम्मान, ज्यापू विशेष सम्मान (धातुमूर्तिकार), सूचक धातुपत्र कला सम्मान २०७६, नेपाल बङ्गलादेश मैत्री सम्मान २०७६, प्रबल गोरखा दक्षिण बाहु जस्ता गरिमामय पदवीको साथमा विशेष उत्कृष्ट धातुमूर्तिकारका रुपमा विभिन्न अलंकार र प्रशंसापत्रहरुबाट सुसज्जित गरिएका छन् । उनले सर्वत्र हासिल गरेको लोकप्रियता र कार्यसफलताको कदर गर्दै आमजनताले २१ औं शताब्दिका कलाकार अरनिको भनेर समेत सम्बोधन गरिनु राजकुमारको जीवनको अभुतपूर्व उपलब्धि हो ।

अन्तमा, भौतिक शरिर पञ्चतत्वमा विलिन हुनु भनेको हरेक सत्वप्राणिमा निहित दस्तुर नै भएपनि एक मूर्धन्य कलासाधकको कलाकारिताको अवसान कहिल्यै पनि हुँदैन, तसर्थ अति प्रख्यात वरिष्ठ धातुपत्र कलाकार राजकुमार शाक्यको कला जीवनले मृत्युपर्यन्त पनि अमरत्व प्राप्त गर्ने नै छ ।

♦

# परम्परागत कर्म र बौद्ध दर्शनको समिश्रण

**एक फरकधारको अरनिको– कलाकार राजकुमार शाक्य**



*नानी हेरा शाक्य**

नेपालमण्डलको यस कलानगरी पाटनमा जन्मिने हरकोहीको नशा नशामा कलाकारिता बगेको हुन्छ । काष्ठकला, धातुमूर्तिकला, प्रस्तरकला जस्ता हस्तकलाका विविध सृजनात्मक विधाका लागि उद्‌गम यस भूमि जता हेर्यो त्यतै कलात्मक छ भन्न पाउँदा मेरो शिर गर्वले उठ्दछ । यसर्थ कलाकारै कलाकारको बाहुल्यताबाट आफूलाई पृथक बनाउँदै सबै सामू एक फरकधारको कलासाधकका रुपमा उभ्याउन सक्नु भनेको सबैका लागि सजिलो काम भने पक्कै होइन । यसका लागि कलाकारमा जीवनपर्यन्त बग्न सकिने लयात्मक र अनुशासित अनवरत लगावको आवश्यकता पर्दछ । सम्बन्धित विषयमा ज्ञान हासिलका निमित्त परिश्रममा मनग्य चुस्तता हुनु एक असल कलाकारमा हुनु पर्ने अत्यन्त जरुरी गुण हो ।

तत्कालीन चीनका असाध्यै शक्तिशाली शासक सम्राट कुबलाई खाँले पाहसपालाई आफ्नो राजगुरु बनाई बौद्ध धर्मदर्शनको दीक्षा ग्रहण गरेका थिए । फलस्वरुप सम्राटले पछि यिनै पाहसपालाई तिब्बती क्षेत्रको धर्मानुशासक बनाएर पठाए । काठमाडौं उपत्यकाबाट सबभन्दा नजिक पर्ने संघनायक पाहसपा रहेको तिब्बतको शाक्या गुम्बा र नेपालका बौद्ध विहारहरुबीच नजिकको सम्बन्ध थियो । पाहसपाले आफ्नो शाक्या गुम्बाको चौतर्फी विकास गर्ने योजना बनाए अनुरुप उनले नेपालबाट सय जना पोख्त वास्तुकार तथा शिल्पकारहरूको टोली पठाइदिन नेपाल नरेशसँग अनुरोध गरेका थिए । यसरी गएको ८०

---

**उप-प्राध्यापक सुगत बौद्ध महाविद्यालय/ Web Application Developer at OM IT STUDIO*

सदस्यीय टोलीका नेतृत्वकर्ता थिए, अरनिको । अरनिकोले शाक्या गुम्बामा एउटा अग्लो मन्दिर र त्यहाँ राख्न शाक्यमुनि बुद्धको विशालकाय सूवर्ण मूर्ति बनाएका थिए । त्यसबाहेक सूवर्ण चैत्य र अनेकन बौद्ध मूर्तिहरू पनि बनाएको सन्दर्भमा पाहसपाले नै सुनको अक्षरले लेख्न लगाएको 'कंग्यूर' र 'तंग्यूर' जस्ता बौद्धधर्मका ग्रन्थहरुमा उल्लिखित छ ।

अरनिकोको प्रतिभाबाट प्रभावित पाहसपाले उनलाई लिएर सम्राट कुबलाई खाँको दरबार पुगे । सम्राटको दरबार पुगेका अरनिकोले चीनमा रहँदा तयार पारेका कलाकृतिहरुको सूची निकै लामो छ । यसरी १३ औं शताब्दीमा मध्यकालमा तिब्बत हुँदै बेइजिङमा पुगेका नेपालका कलाकारहरुले विश्व प्रसिद्ध विशाल गर्भगृह र गगनचुम्बी छत्रयुक्त त्रयोदश भुवन एवं सुनको गजुर सहितको श्वेतचैत्य निर्माण गरी नेपालको कलाकारिता सदाका निमित्त फैलाएका थिए । भव्य चैत्य, विहार, बुद्धमूर्ति निर्माण गरेको अरनिको ललितपुर कै प्रतिभा हो भनिन्छ । त्यसबेला उहाँसँगै लागेका कलाकार र कालिगढहरु पनि पक्कै पाटन क्षेत्र कै हुनुपर्छ भनेर हामीले अनुमान गर्न सक्दछौं । त्यसरी नै आधुनिक युगमा कलाकार राजकुमार शाक्य भूटानमा गएर गुरु पद्मसंभवको विशाल मूर्ति बनाएर विश्वमा नेपालको प्रतिष्ठा बढाउन सफल भएका छन् । यसरी आजको समयमा हामीलाई त्यस्ता ठाउँमा पुग्दा जुन किसिमको गर्व अरनिकोका निमित्त लाग्छ त्यही समान गर्व कलाकार राजकुमार शाक्यका निमित्त हाम्रो मनमा उर्लिएको छ । यस प्रकारको गौरवमय आनन्दको अनुभूति अबको शताब्दीऔं पछिका पुस्ताहरुले पनि गर्ने निश्चित छ ।

हामी अरनिकोले छोडेर गएका कला बाहेक उहाँले विताएर गएको जीवन र दर्शनका बारेमा अनभिज्ञ छौ । तर हामीलाई ज्ञात छ कि कलाकार राजकुमारमा विशेष सिपका अतिरिक्तपनि उहाँमा निहित स्वभाव, विचार र कौतुहलताका बारेमा, र त उहाँ सिपमा दर्शन मिसाउन सकिएमा मात्र उक्त कर्मले जिवन्तता पाउँछ भन्नेमा विश्वास गर्नु हुन्थ्यो भन्ने तथ्य हामीलाई थाहा छ । सफल कार्यका निमित्त आत्मसात गरिने गुरुमन्त्रलाई उहाँले भेटघाटहरुमा विभिन्न अभिव्यक्ति मार्फत उजागर गर्नुभएको मेरो निजी अनुभव छ ।

उद्देश्य के लिनु उडी छुनु चन्द्र एक : महाकवि देवकोटाले व्यक्त गरेको उद्‌गार जस्तै उहाँलाई सानो मूर्तिहरुमा काम गरिरहँदा ठुल्ठूला मूर्ति बनाउन पाईयोस् । अनि त्यो संरचना यति विशाल होस् कि मूर्तिको भित्र टाउकोमा, आँखामा बसेर काम गर्न पाईयोस् भन्ने परिकल्पनामा डुबिरहने राजकुमार शाक्यले वास्तवमै आफुले सोचे भन्दा पनि ठूला मूर्ति, चैत्यहरु एकपछि अर्को बनाउने अवसर पाउँदै गएँ । कतिपय अवस्थामा चुनौतिका रुपमा हात लागेका ती कामहरुलाई अवसर बनाउनका निमित्त उहाँले दृधताका साथ कदम चाल्दै धमाधम सबैलाई चकित हुनेगरि कार्य सम्पन्न गर्दै जाने क्रममा कतै आधुनिक अरनिको त कतै दोस्रो अरनिकोको उपनाम पाउँदै गरेको महत्वपूर्ण उपलब्धिलाई समेत हेक्का राख्ने फुर्सद उहाँलाई भएन ।

उहाँसँगको भेटमा सधै विशेषगरी थ्वज्याः माज्याः धातुमूर्तिकलाको पेशामा विद्यमान समस्या र चुनौती, युवाहरुका निमित्त काममा केही आधुनिक आकर्षणका विषयवस्तु, सामाजिक सहकार्य र अन्य थुप्रै योजना अनि उहाँले सार्वजनिक कार्यक्रममा व्यक्त गर्ने आशयबाट उहाँ कामलाई जीवनयापनका अवयव मात्र नठानी परोपकार, सहकार्य, धर्म र संस्कारको निरन्तरता पनि मान्नु हुनेबारे म जस्तै सबै परिचित नै हुनुपर्दछ । उहाँ भन्नुहुन्थ्यो, हामीले बौद्ध परम्पराका अनेक पूजापाठमा अत्याधिक प्रयोग गरिने मण्डल अनि अष्टमंगल, बुद्ध, बोधिसत्व, पञ्चबुद्ध, तारा जस्ता अनेक देवदेवी लगायत चैत्यको स्वभावलाई मनन गर्न सकेमा त्यसले हामीलाई सफलताको मार्गमा लाग्न सिकाईरहेको हुन्छ । जसलाई हामी सबैले मनन गर्नु जरुरी छ भनिरहनुहुन्थ्यो । जीवनयापनका निमित्त सामान्य वस्तुको उत्पादन त सबैले गरेकै हुन्छ तर ज्ञान र दर्शनको समिश्रण विना चिरस्थायी जिवन्त सृजना असम्भव प्राय छ भन्ने उहाँलाई लाग्दथ्यो । यसरी आफुले रचना गरेको कुनै पनि मूर्ति अथवा चैत्यलाई दर्शन र पुजन गर्नेलाई अल्याख पुण्य सञ्चय हुने र त्यो पुण्य आफुलाई समेत प्रवाहित कुरालाई कलाकारले कार्य प्रक्रिया कै बखत बुझ्मेमा निकै राम्रो हुने भनाई उहाँको थियो । हरेक पेशामा क्षणिक सफलताको लागि सिप र लगन प्रयाप्त हुन सक्ला तर दिर्घकालिन अमर छाप छोड्नका निमित्त कलाकार असल स्वभाव र ज्ञानी समेत हुनु जरुरी छ । यो असल स्वभाव ग्रहण गर्नका निमित्त नेपालको बौद्ध धर्ममा अत्याधिक प्रयोगमा आउने केही दर्शनलाई मात्र हामीले चिन्तन गरेको खण्डमा

धेरै कुराको ज्ञानले हामीतिर प्रकाश छरिरहेको हुन्छ । हामीलाई जीवनमा धर्म संस्कृतिमा अन्तरनिहित ज्ञान मार्फत थुप्रै महत्वपूर्ण शिक्षाहरु दिईरहेको हुन्छ । त्यसले गर्दा हामीले सिक्ने, बुझ्ने र जीवन सफल गर्न सकिने भएकोले यही ज्ञानहरुलाई सूत्रको रुपमा हामीले जीवनमा उपयोग गर्नसक्नुपर्दछ । असल कामको शुरुवाट आफैबाट भयो भने त्यसको प्रभावकारी प्रतिफल आफैतिर आउने गर्दछ भन्ने कुरामा कलाकार सधै सचेत हुनुपर्दछ । हामीमा विकास हुने असल सस्कार, अनुशासन, शालिनता सबै हामीले अनुशरण गर्ने ज्ञानमा भर पर्नजान्छ । यसर्थ सिक्ने भन्ने कुरा जीवनमा कहिलेपनि अन्त हुँदैन र सहि अध्ययनलाई सधै निरन्तरता दिन सकिरहनुपर्छ ।

मण्डलमा हुने चार द्वारले हामीलाई सधै कामप्रतिको इमान्दारीतालाई बोध गराईरहेको हुन्छ । मण्डलको केन्द्रमा प्रवेश गर्नका निमित्त चार द्वारमा चारतिर चारवटा चिन्ह राखिएको हुन्छ । यस चिन्हबाट प्रवाह हुने ज्ञानलाई सूत्रको रुपमा दैनिक जीवन र पेशामा उपयोग कसरी गर्न सकिन्छ भन्ने बारे संक्षिप्तमा निम्नानुसार वर्णन गरिएको छः

१. **अंकुशः** अंकुश कुनै पनि कुरालाई आफूतिर तानेर अड्काउनका निमित्त प्रयोग गरिन्छ । कुनै पनि काम वा अध्ययन गर्न भनेर कोशिसमा लागिपरेपनि हाम्रा पूर्व संस्कार र कर्म अनि आफ्नै रुची र मेहनतले अंकुशले समातेको जस्तो हामीलाई उक्त सिकाईको बन्धनमा नपारे सम्म त्यस विधामा स्थायी रुपमा टिकिरहन सकिदैन ।

२. **डोरीः** डोरी अर्थात पाशले  कुनै कर्म क्षेत्रमा बाधिरहने कामगर्दछ । यो अवस्था सशक्त भएन भने काम गर्छु अथवा केही कुरा सिक्छु भनेर लागेकै अवस्थामा पनि यो काम पूर्ण रुपमा सिक्न सकिने हो कि होइन, सिकाउने मान्छेले सिकाईदिने हो कि होइन भनेर आफू र अरुप्रति अनेक शंका उपशंका लागिरहन्छ । डोरीले बाधे सरह सम्बन्धित काममा आफ्नो मन लगाईरहन सक्नुपर्दछ, जुन सही ज्ञानले र संस्कारयुक्त लगावले मात्र सम्भव छ ।

३. **सिक्रीः** सिक्री अर्थात सिखःले यताउता हलचल गर्न नमिल्ने गरि हामीलाई बाधिरहन्छ । जीवनमा अध्ययन गरेर ज्ञान प्राप्त गरिएका कुराहरुलाई आवश्यकता

अनुसार सधै प्रयोग गर्नका निमित्त सम्भिरहनका लागि उक्त ज्ञानलाई ताला नै लगाए सरह मनमष्तिस्कमा दृढविश्वासका साथ साँचेर राख्नु अत्यावश्यक हुन्छ। नत्र आवश्यक परेका बखत प्रयोग गर्न सकिएन भने सिकेकै सिपले पनि सन्तोषजनक प्रतिफल दिनसक्दैन।

४. **घण्टः** घण्ट अर्थात गःले हामीलाई सुसूचित गर्ने गर्दछ। कहिल्यै नबिर्सिने गरि बचाएर राखेको ज्ञानलाई जीवनमा सहि प्रयोग गरेर फल प्राप्त गर्ने र त्यो ज्ञान अरुलाई पनि बाँडेर सेवा सहयोग गर्ने क्षमता हुनुपर्दछ। सिकेर र आफैले संग्रह गरेका ज्ञानले अन्तत्वगत्वा सबैलाई फाईदा पुर्याउन सक्नुपर्यो। यस प्रकार सर्वप्रकारमं जगतो हितायको मूल मन्त्रलाई मनन गर्न सिकाइरहेको दर्शन बारे सचेत भएर अघि बढेको खण्डमा हामीले गरेको कामले सबैको मानसम्मान सहितको सफलता प्राप्त गर्नसक्दछ। यसप्रकार आफूले कुनै काम सिकेर सम्भेर मात्र हुन्न कि सहि किसिमले लागू पनि गर्न जान्नु पर्दछ।

हामीले विविध पूजाक्रिया र संस्कार अन्तर्गतको परम्परामा मण्डलको अत्याधिक प्रयोग प्रचलनमा भएपनि यसको वास्तविक अर्थ बुझ्न नसकेर जीवनमा असफल भईरहेको हुन्छ। यस्ता हजारौ वर्ष अगाडि देखि हाम्रो धर्म दर्शनमा उजागर भएका कुराहरु हामीले बुझ्न नसक्दा हामी जीवनमै निराश भईरहेका घटनाहरु समाजमा व्याप्त छन्। त्यसैले यस्ता कुरालाई सधै हामीले चिन्तन मनन गर्न सक्नुपर्दछ भन्ने सोच कलाकार राजकुमारमा मैले सधै पाएँ।

त्यसैगरी कुनै पनि शुभकार्यमा प्रयोग गरिने आठ प्रकारका शुभचिन्ह, बज्रयानीहरुले हरेक शुभकार्यहरुमा गुरुबज्राचार्यहरुद्वारा वाचन गरिने मंगलस्तोत्रमा पनि अष्टमङ्गलको प्रसङ्ग महत्वका साथ आउने गर्दछ। तर यसको अर्थ के त भनेर हामी मध्ये धेरैले मनन गर्न सकिरहेको छैन। कुनै पनि शुभकार्यहरु जस्तै शुभअन्नप्राशन, चुडाकर्म, विवाह, ज्याःजंको साथै अनेक पूजा परम्पराको समयमा ढोकाको माथि, ढोकाको दायाँबायाँ, कागजमा, माटोको भाँडोमा, चैत्य आदिमा प्रयोग गरिने अष्टमङ्गलका आठ शुभचिन्हको कामसँग कस्तो सम्बन्ध रहेको हुन्छ र यसलाई जीवनमा सूत्रका रुपमा कसरी कार्यान्वयन गर्नु पर्दछ त भनेर यसरी संक्षिप्तमा व्याख्या गरिएको छः

१. **नागपास**ः नागपास अथवा नागप्याः सर्वज्ञज्ञानको प्रतिक हो । सम्पूर्ण ज्ञान नभएको अवस्थामा काम शुरु गरेमा असफल हुनसक्छ । त्यसकारणले गर्दा हामी लागि पर्ने काममा व्यावहारिक, सैद्धान्तिक, प्राविधिक र बैज्ञानिक समस्त शुरुवाट देखि अन्तसम्मको ज्ञानले पूर्ण भएपछि मात्र वास्तविक रुपमा कामलाई अघि बढाउनुपर्दछ ।

२. **पद्म**ः पद्म अथवा पलेस्वाः शुद्ध, निर्मल एवं कोमलताको प्रतिक हो । हामीले गर्ने काम शुद्ध, कोमल, निर्मल र स्पष्ट हुनुपर्दछ । आफुले के काममा हात हालिरहेको छु त भनेर अरुलाई भन्न नमिल्ने साथै त्यसमा छक्कापञ्जा वा ठगी कार्य कहिँकतै पनि हुन भएन यानिकि समस्तिगत रुपमा काम पारदर्शी हुनु अति जरुरी छ ।

३. **झण्डा**ः झण्डा अथवा ध्वःजा इज्जतको प्रतिक हो । आफुले गर्ने कर्मले आफ्नो इज्जत बढ्नुपर्यो । आफुले गरेको जथाभावी कामका कारणबाट आफुले र परिवारले शिर झुकाउन’ पर्ने असहज अवस्था आउनुभएन । आफ्नो कामप्रति गर्वका साथ स्वाभिमानका साथ सबैका अगाडि प्रस्तुत हुन सक्नुपर्यो ।

४. **कलश**ः कलश अथवा अमृत जल राख्ने भाँडो सम्पूर्णताको प्रतिक हो । अमृतको अर्थ दिर्घायु हुने पवित्र जल हो । आफुले गरेको कामले आफु, आफ्नो घर परिवार, आफन्त पालनपोषण र समाजसेवा गर्नसक्नुपर्यो र त्यसले आयु बढ्नुपर्यो । आफुले गरेको कामबाट झन् झन् आफु र आफ्नो सेरोफेरो बिग्रनु भएन ।

५. **चमर**ः चमर अथवा च्वाम्वः स्वागत सत्कारको प्रतिक हो । हामीले गर्ने कामले उच्च स्थानसम्म पुगेर सम्मानजनक जीवन व्यतित गर्नका लागि विभिन्न व्यक्तिहरुसँग सम्पर्क राख्नेपर्ने हुन्छ, र सम्बन्धित सबैलाई उचित स्थान दिएर स्वागत सत्कार गर्न सक्नुपर्दछ र सबैबिच प्रिय बनेर बाच्न सक्नुपर्दछ ।

६. **जोडी माछा**ः दुईवटा माछा वा मत्स्य अथवा न्या संयोगको प्रतिक हो । सबै कामको सफलताका पछाडि हामीले गरेका पूर्व कर्म संस्कार अथवा भाग्यले आधा भूमिका खेलेको हुन्छ भने अरु आधा भूमिका आफुले गर्ने मेहनत र योग्यता नै हो । यही दुई कुराको कारणले जीवनमा कुशल संयोग जुर्न आउँछ ।

जस्तो कि काममा दक्षमात्र भएर भएन, उक्त कामको गुणस्तर बुझ्ने ग्राहक चाहियो, कुरालाई सहि तवरले बुझ्ने र केही भनेको खण्डमा जस्ताको तस्तै हेर्ने बुझ्ने दुई पक्षको भेट हुने संयोग मिल्नुपर्दछ ।

७. **छत्रः** छत्र अथवा कुसाः सुरक्षाको प्रतिक हो । जसरी छाताले पानीबाट बचाउँछ, घामबाट पनि हामीलाई सुरक्षा दिन्छ र त्यस्तै आफुले गरेको काम पनि गलत व्यक्तिसम्म नपुगि सहि स्थानमा पुग्न सक्नुपर्यो । जसले गर्दा आफु लागिपरेको कामबाट हामीमा सरल र सहज जीवन छ है भनेर सुरक्षित महशुस हुन सक्नुपर्दछ ।

८. **शंखः** शंख अथवा शुभ ध्वनिः शुभ सूचनाको प्रतिक हो । ध्वनिले आफुले गरेको कर्मका बारे अन्य आफुले नचिन्ने व्यक्तिहरुसम्म पनि सूचना प्रवाह गर्दछ । त्यसकारणले आफुले गरेको कामबारे बिभिन्न माध्यमले सूचना दिएर सही मानिसहरुको बिचमा आफ्नो कामको प्रचारप्रसार र प्रवर्द्धन गरिनुको अतिरिक्त सम्बन्धित व्यक्तिले उक्त सूचनाको सहि तवरले अनुशरण गर्न सकिने समेत हुनुपर्दछ ।

त्यसैगरी मानौ उहाँले पञ्चबुद्ध कै मूर्ति बनाउँदा पनि त्यस प्रति जिज्ञासु कलाप्रेमी वा कलाप्रशंसकहरुलाई यो प्रतिमालक्षणमा आधारित रहेर भौतिक रुपमा तयार भएको मूर्तिको बाह्य स्वरुपको अतिरिक्त यो दर्शन समेत हो भनेर पञ्चबुद्धको बृहत स्वभाव र ज्ञानलाई उजागर गर्न सकिने खुबी उहाँमा विद्यमान थियो । यस्ता सबै कुरामा मनन गर्न सक्नु कुशल कलासाधक वा कलाकारमा हुनु पर्ने नितान्त आवश्यक गुण हो । यी मध्ये कुनै कुरामा मात्र हाम्रो बुझाईमा कमिकमजोरी हुने हो भने कामको अलावा जीवन नै असफल हुन सक्दछ । यस्ता परम्परालाई जीवनमा सहि दर्शनका साथ अवलम्बन गर्ने हो भने समग्र समाज समेत लाभान्वित हुने गर्दछ । यसको सफल उदाहारणका रुपमा स्वयंलाई विश्व सामू प्रस्तुत गर्न सकेका कलाकार राजकुमार शाक्यले आफु र आफु बाँचेको परिवेशलाई परम्परागत कामप्रति सर्वथा सकारात्मक लहर पैदा गरेर गयो । यति ठूलो उपलब्धि समेटिसक्दा पनि राजकुमार शाक्यमा केही थप ज्ञान हासिल गरिरहने विशेष हुटहुटी म सधै देख्थे । हामी काम त गर्न जान्ने भयौं तर कुन काम किन गरिरहेका छौ भनेर थाहा नभईरहेकोले हामी सबैको

अगाडि क्षमतावान दक्ष कलाकार हुन सकिरहेका छैनौ भनेर भन्नुहुन्थ्यो । हामी काममा सदैव अध्ययनशील भईरहन सक्नुपर्छ भन्ने उहाँको मान्यता सँग म सधै आश्चर्यचकित हुने गर्दथे ।

कवि शिरोमणि लेखनाथ पौड्यालको रचना कालमहिमा कविताबाट साभार गरिएका शब्दहरु यसरी बगेको छः "आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ! लाखौं औषध अस्त्रशस्त्र महिमा देखेर डर्दैन त्यो ! व्याधातुल्य लुकेर चल्दछ मारेर मर्दैन त्यो ! इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो !" पक्कै पनि जीवनसँगै साथ लागेर आउने मृत्युलाई न कसैले छेक्न सक्छ न कसैले टार्न सक्छ। तर पनि एक विशिष्ट कलासाधकको अकल्पनीय आकस्मिक अवसानबाट समस्त कलाजगत लगायत म कलाप्रेमी एवं कलाअध्येता अत्यन्तै स्तब्ध छु । श्रद्धेय कलाकार राजकुमार शाक्यप्रति अन्तरहृदयदेखि भावपूर्ण श्रध्दाञ्जली अर्पण सहित शिघ्र महापरिनिर्वाणका निमित्त हार्दिक कामना गर्दछु। यस अथाह पीडामा डुबेको अवस्थामा अनित्यको मर्मलाई हृदयङ्गम गर्दै यस वियोगलाई आत्मसात गर्न सकिने दैविय असिम साहस र हौसला परिवारजनमा प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। विश्वस्तरमा ख्यातिप्राप्त यस्ता मूर्धन्य धातुमूर्ति हस्तकलाकार मृत्युपर्यन्त पनि अजरअमर भई सदैव सबै माझ सधै जीवित रहि नै रहनेछ।

अन्तमा, आफ्नो लागि त यहाँ सबै बाचेका हुन्छन्  तर वास्तविक जीवन त राजकुमार दाईको जस्तो पो हुनु पर्छ भन्ने मलाई लागेको छ । निःसंदेह, जीवन नाशवान र क्षणभङ्गुर छ, तर पनि सत्कर्मद्वारा यसलाई अमर बनाउन सकिन्छ भन्ने सत्यताको ज्ञान राजकुमार शाक्य कै जीवनबाट हामीले सिक्न सक्दछौं । जसले आफ्नो सिप र बौद्ध दर्शनबाट प्राप्त सहि व्यावहारिक ज्ञान मार्फत आफ्नो समाजिक परिवेश, कला, संस्कृति, सम्पदा, धर्म र दर्शनको उत्थान, सेवा र सम्मान गर्ने प्रयासमा जीवनभर निरन्तर लागिरहनु भयो । दक्ष कलाकार राजकुमार शाक्यका सयौं अद्भूत कलाकृतिको अतिरिक्त विशेषतः भुटानको गुरुपद्मसम्भवको रचना पश्चात स्वतःस्फूर्त सबैले उहाँको उत्कृष्ट कार्यसम्पादनको उच्च कदरस्वरुप २१ औं शताब्दिका आधुनिक अरनिको भनेर सम्बोधन गरेका छन् । अरनिको कै मूलधारलाई अनुसरण गरेर आधुनिक

अरनिकोको उपनाम पाएको हो भनेर कसैले भन्छ भने त्यो भनाईले उहाँको योग्यतालाई सहि तवरले न्याय गर्न नसकेको ठहरिनेछ। उहाँसँग प्रत्यक्ष सम्पर्कमा रहँदा मैले बुझे अनुसार वास्तवमा उहाँले त परम्परागत कर्म र बौद्ध दर्शनको समिश्रण गर्दै आफ्नै मौलिक फरकधारबाट छुट्टै मार्ग पहिल्याउँदै जीवनमा आईपरेका अनेकौं आरोह अवरोहहरुमा दत्तेर अगाडि बढेको देखिन्छ। अन्तिम घडिसम्म पनि कलाकृतिको चिन्तनमनन मै व्यस्त हुँदै यस नश्वर देहलाई सदाका निम्ति त्याग गरेर जानुभयो । यो अल्पविरामलाई पूर्णता प्रदान गर्नका निमित्त अब अझै अपूर्व पृथकधार सहितका नवयुगिन अरनिकोहरु तथा नवयुगिन र ाजकुमारहरू निरन्तर जन्मिदै जाओस् यस सुन्दर कलात्मक धर्तीमा भनेर हार्दिक कामना गरौं । त्यस्तो हुन सकेमा मात्र नितान्त फरकधारका साथ आफुलाई आधुनिक अरनिकोको उपनामले विभूषित गराउन सफल सिद्धहस्त कलाकार राजकुमार शाक्यको अन्तरमनले चिरस्थायी रुपमा सन्तोषको सुखान्त सास फेर्न सम्भव हुनेछ ।

शालिन, सरल एवं छोटो तर पूर्णतः सिर्जनामय जीवन बाच्ने कलाकार राजकुमार शाक्य जस्ता समस्त उच्चतम विन्दुका सर्जकहरुका निमित्त एउटै सानो सरल कृतिमा “पूर्ण संसार“ र “त्यस शकल“मा “स्वस्थ आकार“ खोज्ने राष्ट्रकवि माधव प्रसाद घिमिरेद्वारा रचित काव्यमर्मले भरिपूर्ण उहाँ कै जीवन दृष्टि समेत मिश्रित एक हरफ शाब्दिक अभिव्यक्ति यसप्रकार छन्ः

*मेरो शिल्पी यस शकलमा स्वस्थ आकार देऊ,*
*यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ।*

भवन्तु सर्व मङ्गलम् ।

♦

# Rajkumar Shakya; a personal remembrance



*Maureen Drdak**

In 2009, I first stood on the doorstep of the familial home of Rajkumar Shakya, son of Rudra Raj, in Okubahal, Patan. As a foreigner, a woman, and a complete metalworking neophyte, I was seeking the approval to apprentice myself to a family of master repousse artists whose legacy stretched back to 1564 A.D. with the establishment of the Mahabouddha temple in Patan. To say that I was nervous and excited is a profound understatement. Yet despite this—or perhaps because of it—Rajkumar generously welcomed me into his home and family, and effectively his family's history.

It is no exaggeration to say that Rajkumar Shakya's reception of me and his opinion of my work determined the course of my art for the foreseeable future; the pursuit of that path ultimately led to my 2011 Fulbright Fellowship and my pioneering work in establishing the first synthesis of repousse metalwork and painting. It was Rajkumar who generously provided me with his signed official invitation to study with the family atelier that helped secure for me that life-changing grant. It is this memory, the reverence in which I hold his family's legacy, my continual discovery and esteem for this practice, and my deep affection and respect for his memory, his family, and the dedicated and talented artisans with whom I've had the privilege of working, that drive me forward in the continued creative exploration of that path. But the vision that brought me to Rajkumar's doorstep began in 2005 when I had first come to Nepal, and where, for

**2011 Fulbright Fellow for Art in Nepal*

the first time I beheld the magnificent gilded repousse toranas of the Kathmandu Valley. The light flickering on the golden tissue thin remains of once thickly fire-gilded surfaces and the underlying chromatic complexities of the resulting patination of the gorgeous repousse forms presented a uniquely mesmerizing visual experience. What was the process, and who were the artists who created such opulent beauty!? It was the unforgettable experiences of this beauty created by unknown Newar masters, that inspired within me the questionable possibility of combining repousse metalwork with painting.

In order to answer that question, I needed to identify and locate the finest living practitioners of the form. An intense internet search ensued which provided an article written by the late preeminent expert on Newar art, Dr. Mary Slusser; the masters I was searching for were the grandsons of the celebrated historic master Kuber Singh Shakya—the eldest son was Rajkumar, who with his brothers Rabindra and Rajendra, owned and operated the familial atelier in Imadol. Described by Dr. Slusser as an "art of the cognoscenti," the extremely demanding nature and technical challenges of the practice made me momentarily hesitate. But I wrote to Rajkumar with my wild notion, and to my eternal gratitude, he generously invited me to his home. But before he agreed to apprentice me, he first would have to examine my work and render his verdict.

Knowing this family's excellence in the creation of images of the gods, I had prepared a folio of my best representational work to assure them of my professional bone fides. I remember being submerged in the melodious sounds of Newa bhasa as an earnest discussion with his brothers Rabindra and Rajendra ensued, accompanied by an intense scrutiny of my work and examination of my intentions. After what seemed to me to be an eternity, Rajkumar smiled, approved my request, and indicated that due to a large project which commanded his full attention he was assigning the supervision and tutelage of me to his brother Rabindra, who has since become in every creative respect my treasured guru, colleague and friend. I returned to my apartment that evening, feeling as if I had entered a dream from which I did not want to awaken.

In the days and years following that first historic meeting with Rajkumar, my life continued to be influenced and blessed by his generosity. Innumerable memories of his kindness, inspiration and warmth fill my mind and heart. Though preoccupied and deeply involved with the family's many important commissions, he never forgot to check in with my progress in the atelier, share insights and guidance on my work, and most importantly, impart his unflagging encouragement. My technical progress with the most demanding practice of repousse (thwojya-majya) was, to be generous with myself, initially quite fitful and uneven; Rajkumar's enthusiasm and optimism were often the only things that kept me from "throwing in the hammers"!

I finally exhibited my Fulbright work--along with my guruji Rabindra--at our joint exhibition, "Eternal Visions—Contemporary Forms," at Siddhartha Art Gallery in 2012. Rajkumar honored my work with his expressed desire to be photographed with both me and Rabindra in front of my statement work, "The Flying Nagas." The acknowledgement of such a great Master for my work and achievement was very generous, and characteristic of Rajkumar. This important landmark in my creative life—one that has directed and informed my work to the present day-- simply would not have been possible without Rajkumar's support, encouragement and affirmation.

Though the family's reception of me depended upon Rajkumar's initial approval and acceptance, the family has embraced me in so many ways that they have become, truly, my Newar family. And by extension, my respect and affections for the dedicated and wonderful artisans who create within the family's three ateliers—and the rich experience of working with them—are one of my life's greatest joys.

So many memories flood my mind and heart. One of my most delightful remembrances was a day trip to Nuwakot with Rajkumar and Rabindra. Starting out early and climbing the rugged path to the fortress was breathtaking and the experience of the historic buildings was simply unforgettable. I remember Rajkumar emphasizing the immense massive thickness of the fort

walls with his outstretched arms, good naturedly admiring and acknowledging the achievements of earlier craftsmen regardless of the contentious history involved—a gesture that especially impresses me in these divisive times. The memory of him standing and smiling with his arms outspread was, in retrospect, a gestural metaphor for the measure of the man. Following the all-too-brief tour of this historic Newar town, we stopped for dinner at a trout farm where we took in the beauties of Nepal's luxurious hill county; a beautiful closing for an unforgettable day, one which often resurfaces in my mind when enjoying an especially lovely sunset in the hill country.

Another memory of Rajkumar is of his 2011 Dashain home visit and later return to the site of his greatest creation, the colossal repousse Padmasambhava in Takela, Bhutan. Dashain is my favorite festival and the family celebration and bhoj were especially warm and intense. I remember the sadness but tremendous pride with which Rajkumar was seen off, along with those artisans who had accompanied him, and sallied forth into art history. I have photos of that departure which I treasure…but most touching for me was my inclusion with such warmth in this emotional family event.

One of the most beautiful and deeply personal memories of my life was my inclusion in the women's procession of Rajkumar's father Rudra Raj's in his eighty-eighth janku celebration. My heart is perpetually moved by every remembrance of that honor, and the warmth of that familial embrace remains one of my most treasured memories, magnified by the recent tragic passing of Rudra Raj. It was Rudra Raj who, though laboring in relative obscurity, had the strength; vision and determination to train all three sons in his ancient and celebrated art form, thus ensuring the line of masters dating from 1564 A.D. remain unbroken, ensuring its survival and flourishing into the future.

Rajkumar was a man of tremendous talent and intense ambition. His work to bring to completion the repousse colossus of Padmasambhava in Bhutan was arguably the crowning achievement of his life, and a cultural landmark for Nepal. It is important to mention here that the credit for this achievement

must be shared among the Rajkumar's brothers Rabindra and Rajendra—and the exceptionally talented artisans--without which this majestic achievement would not have been possible. But the superlative talent, skill and dedication, and the immense organizational acumen of Rajkumar in directing this creation and bringing it to full completion must be fully recognized and celebrated. It is ultimately the extraordinary vision of Rajkumar Shakya that places him among the very greatest Newar masters; he truly does walk in the footsteps of the illustrious Newar Master Arniko. His creative achievements present not only a vision but provide the groundwork for the expansion of new and ever more pioneering pathways for his family. These pathways will be traveled by his brothers and sons, and that vision will illuminate their way as they pursue ever greater heights of Newar repousse in fulfillment of their illustrious destiny of giving form to the gods in blazing copper and shimmering gold.

♦

# श्रद्धेय गुरुवर राजकुमार शाक्य



उजय बज्राचार्य

"थैनाय् च्वम्ह राजकुमारं महाबौद्धय् मण्डः च्वया तगु गपायूसकं बाँलाका" अर्थात "थैना निवासी राजकुमारले महाबौद्धमा बनाएको मण्डल कति धेरै राम्रो" भनेर मेरो पुजनीय माताले महाबौद्ध मन्दिरमा बिहानको पूजाआजा गर्ने क्रममा त्यहाँको दृश्य अवलोकन गरेर फर्किसकेपछि अति हर्षित हुँदै गर्नु भएको चर्चा मलाई आजको दिनमा पनि सम्झना छ । आजभन्दा करिब २८ वर्ष अगाडि नेपाल सम्बत् अनुसारको नववर्षको उपलक्ष्यमा स्थानीय संस्थाको आयोजनामा उहाँकै डिजाइन र निर्देशनमा पाटन ओकुबहालमा अवस्थित प्रख्यात महाबौद्ध मन्दिर परिसरको दबलीमा कलात्मक रंगीन बिशाल आकारको मण्डल बनाउनु भएको रहेछ । जुन मैले अवलोकन गर्न नपाएको भएपनि आमाको मुखारविन्दुबाट निस्केको "राजकुमार शाक्य" नाम भने मेरो मानसपटलमा अमित रहिरह्यो ।

नेपालमण्डलका नेवारहरुले आफ्नो पूजा परम्परामा म्हःपूजा मण्डल, गुरु मण्डल जस्ता अनेकन प्रकारका चुर्णले बनाइने मण्डलहरुबारे सबै परिचित भएपनि यस किसिमको ठूलो आकारको मण्डल सार्वजनिक रुपमा प्रदर्शित भएको मेरो अनुमानमा त्यो नै सम्भवतः प्रथमपटक हुनपर्दछ । यसरी उहाँद्वारा थालनी गरिएको धार्मिक र कलापूर्ण यस क्रियाकलापले नववर्षको उपलक्ष्यमा बिभिन्न विहार, बहिल र सार्वजनिक महत्वका धार्मिक स्थलहरुमा मण्डल बनाउने चलन कै रुपमा हालसम्मपनि उहाँका प्रशिक्षार्थीहरुले निरन्तरता दिईरहेको पाईन्छ । उहाँ कै अगुवाइमा नेपाल भ्रमण वर्ष १९९८ को अवसरमा आयोजना गरिएको ललित महोत्सवमा अक्षेश्वर महाविहारमा तयार गरिएको "गुह्यसमाज मञ्जुबज्र

मण्डल"को दृश्यावलोकन हजारौं दर्शकले गरिनुलाई नेवार कलाजगतमा ऐतिहासिक घटनाको रुपमा मुल्याङ्कन गर्न सकिन्छ ।

श्रद्धेय राजकुमार शाक्य धातुताम्रपत्रबाट निर्मित अद्वितीय साना-ठूला मूर्तिहरुका कारण सबैतिर सुपरिचित हुनुहुन्छ । म स्वयं कलाक्षेत्रमा बाल्यकालदेखि लागिपरेको भएतापनि राजकुमार शाक्य जस्तो विलक्षण प्रतिभासँग मैले वि सं २०५५ सालमा बौद्ध विहार संघद्वारा संचालित कला प्रशिक्षण लिने चित्र तथा मूर्तिकला प्रशिक्षण व्यवस्थापन समितिको कक्षमा मात्र प्रत्यक्षरुपमा भेट्ने अवसर पाएको थिए । यसरी मेरो प्रथम भेटमा देखिएको मधुर मुस्कान सहितको प्रख्यात हस्तमूर्तिकार नै अन्ततः मेरो प्रिय श्रद्धेय गुरुवरका रुपमा जीवनमा पाएर म जीवनपर्यन्त धन्य भएको छु । यसरी सबैको प्रिय पात्रको शिष्य हुन पाउनुले म आफैलाई सौभाग्यशाली ठान्दछु ।

म यस पौभा कलाकारिताको क्षेत्रमा स्थापित हुन सक्नुमा बिशेष श्रेय गुरुद्वय श्रद्धेय राजकुमार शाक्य र श्रद्धेय डी बि लामाज्यूलाई जान्छ । यस औपचारिक प्रशिक्षण कक्षामा उहाँहरुसँग व्यतित समयले गर्दा मेरो जीवनले निकै नै सकारात्मक मोड लिएको छ । त्यो त्यस्तो समय थियो जुनबेला "आफुमा भएको सिप र कला अरुलाई बाध्न हुँदैन, त्यसले व्यवसायमा प्रतिकुल असर पर्दछ" भन्ने सोच व्याप्त रहेको बेला उहाँले प्रशिक्षण मार्फत चालेको कदमले वास्तवमै नेपाली कलाको विकासमा अत्यन्त ठूलो फड्को मार्न सफल भएको छ । यसप्रकार परिवारमा मात्र सिमित सिपलाई प्रशिक्षण कार्यबाट नयाँ कलाकारहरुलाई हस्तान्तरण गर्नु पक्कैपनि चुनौतिपूर्ण र साहसिक कार्य त थियो नै साथमा महान सह्रानिय प्रयास समेत ठहर भयो । यसैबाट दिक्षित धेरै कलाकारहरु हालको समयसम्ममा छुट्टै सफल पहिचान सहित स्थापित भईसकेका छन् । साथै हजारौं व्यक्तिहरुले जिविकोपार्जनको मूलधारको पेशाको रुपमा यस क्षेत्रलाई अवलम्बन गर्न सक्षम हुनुले उहाँको योगदान चिरकालसम्म स्मरणीय रहनेछ । म जस्ता उहाँको समिपमा रहेका कलाकारहरुको वृत्तमा नेपालको कला, संस्कृति संरक्षण तथा संबर्द्धनका निमित्त उहाँका सृजनशील कलाशैली लगायत कार्य योजना, व्यवस्थापन, कार्य सम्पादन एवं दुरदर्शितापूर्ण कार्यको चर्चा परिचर्चा सधै हुनेगर्दथ्यो । जुन जो कसैले उहाँबाट उत्प्रेरित हुँदै अनुशरण समेत गर्नका

लागि सधै हामीलाई उहाँ स्वयं हौस्याईरहनुहुन्थ्यो । यसरी उहाँले आफ्नो कला र सिपका अतिरिक्त कलालाई उचित तरिकाले प्रस्तुत गर्ने शैली र ज्ञान समेत खुल्ला हृदयले निस्वार्थरुपमा प्रदान गर्नुहुन्थ्यो । जसका लागि म हमेशा उहाँप्रति ऋणी रहनेछु ।

उहाँले ज्ञान बाड्ने क्रममा म केही फरक प्रसंगहरु पनि जोड्न चाहन्छु ता कि उहाँमा काम बाहेकका पनि थुप्रै ज्ञान बाड्ने खुबी थियो भन्ने बारे उहाँसँग नगिचमा रहेर व्यवहार नगरेकाहरुलाई पनि जानकारी हुनेछ । हामीलाई प्रशिक्षण अवधि भरमा उहाँले कलाका ज्ञानहरुको अलावा व्यवस्थापन पक्षका अन्य ज्ञानहरु पनि ठट्यौली शैलीमा सिकाउने गर्नु हुन्थ्यो । उहाँले भन्नु भएका केही कुराहरु अझै पनि मलाई याद छ ।

एक दिन कक्षामा आउने बित्तिकै हाम्रो सामू एउटा प्रश्न राख्नु भयो । यदि कसैले आज १ पैसा, भोली त्यसको दोब्बर २ पैसा, पर्सि त्यसको पनि दोब्बर ४ पैसा गर्दा गर्दै १ महिना सम्म जम्मा गर्न दिनुस् । अनि १ महिना पछि रु १० लाख दिन्छु अनि जम्मा भएको रकम मलाई दिनुस् भनेर उसले भन्यो भने के गर्छ होला ? हिसाब नगरि एकिनका साथ भन्न त पक्कै पनि अप्ठ्यारो छ । तर पनि तुलनात्मक रुपमा रु १० लाख ठूलो रकम भएकोले प्रायले त्यो रकम लिन्छु भन्छ । सायद तपाईहरु पनि त्यस्तै गर्नु हुन्छ होला है । तर हिसाब गरी हेर्यो भने १ महिनामा आउने वास्तविक कुल रकम त निकै अथाह हुन आउँछ । यसलाई तपाईहरु पनि निकालेर हेर्न सक्नु हुन्छ । यसकारण सहि व्यवस्थापक यस्तो कुरामा चनाखो हुने गर्दछ । सायद हामी मध्ये धेरैले यस्तै गल्ती गरिरहेका हुन्छौ भनेर उहाँले हामीहरुलाई अप्रत्यक्ष रुपमा हामीले हाम्रो व्यापार व्यवसायको कारोबार गर्दा व्यवस्थित हिसाबकिताबको लेखा राख्नु कति धेरै आवश्यक हुन्छ भनेर सधैको लागि मनमस्तिष्कमा छाप नै पर्ने गरी सम्झाउनु भएको कुरा साचो अर्थमा हामी सबैको लागि समेत जीवनमा अत्यन्त मननयोग्य छ ।

त्यसैगरी अर्को एउटा प्रसंगको कुरा गर्नुपर्दा उहाँ हरेक कार्य सफल हुनका लागि हाम्रो कुरा प्रस्तुत गर्ने शैलीले पनि निकै प्रभाव पारेको हुन्छ भन्नु हुन्थ्यो । आफ्नो प्रस्तुतिकरणले गर्दा पनि “हुन्छ“ लाई “हुन्न“ अनि “हुन्न“ लाई “हुन्छ“

मा परिणत गर्न सकिन्छ भनेर बुझाउन ठट्यौली शैलीमा एउटा दृष्टान्त यसरी प्रस्तुत गर्नु भएको थियो । दुई जना अति मिल्ने साथीहरु, जो अत्याधिक धुम्रपान गर्नु पर्ने खालका थिए। एक दिन दुवैको सद्‌बुद्धि आए अनुरुप धुम्रपान त्याग्नका लागि ध्यान बस्न जाने निधो गरे । ध्यान बस्ने क्रममा अत्याधिक लत लागेका दुवैलाई असह्य भएर दुवैको आपसी सल्लाहमा गुरुलाई आफ्नो जिज्ञासा राख्न जाने निधो गरे । गुरुजीसित धुम्रपानको लागि आज्ञा लिन पुगेका पहिलो व्यक्तिलाई गुरुजीबाट "हुदैन" भन्ने प्रतिक्रिया आएको जनाए पश्चात अर्को व्यक्ति पुनः गुरुजीसित अनुमति लिन पुगे र धुम्रपान गर्न मिल्ने कुरा लिएर आए। यस्तो सकारात्मक प्रतिक्रिया पाएको सुनेर अच्चम्मित भएर आ-आफ्नो संवाद एक अर्कालाई सुनाउन थाले । पहिलो व्यक्तिले गुरुजीलाई "ध्यान बस्दा धुम्रपान गर्न हुन्छ?" भनेर सोधेको रहेछ र प्रतिउत्तरमा "हुदैन" भन्ने जवाफ पाए, तर दोश्रो व्यक्तिले "धुम्रपान गर्दा ध्यान बस्नु हुन्छ?" भनी सोधेको रहेछ र प्रतिउत्तरमा "हुन्छ" भन्ने जवाफ पाएका रहेछन् । यसरी उहाँले यस्ता उदाहरणहरु दिएर उचित वाक शैलीको सहि स्थानमा सहि तवरले उपयोग गर्न सकेमा व्यावहारिक र पेशागत जीवनमा यसले अधिक सफलता दिने बारेमा पनि समय समयमा यसप्रकार अवगत गराईरहनु हुन्थ्यो ।

उहाँ अत्यन्तै सरल व्यक्तित्वका धनी थिए। प्रशिक्षण समयमा हामी उहाँलाई सर भनी सम्बोधन गर्दथ्यौं। तर उहाँलाई सर भनेर सम्बोधन गर्दा लाज लाग्छ, त्यसैले "दाई" भने हुन्छ भन्ने उहाँको ईच्छा अनुरुप हामी सबैले "राजकुमार दाई" भन्न थाल्यौं । मेरो विवाह परम्परामा लमिको महत्वपूर्ण भूमिकामा समेत रहेका उहाँलाई पछि पनि मेरो वैवाहिक जीवनको शुरुवात सँगसँगै नाताले उहाँ मेरो "फुपाजु" परे तापनि म दाई नै भन्ने गर्दथे । यसरी मेरो नयाँ जीवनको थालनीसँगै यस्ता प्रतिभाशाली, मिलनसार अनि उदार व्यक्तित्वका धनी व्यक्तिसँग पारिवारिक सम्बन्ध पनि गाँसिए लगत्तै उहाँको सहृदयी र सहयोगी व्यवहारको प्रत्यक्षदर्शी हुनुको अनुभव समेत समेट्ने सुअवसर जुर्यो । प्रायजसो पारिवारिक जमघटमा गीत गाउँदै रमाईलो गर्नुपर्ने गायनका अति सौखिन उहाँको घरायसी व्यावहारिक क्रियाकलापहरुमा लिने अग्रसरता र मार्ग निर्देशन झनै प्रभावकारि भएको मैलै महशुस गरेको थिए ।

मानव भएर जन्म लिए पछि आफु र आफ्नो परिवार भन्दा बाहेकका इष्टमित्र, छिमेकी, टोल समाज, दुःख वा समस्यामा परेर अध्यारो जीवन बिताईरहेकाहरुलाई पारिलो घाम सरह बनेर समग्र समुदायको हितका लागि आवश्यकता अनुसार सक्दो योगदान दिनुपर्छ भन्नेमा सधै प्रयासरत उहाँलाई बौद्ध धर्मदर्शनमा व्याख्या गरिए अनुसारका बोधिसत्व अर्थात मानवरुपी लोकेश्वरका रुपमा यस धर्तिमा जन्मिनु भएको छ भनेर मैले वर्णन गरे भने अत्युक्ति नहोला भन्ने मलाई लाग्दछ।

यस्ता महान हृदय भएका सृजनशील व्यक्तित्वको अल्पायूमै भएको निधनले कलाक्षेत्रमा मात्र नभई समस्त समाजमा नै अपूरणीय क्षति पुगेको छ। समाजमा अत्यन्तै सकारात्मक प्रभाव छोड्न सफल उहाँको जीवन छोटो नै भएपनि निकै अर्थपूर्ण र सार्थक रहेको मेरो बुझाई छ।

उहाँले कला मार्फत उज्यालो प्रकाश छर्दै थ्वज्याः माज्याःलाई उच्च तहमा पुर्याएर देशलाई विश्वसामू चिनाउन सफल हुनुभयो। यस्ता योगदानबाट सृजित अमूल्य कृतिहरु समस्त मानव सभ्यता र भावी पुस्ताका लागि उहाँका तर्फबाट उहाँकै सुखद झझल्को सहितको अमूल्य उपहार सावित रहिरहनेछ भन्नेमा म विश्वस्त छु। जसले हरहमेशा उहाँ कै सास फेरीरहनेछ र उहाँ कै ढुकढुकीको चाल ती कलाकारितामा अनवरत चलिरहनेछ। कुशल कलाकार, प्रशिक्षक, समाजसेवी र व्यवस्थापकका रुपमा समेत आफुलाई उभ्याउन सफल गुरुवरका कलाकृतिहरु कलाजगतको अमूल्य सम्पत्तिको रुपमा रहिरहने छ। अनि म जस्ता हजारौ शिष्यहरुलाई आफुले देखाएको मार्गमा निरन्तर दत्तचित्त भएर लागिरहन हरदम प्रेरणा प्रदान गरि नै रहनेछ। सायद एक युगमा एक पटक मात्रै जन्मिने महान हृदय, उच्च बौद्धिकता र सृजनशील विचारक श्रद्वेय गुरु राजकुमार शाक्यज्यू र उहाँका कृतिहरु सदा अमर रहुन।


अन्तमा, भावपूर्ण श्रद्धाञ्जलीका साथमा शोकाकुल परिवारजनप्रति अन्तरहृदयदेखि गहिरो समवेदना प्रकट गर्दछु।

♦

# वरिष्ठ मूर्तिकार राजकुमार शाक्यका केही कृतिहरू



*१०० फिट उचाईको स्तुपा - World Expo 2010, चीन*




*११५ फिट उचाईको गुरु पद्‌मसम्भव, भुटान*



*५० फिट उचाईको सिद्धार्थ गौतम बुद्ध, लुम्बिनी*



*१६ फिट उचाईको बुद्ध, चीन*




ISBN 9937-0-9236-1